


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

मंगलबार, पुस २५, २०७४ | Tuesday, January 9, 2018 | www.newsofnepal.com | नेसं ११३८ पोहेलागा ८ | वर्ष २३, अंक ३५५ | पृष्ठ १२ | मूल्य रू. १०/–

# डा. केसी पक्राउ

## 'जेल बस्न तयार छु'

प्रशान्त वली, काठमाडौं

अदालतको अपहेलना मुद्दामा डा. गोविन्द केसीलाई महानगरीय प्रहरी परिसर काठमाडौंले सोमबार साँझ पक्राउ गरेको छ।

सर्वोच्च अदालतले डा. गोविन्द केसीलाई पक्राउ गरी अदालतमा उपस्थित गराउन प्रहरी प्रधान कार्यालयलाई सोमबार अपराह्न आदेश दिएपछि प्रहरीले अनशनस्थलबाटै पक्राउ गरेको हो। अदालतले आज मंगलबार बिहान ९ बजे समय नै तोकेर उपस्थित गराउन आदेश दिएको केही घण्टापछि प्रहरीले पक्राउ गरेको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक रामदत्त जोशीले जानकारी दिनुभयो। डा. केसीलाई महानगरीय प्रहरी बृत्त सिंहदरवारमा राख्ने तयारी भइरहेको प्रहरीले जानकारी दिएको छ। प्रहरीको नियन्त्रणमा रहेका केसीले आफुलाई जहाँ लगे पनि त्यही अनशन बस्ने बताउनुभएको छ।

सर्वोच्च अदालतले आइतबार चिकित्साशास्त्र अध्ययन संस्थानको डिनमा नियुक्त गरेर बर्खास्तीमा परेका डा. शशी शर्मालाई पुनर्बहाली गर्ने निर्णय गरेपछि डा. केसीले प्रधानन्यायाधीश गोपाल पराजुलीलाई भ्रष्टको संज्ञा दिएपछि अदालतले डा. केसीमाथि कडा कारबाही गर्ने संकेत गरेको छ।

सर्वोच्च अदालतका न्यायाधीश डम्बरबहादुर शाहीको एकल इजलासले सोमबार सर्वोच्चको प्रशासनबाट टिप्पणी उठाउँदै दर्ता गरेको निवेदनमा अवहेलनाको मुद्दामा उक्त आदेश जारी गरेको छ। डा. केसीले आइतबार र सोमबार अदालतको मानहानी हुने गरी अभिव्यक्ति दिएको भन्दै सर्वोच्च प्रशासनले आफै टिप्पणी उठाएर इजलासमा पेस गरेको थियो। सर्वोच्चका शाखा अधिकृत नेत्रबन्धु पौडेलले प्रतिवेदन



तयार पार्दै इजलाससमक्ष पेस गर्नुभएको थियो।

प्रशासनले पेस गरेको उक्त टिप्पणीमाथि आदेश गर्दै सर्वोच्चले मंगलबार बिहान केसीलाई सर्वोच्चमा उपस्थित गराउन प्रहरी प्रधान कार्यालयको नाममा आदेश दिएको हो। डा. केसीले प्रधानन्यायाधीश गोपाल पराजुलीको राजीनामा माग गर्दै सोमबारदेखि आमरण अनशन शुरू गर्नुभएको थियो। त्यस क्रममा उहाँले अदालत न्यायको किनबेच गर्ने ठाउँ भएको र पराजुली माफियाको डन भएको प्रतिक्रिया दिनुभएको थियो।

डा. केसीको नाममा जारी भएको विज्ञप्ति र समाचारहरू हेर्दा अदालतको फैसलाविरुद्ध जनमानसमा भ्रम पर्ने गरी न्याय व्यवस्था, न्यायपालिका र न्यायाधीशविरुद्ध अमर्यादित, अशिष्ट र अवहेलनाजनक अभिव्यक्ति उल्लेख भएको पाइएको भन्दै आदेशमा भनिएको छ- 'अदालतको अवहेलनामा किन कारबाही गर्नुनपर्ने हो? निजलाई पक्राउ गरी २०७४ पुस २५ गते अदालतमा हाजिर हुन उपस्थित गराउनू भनी गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयका नाममा लेखी पठाउनू।' अदालतको मानहानीमा दोषी ठहरि एमा न्याय प्रशासन ऐनको दफा १७ को उपदफा १ अनुसार एक वर्ष कैद र १० हजार जरीवाना हुने कानुनी व्यवस्था छ।

डा. गोविन्द केसीले भने आफू पक्राउ परे जेलभित्र बस्न तयार रहेको प्रतिक्रिया दिनुभएको छ। सर्वोच्च अदालतको आदेशपछि केसीले आफ्नो लडाइँ न्यायपालिकाविरुद्ध नभई त्यहाँका भ्रष्ट व्यक्तिविरुद्ध भएको बताउनुभएको केसीका सहयोगी विषद दाहालले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

# राष्ट्रियसभा निर्वाचनको तयारी शुरू

सुनील महर्जन, काठमाडौं

मिति घोषणा गरेलगत्तै निर्वाचन आयोग नेपालले राष्ट्रियसभा निर्वाचनको तयारी शुरू गरेको छ।

सरकारले शुक्रबार राष्ट्रियसभा निर्वाचनको मिति आगामी माघ २४ गते तोकेपछि आयोगले आफ्नो तयारी अघि बढाएको हो। आयोगले अहिले निर्वाचनको कार्यतालिकाको तयारी गरिरहेको छ। आयोगले मंगलबारसम्ममा निर्वाचन कार्यक्रमसँगै कार्यतालिका सार्वजनिक गर्ने आयोगका प्रवक्ता नवराज ढकालले जानकारी दिनुभयो।

कार्यतालिका प्रकाशित भएपछि सातवटै प्रदेशमा मतदाता नामावली संकलन, सबै प्रदेशमा निर्वाचन कार्यालय खोल्ने र उच्च अदालतका मुख्य न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत तोक्ने जनाइएको छ। आयोगका अनुसार यससँगै दलहरूसँग आधिकारिक हस्ताक्षर माग, मतदाता शिक्षा कार्यक्रम सञ्चालन, उम्मेदवारी दर्तालगायतका कार्यक्रमको गृहकार्य भइरहेको छ।

यसअघि आयोगले माघ २५ गते निर्वाचन गर्न सिफारिस गरेको थियो। आयोगले राष्ट्रियसभा निर्वाचनका लागि दल दर्ता गर्न गरेको आह्वान अवधि आज मंगलबार सकिँदै छ।

**नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ लाई ७ वटै प्रदेशका प्रदेशसभा सदस्यको कुल संख्या ५ सय ५० ले भाग गरेपछि आउने परिणामलाई १ हजारले भाग गरेपछि आउने ४८ नै प्रदेशसभाका एक सदस्यको मतभार हो।**

संविधानको धारा ८६ मा राष्ट्रियसभा गठनसम्बन्धी व्यवस्था छ। यसमा ५९ जना सदस्य रहनेछन्। राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट ८ जनाका दरले ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित ३ जना सदस्य हुनेछन्। राष्ट्रियसभा ६ वर्षको स्थायी सदन हुनेछ।

निर्वाचनमा कुल २ हजार ५६ मतदाता रहनेछन्। गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको मेयर र उपमेयर गरी १ हजार ५ सय ६ तथा प्रदेशसभाका सांसद ५ सय ५० रहेका छन्।

राष्ट्रियसभा गठनका लागि संविधानमा प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलको कल्पना गरिएको छ। यो निर्वाचक मण्डलले प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, १ जना दलित र १ जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यकसहित ८ जना निर्वार्चित गर्नेछ। निर्वाचक मण्डलमा प्रदेशसभा र स्थानीय तहको मतभार फरक-फरक रहेको छ।

२०६८ सालको जनसंख्यालाई प्रदेशसभाका कुल सदस्यले भाग गरेर प्रदेशसभाको मतभार लिइएको छ। गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखको कुल संख्यालाई २ ले गुणा गरी त्यसले जनसंख्यालाई भाग गरेर आउने परिणाम स्थानीय तहको मतभारका रूपमा लिइएको छ। सोहीअनुरूप सबै प्रदेशका सदस्यको मतभार एउटै हुने भएको छ भने स्थानीय जनप्रतिनिधिको सवालमा पनि सबैभन्दा धेरै मतदाता भएको काठमाडौं महानगरपालिकाका मेयरको मतभार र दुर्गम गाउँपालिकाका प्रमुखको मतभार एउटै कायम गरिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# पार्टी एकता छिट्टै

पुष्कर बुढाथोकी, भक्तपुर

नेकपा एमालेले माओवादी केन्द्रसँग छिट्टै पार्टी एकता अगाडि बढाउने निर्णय गरेको छ। सोमबार बालकोटस्थित एमाले अध्यक्ष केपी शर्मा ओलीको निवासमा उहाँकै अध्यक्षतामा बसेको स्थायी कमिटी बैठकले छिटो पार्टी एकताको कामलाई टुंग्याउने बैठकले निर्णय गरेको पार्टीका सचिव तथा प्रचार विभाग प्रमुख योगेश भट्टराईले जानकारी दिनुभयो।

एमालेले माओवादी केन्द्रसँग पार्टी एकताका लागि पद बाँडफाँड र वैचारिक मतभेद टुंगो लगाउन आवश्यक परे कार्यदलसमेत बनाएर अघि बढ्ने र छिट्टै पार्टी एकता अगाडि बढाउने निणय गरेको छ।

सचिव भट्टराईले भन्नुभयो- 'भोलि पार्टी एकता संयोजन समितिको बैठक बसेर पार्टी एकताका निम्ति आवश्यक पर्ने सैद्धान्तिक, वैचारिक र संगठनात्मक आधारलगायत यसको व्यवस्थापनको सन्दर्भमा प्रस्ताव र एकता संयोजन समितिले कार्यदल बनाउने र त्यसले प्रस्तावसमेत बनाएर पदलगायत आवश्यक व्यवस्थापन गर्ने निर्णय भएको छ।'

मंगलबार बालकोटमा बस्ने पार्टी एकता संयोजन समितिले माओवादी र एमालेका तर्फबाट नेताहरू सम्मिलित गराई कार्यदल बनाउने निर्णय गरेको एमालेले जनाएको छ। स्थायी कमिटी बैठकमा नेकपा एमाले र माओवादी केन्द्रको पार्टी एकताका सन्दर्भमा पछिल्ला दिनमा भएका प्रगति बारेमा अध्यक्ष ओलीले बैठकसमक्ष जानकारी गराउनुभएको छ।

सचिव भट्टराईले भन्नुभयो- 'दुई पार्टीका अध्यक्षबीच पार्टी एकीकरणको छलफल सकारात्मकरूपमा अघि बढेको छ र पार्टी एकताले गति लिएको छ, त्यो प्रगतिका दिशामा छ। भोलि पार्टी एकता संयोजन समितिको बैठक बसेर पार्टी एकताका निम्ति आवश्यक पर्ने सैद्धान्तिक, वैचारिक र संगठनात्मक आधारलगायत यसको व्यवस्थापनको सन्दर्भमा प्रस्ताव र आवश्यक परे कार्यदलसमेत बनाएर अघि बढ्ने बैठकले निर्णय गरेको छ।'

(क्रमशः पृष्ठ ९ मा)

## माओवादी केन्द्रको रोडम्याप

काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्रले नयाँ सरकार गठनअघि नै नेकपा एमालेसँग पार्टी एकीकरण गरेर जानुपर्ने एजेन्डा तय गरेको छ।

नयाँ सरकार गठन गर्नुअघि नै एउटै पार्टी निर्माण गरेर जानुपर्ने एजेन्डालाई एकता संयोजक समितिको बैठकमा लैजाने भएको छ। माओवादी केन्द्रले एमालेसँग पार्टी एकीकरण गर्दा एक पद एक व्यक्तिअनुसार गर्नुपर्नेमा जोड दिने भएको छ। माओवादी केन्द्रले निर्वाचनअघि भएको ६ बुँदे सहमति र निर्वाचनअघि बनेको वाम गठबन्धनलाई जनताले अनुमोदन गरेको बताउँदै पार्टी एकता नै अहिलेको आवश्यकता भएको बताएको छ।

(क्रमशः पृष्ठ ९ मा)




# तराईका २२ जिल्लामा राहत वितरण गरिने

काठमाडौं, (नेस)

सरकारले तराईका २२ जिल्लामा केही दिनदेखि बढेको अत्यधिक चिसोको मारमा परेका तराईका २२ जिल्लामा सरकारले राहत वितरण गर्ने भएको छ। सोमबार प्रधानमन्त्री शेरबहादुर देउवाको निर्देशनमा गृह मन्त्रालयले चिसो प्रभावित सर्वसाधारणलाई २ करोड २२ लाख बराबरको राहत वितरण गर्ने निर्णय गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

गृह मन्त्रालयले तराईका २२ जिल्लामा एक जिल्ला बराबर १० लाख बराबरको कम्बल, दाउरालगायत न्यानो सामग्री वितरण गर्ने निर्णय गरेको हो। मन्त्रालयले सोमबारै सरकारको मौज्दातमा रहेका कम्बललगायत सामग्री पनि तत्काल ती जिल्लामा पठाउने तयारी गरेको छ।

मन्त्रालयले जिल्लास्थित स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा उक्त राहत वितरण गर्न निर्देशनसमेत दिएको छ। मन्त्रालयले तत्काल केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट उक्त रकम वितरण गर्ने भएको हो।

मन्त्रालयले तराईमा विद्यालयललगायत सार्वजनिक भवनमा बालबालिका र ज्येष्ठ नागरिकलाई न्यानोमा राख्न अस्थायी सेल्टर पनि खडा गर्न सम्बन्धित जिल्लालाई निर्देशन दिएको छ।



प्रभावित क्षेत्रमा तत्काल भरपर्दो उपचारको व्यवस्था मिलाई रोग नियन्त्रणमा लिन सम्बन्धित निकायसँग पहल भइरहेको छ। सबैभन्दा बढी प्रभावित गाउँ मजकोटका एउटै घरमा ३/४ जनासम्म बिरामी परेका छन्।

## जाजरकोटको भाइरल प्रभावित क्षेत्रमा औषधि र स्वास्थ्यकर्मीको टोली बल्ल पुग्दै

# समयमै सरकारले ध्यान नदिँदा ९ को मृत्यु




भगवती तिमल्सिना/काठमाडौं
bgtimilsina@yahoo.com

दीपेन्द्र शर्मा/जाजरकोट
dipendrasm046@gmail.com

नेपालको संविधान २०७२ ले स्वास्थ्यलाई पहिलोपटक नागरिकको नैसर्गिक मौलिक अधिकारका रूपमा उल्लेख गरिएको छ। तर, संविधानमा उल्लेख गरिएका कुरा व्यवहारमा उतार्न सरकारले समयमै पहल नगरेका कारण जाजरकोटमा पुस ५ गतेदेखि फैलिएको भाइरल ज्वरो र रुघाखोकीका कारण ९ जनाको मृत्यु हुनु दुःखद र सरकारका लागि लज्जास्पद विषय हो।

यति बेला सरकारको नेतृत्व गरिरहेका नेताहरू जनमत प्राप्त गरेका व्यक्तिलाई जिम्मेवारी हस्तान्तरण गरेर संविधानमा व्यवस्था भएअनुसार जनताको हक-अधिकार व्यवहारमा उतार्नेभन्दा पनि कुर्सीको भागवण्डामा उत्रिएका छन्। यिनै कारण देशमा भएको वातावरणीय परिवर्तनका कारण फैलिएको सरुवा रोग तथा जाडोबाट कठाग्रिएर मृत्युवरण गर्नेको रोदन सुन्नेसम्म फुर्सद छैन। राज्य टुक्र्याएर प्रदेश बनाउँदैमा जनताको हक-अधिकार सुरक्षित हुन्नरहेछ भन्दै आज पीडित बिरामी छटपटाइरहेका छन्। एक महिनाअघिसम्म गाउँका सारा समस्याको जिम्मेवारी लिने वचन दिएर घरदैलो अभियानमा जुटेका राजनेताहरू आज तिनै जनता रोगले ग्रस्त भई मृत्युको मुखमा पुग्दासम्म चुइक्क बोलेका छैनन्।

देशका हरेक क्षेत्रमा यतिबेला चिसोका कारण कठ्याङ्ग्रिएर र भाइरल ज्वरो तथा रुघाखोकीका कारण मृत्युवरण गरिरहेका छन्। जाजरकोटमा कहिले झाडापखाला लाग्ने त कहिले स्वाइनफ्लु फैलने र रुघाखोकी, ज्वरोका कारण अनाहकमा सर्वसाधारणले ज्यान गुमाउन बाध्य भइरहेका छन्। जाजरकोटको हकमा सरकार यतिधेरै गैरजिम्मेवार छ जहाँ भौगोलिक बनोटका साथै सामाजिक परिवेशले जनताको पहुँचमा स्वास्थ्य संस्था छैन। यस्ता क्षेत्रमा रोगको प्रकोप बढेर मृत्युवरण गरेको खबरलाई समेत ढाकछोप गर्न खोजिन्छ।

जिल्ला स्वास्थ्य कार्यालय जाजरकोटका प्रमुख रामबहादुर नेपालीले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखालाई पठाएको पत्रमा भनिएको छ- 'सञ्चारमाध्यममा प्रकाशित समाचारअनुसार ९ जनाको मृत्यु भनिए पनि ज्वरो रुघाखोकीका कारण ५ जनाको मात्र मृत्यु भएको हो र अन्य ४ जना उमेर पुगेका दीर्घरोगी भएको बुझिएकाले मृतकका घरमा गई सोधपुछ गर्न स्वास्थ्यकर्मी टोली खटाएका छौं।' पुस ५ गतेदेखि जाजरकोटमा संक्रमण फैलिएर बिरामीको मृत्यु हुन शुरू गरेको समाचार सार्वजनिक भइरहँदा सरकारले बेवास्ता गरेकै कारण यति ठूलो संख्यामा बिरामी बढ्नुका साथै मृत्यु भएको स्थानीय जनप्रतिनिधिहरूको गुनासो रहेको छ।

यता स्वास्थ्य मन्त्रालय मातहतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. भीम आचार्य भन्नुहुन्छ- 'जिल्ला स्वास्थ्य कार्यालय जाजरकोटले पठाएको रिपोर्टअनुसार सानोमा ८ दिनको बालकदेखि ठूलोमा ५२ वर्ष र ७२ वर्षसम्मका ५ जनाको ज्वरो र रुघाखोकीका कारण मृत्यु भएको र अन्य ४ जनामा त्यस्तो समस्या नदेखिएको जानकारी आएकाले स्वास्थ्यकर्मीलाई मृतकको घरमै बुझ्न पठाएको जनाएको छ। जिल्ला स्वास्थ्य कार्यालय, मध्य पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयलगायतको स्वास्थ्यकर्मी समेटिएको ३ वटा टोली आइतबारदेखि खटाएको जनाएको छ।'

डा. आचार्य भन्नुहुन्छ- 'यता इपिडिमियोलोजी महाशाखा काठमाडौंबाट आइतबारै एक जना जनस्वास्थ्य निरीक्षक र ल्याब टेक्निसियनलाई आवश्यक उपकरणसहित खटाइसकेका छौं। उहाँहरूले रुघाखोकीबाट ग्रसित बिरामीको न्याल र रगत संकलन गरी सोही ठाउँमा नै परीक्षण गर्नुहुन्छ र रिपोर्टका आधारमा थप उपचार गरिन्छ। दुई सदस्यीय प्राविधिक टोली मंगलबारसम्म जाजरकोट पुगी कामको थालनी गरिसक्ने छन्। यदि एच वान एन वान भाइरस देखिएमा अन्य बिरामी र घर-परिवारलाई समेत थप सुरक्षाका लागि सचेत गराई उपचार थालिनेछ। रिपोर्ट आउन अझै ४/५ दिन लाग्छ। नेपालमा फ्लुको खोप सरकारले भित्र्याएको छैन, निजी क्षेत्रबाट केही समयअघि भित्र्याएर प्रयोगमा ल्याएका हुन्। यसको प्रभावकारिता ६५ प्रतिशतमात्र भएको र महँगो भएका कारण सरकार यो भित्र्याउने निर्णयमा पुगिसकेको छैन।

'जाजरकोटका बारेमा बाहिर जति चर्चा आएको छ यथार्थमा त्यति नभए पनि समस्याको समाधान गर्ने सरकारको दायित्व हो, हामी त्यो काममा तदारुकताका साथ लागिसकेका छौं।' -डा. आचार्यले भन्नुभयो।

यही पुस ५ गतेदेखि जाजरकोटको जुनीचाँदे गाँउपालिकामा फैलिएको भाइरल प्रभावित क्षेत्रमा औषधिसहित स्वास्थ्यकर्मीको टोली शनिबारदेखि खटिएर उपचार थालेका छन्। जिल्ला सदरमुकाम खलंगा र प्राथमिक स्वास्थ्य केन्द्र गर्खाकोटबाट गएका चिकित्सकसहितका स्वास्थ्यकर्मीको टोलीले स्थानीय स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीको सहकार्यमा सबैभन्दा बढी प्रभावित मजकोटबाट उपचार थालेको डा. पवन शाक्यको नेतृत्वको स्वास्थ्यकर्मीको टोलीले बताएको छ।

भौगोलिकरूपमा विकट जाजरकोटका यी क्षेत्रका बस्तीभन्दा स्वास्थ्य संस्था धेरै टाढा भएको र जनचेतनाको अभावले गर्दा बिरामी स्वास्थ्य संस्था आउनै सक्दैनन्। यतिबेला प्रभावित क्षेत्रका घर-घरमै स्वास्थ्यकर्मी पुगेर उपचार गर्ने व्यवस्था मिलाएको जिल्ला स्वास्थ्य कार्यालय जाजरकोटका प्रमुख रामबहादुर नेपाली बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'रोग कुन प्रकारको हो पहिचान भइनसकेको अवस्थामा एकैठाँउमा भीडभाड बढाउनु उपयुक्त नभएकाले बिरामीलाई पायक पर्ने स्थानमा उपचार गर्ने गरी टोली परिचालन गरेका छौं, औषधि झोलामै बोकेर जानसमेत निर्देशन दिएका छौं।'

शनिबार र आइतबार डा. शाक्यको टोलीले स्थानीय भैरव मावि मजकोटको प्राङ्गणबाटै उपचार थालेको छ। गाउँमा डाक्टर आएको जानकारी पाएपछि अन्य रोगले थलिएका बिरामी पनि आएका छन्। 'हालसम्म ५ सयभन्दा बढी बिरामीको उपचार गरिएको र अझै ६ सय जति बिरामीको उपचार गर्न बाँकी रहेको छ।' -डा. शाक्य भन्नुहुन्छ। जुनीचाँदेका १, २ र ३ नम्बर वडाका जुनीचाँदे, मजकोट, बड्कुले, मौगाना, डाँडाकोटलगायतका गाउँमा यतिबेला बिरामीको संख्या अत्यधिक मात्रामा बढेको स्वास्थ्यकर्मीले जनाएका छन्।

जुनीचाँदे गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर केसी भन्नुहुन्छ- 'प्रभावित क्षेत्रमा तत्काल भरपर्दो उपचारको व्यवस्था मिलाई रोग नियन्त्रणमा लिन सम्बन्धित निकायसँग पहल गरिरहेको छु।' सबैभन्दा बढी प्रभावित गाउँ मजकोटका एउटै घरमा ३/४ जनासम्म बिरामी परेका छन्। उहाँ भन्नुहुन्छ- 'भौगोलिक विकटताका कारण स्वास्थ्य संस्था टाढा रहेको र स्वास्थ्य संस्थामा भरपर्दो उपचार नहुँदा बिरामी पहिला स्वास्थ्य संस्थाभन्दा धामीझाँक्रीसँग झारफुकमा जाने गर्छन्।' बिरामी हुनेमा बढीजसो बालबालिका, वृद्धवृद्धा र महिला रहेका छन्। बिरामीमा घाँटी दुख्ने, सुख्खा खोकी, टाउको दुख्ने, हातखुट्टा दुख्ने, चिटचिट पसिना आउने, ज्वरो आउनेलगायतका समस्या देखिने गरेको छ।

स्वाथ्य चौकी बड्कुलेका इन्चार्ज हरिबहादुर सिंह भन्नुहुन्छ- 'मौसम परिवर्तनसँगै चिसो बढेपछि गाउँमा बिरामीको संख्या बढ्दै गएको छ। चिसो बढेपछि बिरामीको संख्या ह्वात्तै बढेको छ। यहाँका बिरामी स्वास्थ्य संस्थाभन्दा झारफुकतिरै बढी विश्वास गर्छन्।'

यता बिरामीलाई समयमा स्वास्थ्यकर्मी र औषधि पुगेन भन्ने गुनासो आइरहेको छ, उता जिल्ला स्वास्थ्य कार्यालय जाजरकोटका प्रमुख भने शनिबार नै प्रभावित क्षेत्रमा प्रयाप्त औषधि पुगिसकेको दाबी गर्नुहुन्छ। मृत्यु भएका भनिएका ९ जनाकै घरमा पुगेर मृत्युको कारण बुझ्न महामारी फोकल व्यक्ति कृष्णबहादुर खत्रीलाई खटाइएको र केही दिनमै वास्तविकता पत्ता लाग्ने बताउनुहुन्छ। चिसो बढेसँगै देखापरेको भाइरलले विद्यार्थीसमेत थलिएपछि केही दिनका लागि प्रभावित क्षेत्रको एक विद्यालय बन्द गरिएको छ। खुलेका विद्यालयमा पनि रोगको त्रासका कारण विद्यार्थीको उपस्थिति न्यून हुन थालेको छ। ज्वरो र रुघाखोकीले धेरै जसो विद्यार्थी बिरामी परेपछि जुनीचाँदे २ मजकोटस्थित भगवती आधारभूत विद्यालय केही दिनका लागि बन्द गरिएको प्रधानाध्यापक मुक्तिप्रसाद शर्माले बताउनुभयो।

भाइरलले जुनिचाँदेमा ५ बालबालिकासहित ९ जनाको ज्यान गएको थियो। जुनिचाँदे गाउँपालिका ३ का ६७ वर्षीय करसिंह टमटा, २ का ५७ वर्षीय आइती तिरुवा, जुनीचाँदे गाउँपालिका २ मजकोटकी ६५ वर्षीया धनसरा नाथ, ७५ वर्षका शतरूप शाहीको र ५ जना बालबालिकाको मृत्यु भइसकेको छ। मृत्यु हुने बालबालिकाहरूमा १ महिनाका २ जना, ७ र ८ दिनका २ जना र ४ वर्षको १ जना रहेका छन्।

रोग के हो र कसरी परीक्षण गर्ने ? दक्ष जनशक्ति, उपकरण, स्वास्थ्य संस्था, औषधि केही पत्तो छैन। स्वास्थ्यकर्मी रोगबाट कसरी सुरक्षित रहने ? अहिलेसम्म कुनै पनि चिकित्सक ढुक्क भएर बिरामीलाई उपचार गर्न सक्ने अवस्थामा नहुनुको मूल कारण नै सरकारको ढुलमुले नीति भएको र आफू सुरक्षित नभई कसरी स्वास्थ्यकर्मीले बिरामीको सेवा गर्न सक्छन् ?

यतिबेला पहिलो चरणमा चिकित्सक स्वास्थ्यकर्मीलाई खोपको व्यवस्था गरी निर्धक्कसँग बिरामीको उपचार गर्न सक्ने मनोबल नभएसम्म कसरी चिकित्सकले जोखिम मोल्ने ? यस्तै खाले ज्वरो, रुघाखोकीका कारण काठमाडौंका महँगा अस्पतालमा भर्ना भई उपचार गराइरहेका एक दर्जन बढी बिरामीको हालसम्म मृत्यु भइसकेको छ। काठमाडौंका ठूला अस्पतालमा त एच वान एन वानका बिरामीको रिपोर्ट हेर्दा कतिपय चिकित्सक त्रसित हुने गरेका थिए। पहिला चिकित्सकको मनोबल बढाएरमात्र यो सामान्य रुघाखोकी हो, उपचार गरे निको हुन्छ, उच्च जोखिम समूहमा रहेका व्यक्तिले समयमै उपचार गराउनुपर्छ भन्ने सन्देशको खाँचो यतिबेला खड्किएको चिकित्सकहरूको धारणा रहेको छ।

गम्भीर प्रकृतिका समस्याको पहिचानका लागि ल्याब परीक्षण गर्ने केन्द्रीय जनस्वास्थ्य प्रयोगशाला टेकुमा मात्र छ यो नै प्रमुख ल्याब हो। र्‍यापिट टेस्टचाहिँ अन्यत्र पनि गर्न सकिन्छ। जाजरकोटमा फैलिएको फ्लु एच वान एन वान हो या एच थ्री एन टु रोग देखा परेको २० दिन भइसक्दासम्म पनि ल्याब परीक्षण नै हुन सकेको छैन। परीक्षण नभएकै कारण अहिलेसम्म कुन रोग लागेको हो एकिन भएको छैन तर अनुमानका भरमा फ्लुको औषधि चलाउन शुरू भइसकेको चिकित्सकहरू बताउँछन्।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुका क्लिनिकल रिसर्च युनिटका संयोजक डा. शेरबहादुर पुन बताउनुहुन्छ- 'यस्ता खाले समस्या देखा पर्नासाथ विकसित मुलुक आतंकित हुन्छन् र अहिले पनि आतंकित छन्।' अस्ट्रेलियामा यतिबेला एच थ्री एन टुको समस्या बढेको र दैनिकजसो यसका कारणको खोजीमा विशेषज्ञहरू जुटेका छन्। पछिल्लो अनुसन्धानले उत्तरी ध्रुवतिर चिसो बढ्दा यो समस्या आउँछ भन्ने पहिचान गरेका छन्। नेपालमा एच वान एन वानको खोप भर्खर चर्चामा आइरहँदा अस्टेलियमा खोप लगाउँदालगाउँदै पनि १० प्रतिशतमात्र प्रभावकारी भएर आत्तिएको अवस्था छ। विगतमा ४० प्रतिशत प्रभावकारी रहेको खोप अहिले आएर १० प्रतिशतमात्र प्रभावकारी हुनु रोगको प्रकृति बदलिनु हो भन्दै विशेषज्ञहरू थप उपचारको खोजीमा लागेका छन्।

'भारतमा अहिले पनि एच वान एन वान (स्वाइनफ्लु) नै बढेकाले नेपालमा पनि यही अनुमान गर्नुपर्ने बाध्यता छ। एच थ्री एन टु नेपालमा पसेको खण्डमा निकै ठूलो मानवीय क्षति हुनुका साथै नराम्रो प्रभाव पर्ने हुन्छ। नेपालमा एच वान एन वान र एच थ्री एन टुको प्रभाव कस्तो हुन्छ भनेर खोजी गरिएकै छैन। भारतमा एच वान एन वान छ। नेपालमा पनि त्यही हुन्छ भन्दै उपचार गरिरहेका छौं', उहाँ भन्नुहुन्छ- 'नेपालमा पनि निजी क्षेत्रमा इन्फ्लुइन्जाविरुद्धको खोप आइसकेको छ। रोगबाट सुरक्षित हुनका लागि उक्त खोप लगाउनु राम्रै हुन्छ। अस्पताल, स्कुल, कलेज, सेना, प्रहरी ठूलो भीडभाड हुने ठाउँमा संक्रमण फैलन सक्छ। खोपको प्रभावकारिता कम भएको गुनासो आएको भए पनि लगाउँदा बेफाइदा हुँदैन केही हदसम्म भए पनि सुरक्षा दिन्छ।'

यो रोग विशेष गरी फोक्सो, मृगौला, श्वासप्रश्वास, एचआईभी एड्स, गर्भवती महिला, सुत्केरी, ५ वर्षमुनिका बच्चा, ६५ वर्षमाथिका वृद्धवृद्धालगायत नियमितरूपमा औषधि सेवन गरिरहेका व्यक्तिहरू जोखिम समूहमा पर्दछन्। स्वास्थ्यका दृष्टिकोणले जोखिम समूहमा पर्ने अन्य व्यक्तिमा चिकित्सक, सुरक्षाकर्मी, सार्वजनिक यातायातका साधनमा यात्रा गर्ने यात्रु तथा चालक, सहचालकसमेत पर्ने गरेको टेकु अस्पतालका क्लिनिकल रिसर्च युनिटका संयोजक डा. शेरबहादुर पुन बताउनुहुन्छ।

### एच वान एन वान र एच थ्री एन टु का लक्षणहरू

- ज्वरो आउने
- घाँटी दुख्ने
- जिउ दुख्ने
- नाकबाट पातलो सिँगान बगिरहने
- पखाला लाग्ने
- खोकी लाग्ने

### रोकथाम कसरी गर्ने

- बिरामी आफू सुरक्षित तरिकाले बस्ने
- भीडभाडमा नजाने
- हात नमिलाउने
- मास्क लगाउने
- खोक्दा र हाच्छिउँ गर्दा रुमालले मुख छोप्ने
- उमालेको पानी पिउने
- सिँगान, खकारलाई जथाभावी नफाल्ने
- तत्कालै स्वास्थ्य संस्थामा गई परीक्षण गर्ने
- चिकित्सकको सल्लाहअनुसार मात्र औषधि सेवन गर्ने
- यस्ता संकेतहरु देखिएमा तत्काल स्वास्थ्य परीक्षण गर्नुपर्छ। परीक्षण नगरी कुन प्रकारको रोग हो भन्न सकिन्न।





# मिस्टर झोलेको कभर भिडियो कम्पिटिसनका विजेतालाई ३ लाख ८५ हजारको पुरस्कार



आगामी शुक्रबार अल नेपाल रिलिज हुन लागेको फिल्म *मिस्टर झोले*को निर्माण संस्थाले फिल्ममा रहेको *ओखती* बोलको कभर *भिडियो कम्पिटिसन*को विजेता घोषणा गर्दै पूर्वघोषित पुरस्कार प्रदान गरेको छ।

राजधानीमा सोमबार आयोजित कार्यक्रममा सो प्रतियोगिताका विजयीहरू घोषणा गर्दै पुरस्कार प्रदान गरिएको हो। प्रतियोगितामा पोखराको क्रिस्टल क्लजले बनाएको भिडियो प्रथम घोषित भयो। प्रथम हुन सफल भएबापत क्लजलाई १ लाख ५५ हजार रुपियाँ पुरस्कार प्रदान गरिएको छ। कन्सेप्ट र पर्फमेन्सका आधारमा क्रिस्टल क्लज उत्कृष्ट ठहरिँदा काठमाडौंको किसन एन्ड डान्स क्रु द्वितीय हुन सफल भएको छ। क्रुलाई पुरस्कारबापत १ लाख २५ हजार रुपियाँ प्रदान गरिएको छ। त्यसै गरी इटहरीको डाइनामिक क्रु तृतीय हुन सफल भएको छ। क्रुलाई पुरस्कारबापत १ लाख ५ हजार रुपियाँ प्रदान गरिएको छ। प्रतियोगितामा २५ भिडियोले प्रतिस्पर्धा गरेका थिए।

'एक महिनाअगाडि घोषणा गरिएको कभर भिडियो कम्पिटिसनमा शुरुआती चरणमा एउटा भिडियोमात्र प्राप्त भएको थियो। तीन पुरस्कार घोषणा गरिएको प्रतियोगितामा एउटामात्र भिडियो आएपछि बाँकी २ पुरस्कार कसलाई दिने भन्ने अवस्था पनि सिर्जना भयो', कार्यक्रममा बोल्दै फिल्मका निर्देशक रामबाबु गुरुङले भने- 'निर्धारित समयसम्म भने २५ भिडियो दर्ता भए। हामीले टिम नै बसेर *कन्सेप्ट* र *पर्फमेन्स*का आधारमा टप थ्री चयन गरेका हौं।'

सिनेमा आर्टको ब्यानरमा टेकेन खड्काको निर्माण र कार्यकारी निर्माता रौनक विक्रम रहेको फिल्ममा दयाहाङ राई, प्रविन खतिवडा, विजय बराल, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, सरोज अर्याल, दिया पुन, वर्षा राउत, अरूणा कार्की, लक्ष्मी बर्देवा, निरू खड्कालगायतले प्रमुख भूमिकामा अभिनय गरेका छन्। रामबाबुकै लेखन रहेको फिल्ममा कालीप्रसाद बास्कोटा र सुजेन कार्कीको संगीत, विक्रम स्वाँरको कोरियोग्राफी, शैलेन्द्रध्वज कार्कीको छायांकन, निमेष श्रेष्ठको सम्पादन र रोहित शाक्यको पार्श्व संगीत रहेको छ।



तस्वीरहरू : रंगराज आचार्य

## लिटिल स्टार अफ द इयर हुँदै



बालबालिकासम्बन्धी प्रतिभामूलक प्रतियोगिता *लिटिल स्टार अफ द इयर* २०१८ हुने भएको छ। प्रतियोगिताका ७० प्रतियोगी अहिले प्रशिक्षणमा छन्।

राजधानीमा आयोजित प्रारम्भिक चरणमा छानिएका प्रतियोगीहरू शिर्ष उपाधि चुम्दै आफ्नो भाग्य चम्काउन गत १८ गतेदेखि नियमित प्रशिक्षणमा जुटिरहेका छन्। प्रारम्भिक चरणको अडिसनमा सहभागी १ सय २० मध्यबाट अन्तिम चरणका लागि यी प्रतियोगी छानिन सफल भएका हुन्। प्रतियोगीलाई प्रशिक्षणमार्फत निखार्ने काम मोडल तथा अभिनेता दिक्पाल कार्की, कुन्ती मोक्तान, कलाकार वीरेन्द्र हमाल, जीवन गिरीलगायतले गरिरहेका छन्।

७ देखि १४ वर्षसम्मका बालबालिकाले सहभागिता रहेको प्रतियोगितामा ७ देखि ९, १० देखि १२ र १३ देखि १४ गरी भिन्दाभिन्दै तीन समूहको विजेता छानिने आयोजक एनोवेसन इवेन्ट म्यानेजमेन्टका प्रबन्ध निर्देशक महेश केसीले जानकारी गराए। शिर्षसहित विभिन्न उपविजेतासमेत छानिने प्रतियोगितामा विजेताले विभिन्न पुरस्कार र अवसर एकसाथ जित्न सक्ने आयोजले जनाएका छन्।






# विचार

तिमी आफैं आफ्नो जीवन
बनाउन र बिगार्न सक्छौ,
सोच र गर।
– अल्वा एडिसन

पागल हो ऊ, जो आफूलाई
भाग्यवादी हुँ भन्छ।
– जर्जबर्नार्ड शा

## सम्पादकीय

नेपाल समाचारपत्र

# संघीयताको उपहास नगर

संविधानले परिकल्पना गरे अनुरुपको संघीयता पनि कार्यान्वयनमा निकै जटिलता आउने संकेत देखापरेको छ। प्रदेशको राजधानी राख्ने विषयमा सरकारको प्राविधिक समितिले थालेको अध्ययनको प्रतिवेदन बाहिर आउन नपाउँदै सडकमा त्यसको पक्ष र विपक्षमा विरोध प्रदर्शन गरियो। त्यसपछि सरकारले प्रतिक्रियास्वरुप अहिलेको लागि प्रादेशिक अस्थायी मुकाम राजधानीमा नै गर्ने तयारी अघि बढाएको छ।

प्रदेशको राजधानी नतोकेर प्रदेश संसद्को काम संसद्मै गर्ने कार्य संविधान विरोधी र संघीयताको मर्म विपरीत हो। प्रदेशसभा काठमाडौंमै सञ्चालन गर्ने कार्यले कतै संघीयता समाप्त भएर केन्द्रीकृत शासन प्रणाली पो लागु हुने होइन त भन्ने चिन्ता पनि पैदा गरेको छ। प्रदेशका सांसदहरूले सम्बन्धित प्रदेशमा शपथ खानुपर्छ र प्रदेशको कार्य सम्बन्धित प्रदेशमै हुनुपर्नेमा सरकारले राजधानी राख्ने सवालमा ठाउँ ठाउँमा विरोध भयो भन्दैमा असंवैधानिक कार्य गर्न नहुने संविधानविद्हरुको भनाई पनि स्मरणीय रहेको छ।

संविधानको धारा २८८ को उपधारा २ ले प्रदेशसभाले सम्बन्धित प्रदेशको राजधानी तोक्ने व्यवस्था गरेको छ। त्यसैगरी सोही धाराको उपधारा ३ ले स्थायी राजधानी नतोकिएसम्म सरकारले अस्थायी राजधानी तोकेर प्रदेशको कार्यसञ्चालन गर्ने कुरा उल्लेख छ। धारा ३८८ को उपधारा (२) मा भनिएको छ, 'यस संविधान बमोजिमका प्रदेशको राजधानी सम्बन्धित प्रदेशसभामा तत्काल कायम रहेका सदस्य संख्याको दुईतिहाइ बहुमतबाट निर्णय भएबमोजिम हुनेछ।' सोही धाराको उपधारा (३) मा उल्लेख छ, 'उपधारा (२) बमोजिम निर्णय नभएसम्म नेपाल सरकारले तोकेबमोजिम स्थानबाट प्रदेशको कार्य सञ्चालन हुनेछ।'

राष्ट्रियसभा गठन नभई प्रतिनिधिसभा समानुपातिकको नतिजा सार्वजनिक गर्न नमिल्ने भन्दै निर्वाचन आयोगले रोकेको छ। यस्तो अवस्थामा अस्थायी केन्द्र तोक्ने जिम्मेवारीबाट सरकार पन्छिन खोजेको देखिएको छ। नयाँ सरकार गठनको बाटो पनि अवरुद्ध छ। अस्थायी राजधानी तोक्नबाट डराएर केन्द्रमै प्रदेशका सांसदहरूको शपथ गराउने र बैठक गराउने कुरा गर्नु संविधानको उपहास हो भन्ने तथ्य सरकारले बिर्सिनु मिल्दैन।

अहिले संविधानले परिकल्पना गरेको संघीयताको स्वरुप र सीमानाप्रति सबै राजनीतिक दलहरुको मतैक्यता देखिन्न। विशेषतः मधेशवादी दलहरुले प्रादेशिक सीमानालाई लिएर संविधान संशोधन गर्नुपर्ने माग अहिले पनि त्यागेको छैन। यस्तो अवस्थामा संविधान जारी गर्ने राजनीतिक दल र तिनका नेताहरु नै अहिलेको संघीयताको मर्ममाथि पनि प्रहार गर्न उद्यत हुनुले निसन्देह समग्र संविधानको कार्यान्वयनमा समेत व्यवधान खडा हुने जगजाहेर छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# (अ)गठबन्धनको (अ)दृश्य



डा. टीकाराम पोखरेल

गठबन्धन आफ्नो शक्ति पूर्ण नहुँदा बन्छ। राजनीतिमा त अस्तित्वको लागि पनि गठबन्धन बनाइन्छ। तर नेपालको राजनीतिमा भने गठबन्धनको पछाडि व्यक्तिका स्वार्थबाहेक अरु केही हुन्न। भनिन्छ सबै देश र जनताका लागि तर गरिन्छ सबै पार्टी र आफ्ना लागि। त्यसैले गठबन्धन भन्नासाथ दृश्यमा एउटा देखिन्छ अदृश्यमा अर्कै हुन्छ। यस अर्थमा यो गठबन्धन भन्दा पनि अगठबन्धन हो।

सकारात्मक अर्थमा बुझ्दा गठबन्धन गर्नु भनेको कुनै लक्ष्य हासिल गर्नका लागि दुई वा दुईभन्दा बढी व्यक्ति वा समूह एक हुने काम हो। यसलाई कुनै उद्देश्यपूर्तिका लागि गरिने मिलोमतो पनि भनिन्छ। यो सैद्धान्तिक अर्थ भयो। अलि व्यवहारिक रुपमा भन्दा चाहिँ गठबन्धनलाई कुनै स्वार्थसिद्ध गर्नका लागि दुई वा दुईभन्दा पक्षहरु बीचको साँठगाँठ पनि भन्न सकिन्छ। नेपालमा यति बेला गठवन्धन राजनीतिको चर्चा चरम शिखरमा छ। खासगरी चुनावी परिणामपछि चर्चा झनै चुलियो। संघीय र प्रदेशसभाको चुनावको मुखमा अनपेक्षित रुपमा बनेको बामगठबन्धनले चुनावमा अपेक्षाकृत राम्रो नतिजा हात पारेको र लोकतान्त्रिक गठबन्धन निर्माणको प्रयास गरेर पनि सफल हुन नसकेको नेपाली कांग्रेसको अप्रत्याशित हारले गठबन्धन चर्चा झनै चुलिएको हो। मिडियाहरुले बामगठबन्धन शब्दलाई अत्यधिक प्रयोग गरेपछि जनजिब्रोमा समेत बामगठबन्धन झुण्डिएको छ।

चुनाव जितेको एमाले र माओवादी समूहलाई वठबन्धन शब्द अत्यन्त प्रिय भएको छ। चुनाव हारेर घाइते भएको कांग्रेसलाई भने गठबन्धन शब्द अप्रिय लाग्न थालिसकेको छ। जो जसलाई प्रिय अप्रिय जे लागे पनि गठवन्धन राजनीतिले अझै केही महिना तताउने निश्चित छ। गठबन्धनका परिणामहरु आगामी दिनमा जे देखिए पनि गठबन्धन वरिपरि राजनीति घुम्ने छ।

सामान्य आँखाले हेर्दा गठबन्धनमा चुनाव जितेको पक्षलाई सहज र हारेको पक्षलाई असहज जस्तो देखिन्छ, तर जित्नेभित्रका छटपटीहरु पनि सहज छैनन्। गठबन्धनभित्र दृश्यमा देखिएका भन्दा अदृश्यमा लुकेका कुराहरु भिन्न छन्। त्यसो त यो गठबन्धन राजनीति कति ठीक ? भन्ने प्रश्नहरु पनि छन्। यसका आफ्ना आफ्ना तर्क हुनसक्तछन्। गठबन्धनले चुनावमा राम्रो नतिजा हात पारेकोले धेरैलाई गठबन्धनको अनुहार सुन्दर लाग्न सक्दछ। तर गठबन्धन बाहिर देख्दा जति सुन्दर देखिन्छ, त्यसभित्रका दृश्यहरु भने त्यति पृय छैनन्।

पहिलो कुरा त गठबन्धन राजनीतिले स्वच्छ प्रतिस्पर्धालाई चुनौती दिएको छ। एउटा विवेकशील नागरिकको विवेकमाथि गठवन्धन राजनीतिले अतिक्रमण गर्दछ। एउटा सिद्धान्त र पार्टीको समर्थकलाई अर्को सिद्धान्तको पार्टीलाई भोट हाल्न बाध्य बनाउँछ। त्यति मात्र होइन विवेक र सिद्धान्तलाई चुनौती दिने गठबन्धनभित्र अदृश्यमा धेरै लेनादेना भएका हुन्छन्। बामगठबन्धनका प्रमुख हस्ती मानिएका केपी ओली र प्रचण्ड बीच भित्र भित्र के के सम्झौता होलान् ? कार्यकर्तालाई के थाहा ? कार्यकर्तालाई त नेताले मनमा एउटा कुरा राखेर जिब्रोले अर्को बोलेको कुरालाई होमा हो मिलाउँदै र त्यसमा थपडी बजाउँदैमा अरु कुरा सोच्ने फुर्सद नै छैन। विवेकशून्य थपडीको तावेदारी गर्दै नेताले जता जता भन्यो कार्यकर्ता त्यतै त्यतै हिँड्नुपर्छ।

गठबन्धन कति विवेकहीन र स्वार्थपूर्ण हुन्छ भन्ने कुरा भरतपुरतिर फर्केर हेरे पुग्छ। स्थानीय तहको निर्वाचनमा भरतपुरमा रेणु दाहाललाई जिताउन प्रचण्ड र देउवा बीच भरतपुरमा भएको अदृश्य सहमति अहिलेसम्म कसैलाई थाहा छैन। त्यो गठबन्धनबाट कसका स्वार्थ कति पूरा भए कति भएनन् ? तिनको फेहरिस्त समयसन्दर्भमा आउलान्। स्थानीय निर्वाचन मात्र होइन प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनपछि पनि गठबन्धन कायम राख्ने भन्दै स्थानीय तहको चुनावमा गएका कांग्रेस माओवादी गठबन्धन आफ्नो सहमतिको हस्ताक्षरको मसी सुक्न नपाउँदै सहमति तोड्न पुगे। यसरी बेतुकमा गठबन्धन बन्नु र बेतुकमा तोडिनुको गठबन्धनको औचित्यलाई राजनीतिमा कसरी पुष्टि गरिन्छ ? के गठबन्धनको नाममा कांग्रेसले माओवादीलाई भरतपुर महानगरपालिकाको मेयरमा दिएको मतको औचित्य समाप्त भइसकेको हो ? त्यो मत ६ महिने म्याण्डेटका लागि हो कि ५ वर्षे म्याण्डेटका लागि हो ? पाँच वर्षका लागि हो भने ६ महिना पनि नपुग्दै गठबन्धन किन टुट्छ ? यस्तो मौसमी जोडाइ र फुटाइ हेर्दा गठबन्धन स्वार्थ बाहेक अरु केही हो र ?

त्यो चितवन। जहाँ माओवादी कार्यकर्ताले कहिले कांग्रेसलाई कहिले एमालेलाई भोट हाल्नु पर्‍यो। एमालेसँग प्रतिपर्धामा उत्रिनु पर्‍यो। कांग्रेसले पनि ६ महिना अगाडि माओवादीलाई भोट हाल्नु पर्‍यो भने ६ महिना पछाडि त्यही माओवादीसँग कडा प्रतिस्पर्धी हुनुपर्‍यो। यी कार्यकर्ताका पीडा हुन्। गठबन्धनका सबैभन्दा ठूलो पीडाका प्रतिनिधि पात्र त देवी ज्ञवाली हुन्। देवी ज्ञवाली जो प्रचण्डकी छोरी रेणु दाहालसँग भरतपुरको मेयरमा पराजित भए। एमालेकै नेताहरुको भनाइमा त ज्ञवालीले चुनाव हारेको पनि होइन, हराइएको हो। ६ महिना अगाडि प्रचण्ड देउवा गठबन्धनले हराएको भनिएका तिनै देवी ज्ञवाली ६ महिनापछि महाभारतमा दुर्योधनको सेनापति भीष्म पितामह भए झैं भरतपुर ३ मा प्रचण्डको चुनावी सेनापति बने। ६ महिना अगाडि तिनै ज्ञवाली भरतपुरको महानगरपालिकाको निर्वाचनताका भन्थे- मेरो प्रतिष्पर्धा रेणुसँग होइन प्रचण्डसँग हो। तिनै ज्ञवालीले फेरि ६ महिनापछिको चुनावमा भने- प्रचण्डलाई जिताउनु मेरो कर्तव्य हो। ज्ञवालीको पछिल्लो भनाइभित्र यान्त्रिकता कति होला ? देवी ज्ञवालीले बोलेको कुरालाई उनको मनले कति साथ दिँदो हो ? के यस्ता शब्दहरु देवी ज्ञवालीको मनैदेखि आएका होलान र ?

यी सबै परिदृश्य हेर्दा प्रष्ट छ, गठबन्धनहरु कुनै महान् लक्ष्य प्राप्तिका लागि बन्दैनन्, निहित स्वार्थ पूर्तिका लागि बन्छन् भन्ने कुरा स्थानीय निर्वाचनमा कांग्रेस माओवादी गठबन्धनले देखाइसकेको छ। यदि स्वार्थको गठबन्धन थिएन भने त्यो गठबन्धन लामो समय टिक्नुपर्थ्यो। १ वर्ष नि नटिक्ने गठबन्धन भनेको लक्ष्यविहिन गठबन्धन मात्र हो, त्यसको कुनै सैद्धान्तिक धरातल हुँदैन। मात्र लेनादेना हुन्छ। एक किसिमले राजनीतिक व्यापार मात्र।

विगतको कांग्रेस माओवादी बीचको अघोषित गठबन्धन मात्र होइन, अहिलेको एमाले माओवादी बीचको घोषित वामगठबन्धन पनि कुनै महान लक्ष्यको जगमा होइन, स्वार्थको जगमा अडेको छ। लक्ष्य कुनै छ भने त्यो चुनाव जित्ने र सत्ताप्राप्ति मात्र छ। त्यसैले त चुनावका मुखमा आएर रातारात गठबन्धन बनेको छ। यो गठबन्धन बन्नमा नागरिक तहमा कुनै बहस त भएन नै, कार्यकर्ता तहमा समेत बहस भएन। अझ भनौं मझौला कदका नेताले समेत गठबन्धनको सहमति अगाडि सुइँको पाएनन्। माथिल्ला २/४ जनाले जे जे भने त्यसैमा हो मा हो मिलाउने मात्र उनीहरुको नियति बन्यो।

गठबन्धन सत्ता बाहेक केही होइन भन्ने कुरा चुनावी परिणाम पछिको एमाले माओवादीको छटपटीले पनि देखाएको छ। अहिले एमाले माओवादीलाई कसरी मुसो बनाउने रणनीतिमा छ। माओवादी एमालेमा छिरेर कसरी हात्ति बन्ने दाउमा छ। यस्तो स्वार्थप्रेरित गठबन्धनको परिणति के होला ? जब कि मधेशवादी दल पनि बाम गठबन्धन भत्किएदेखि सरकारमा पस्नका लागि खुट्टा उचालेर बसेका छन्। ५ वर्षे स्थायी सरकार बनेमा अपवित्र चलखेल गर्न नपाइने भएकाले कसरी गठबन्धन भत्काएर कसरी कसरी सत्ता चलखेल गर्ने भन्ने दाउ साना दलको छ। एकातिर एमाले-माओवादी बीच पार्टी एकीकरण होला र आफ्नो शक्ति क्षय होला भनेर कांग्रेसको निदहराम छ भने अर्कातिर माओवादी भाग्छ कि भनेर एमाले त्रसित छ। यतिबेला एमाले सरकार बनाउने कि नबनाउने भन्ने सत्ताको साँचो माओवादी हातमा छ। यदि माओवादीले सत्ताको साँचो एमालेलाई दिन हिच्किचावट गरेमा फोरमतिर साँचो माग्ने कि भन्ने दाउमा एमाले छ। उता कांग्रेसले माओवादीलाई ५ वर्ष आफ्नो समर्थनमा सत्ता चलाउन दिने पासा पनि फालिसकेको छ। तर बाम गठबन्धन भत्किएमा चाहिँ सत्ताको साँचो माओवादी नभएर मधेशवादी बन्ने छन्। अब सत्ताको झिनाझम्टीमा अल्पकालीन गठबन्धनका प्रयास त बग्रेल्ती हुनेछन्।

सामान्यतया गठबन्धन आफ्नो शक्ति पूर्ण नहुँदा बन्छ। राजनीतिमा त अस्तित्वको लागि पनि गठबन्धन बनाइन्छ। तर नेपालको राजनीतिमा भने गठबन्धनको पछाडि व्यक्तिका स्वार्थबाहेक अरु केही हुन्न। भनिन्छ सबै देश र जनताका लागि तर गरिन्छ सबै पार्टी र आफ्ना लागि। त्यसैले गठबन्धन भन्नासाथ दृश्यमा एउटा देखिन्छ अदृश्यमा अर्कै हुन्छ। यस अर्थमा यो गठबन्धन भन्दा पनि अगठबन्धन हो। जसको उद्देश्य पवित्र हुँदैन, तर पवित्रताको भ्रम छरिन्छ। जसको उद्देश्य नै पवित्र हुँदैन, त्यस्तो गठबन्धन टिक्दैन। स्वार्थको जगमा ठडिएको गठबन्धन स्वार्थ नमिल्नासाथ ढलिहाल्छ।

## पाठक पत्र

# कसरी काट्ने पुष माघ ?

काठमाडौंमा माइनस २ पुगिसक्यो, पहाडी हिमाली जिल्लामा के कुरा गर्नु, तराई मधेशमा मान्छे मरेको मरै छन। चिसोले कठ्यांग्रिएर मजदुर र विपन्न बर्षको विजोग अबस्था भएको छ। पूर्वी नेपालको तराई मधेस र पश्चिम नेपालको पहाडी जिल्लाहरुमा बढ्दै गरेको चिसोको कारण झण्डै डेढ दर्जन नागरिकको अकालमै मृत्यु भईसकेको छ। जाजरकोटमा एक साताअघिदेखि फैलिएको भाइरल ज्वरोका कारण नौ जनाको मृत्यु भएको छ भने दुई सयभन्दा बढी बिरामी परेका छन्। मृत्यु हुनेमा अधिकांश बालबालिका र वृद्धवृद्धा छन्। चिसो बढेसँगै देशभरका अस्पताल र स्वास्थ्य चौकीहरुमा बिरामीको चाप पनि बढेको छ। चिसोसँगै भाइरल ज्वरोको प्रकोप अझै बढ्ने संभावना देखिएको छ। सम्पन्न व्यक्तिहरुभन्दा विपन्न वर्गमा शीतलहर र भाइरल ज्वरोको प्रकोप देखिएको छ। पश्चिम नेपालको जुम्ला र हुम्ला जिल्लामा तापक्रम माइनस ८ डिग्री सेल्सियससम्म रेकर्ड गरिएको छ। त्यस क्षेत्रको जनजीवन अत्यन्त कष्टकर बन्दै गएको छ। मुगुमा पनि ५/६ जना चिसोकै कारण मृत्यु भएको छ। पूर्वी तराईका विभिन्न जिल्लामा विद्यालयहरु जाडोको कारण बन्द भएका छन्। तराईका जिल्लामा न्यानो कपडाको अभावमा गरिब र विपन्न समुदायका ज्येष्ठ नागरिकहरुको बसेनि चिसोले कठ्याँग्रिएर मृत्यु हुने गरेको छ। बढ्दो चिसोका कारण स्वास्थ्य संस्थाहरुमा कोल्ड डाइरिया, ज्वरो, रुघाखोकी र स्वासप्रश्वासका बिरामीको संख्या बढेको छ। चिसोले दम, निमोनिया, कोल्ड डायरिया, घाँटी दुख्नेजस्ता समस्याले पीडित मानिसहरु बढेका छन्। चिसोको मौसमी प्रताडना भोग्नुपरे पनि सरकारले राहतको व्यवस्था गर्न सकेको छैन। तत्काल राहत उपलब्ध गराउन पीडित पक्षले माग गर्दै आएका छन्। पश्चिम र पूर्वी तराईमा बाक्लो हुस्सुसहित शीतलहर परेका कारण जनजीवन अत्यन्त कष्टकर बन्न पुगेको छ। चिसोको कहरले हरेक वर्ष गरिब तथा विपन्न मानिसको अकालमै मृत्यु हुने गरे पनि सरकारले न्यानो कपडा वितरण गर्न सकेको छैन। तराईमा फुसको छानामा बस्नेहरुको आङमा न्यानो कपडा नपरेरै मृत्यु हुनुपर्ने नियति छ। महोत्तरी, सिरहा, सप्तरीलगायत धेरै जिल्लामा बसोबास गर्ने मुसहर, माझी, दलितलगायतका समुदाय चिसोको चपेटामा परेका छन्। उनीहरुलाई चिसोको कहरबाट जोगाउन ज्यान छोप्ने न्यानो लुगा र ओढ्ने-ओछ्याउनेको प्रबन्ध गर्नुका साथै चिसोका कारण बिरामी पर्नेहरुलाई उचित उपचारको व्यवस्था मिलाउन जरूरी देखिन्छ।



अझैसम्म घर नबनाएका भूकम्पपीडित टहरोमै बस्न विवश छन्। तराईका जाडोपीडितलाई सरकारले चिसोबाट बच्न स्थायी उपाय सिकाएको छैन। यस्तै पहाडी क्षेत्रमा भूकम्पप्रभावितलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले समयमै घर निर्माण गर्ने वातावरण नमिलाउँदा समस्या झनै बढेर गएको छ। यी सबै प्रतिकूल परिस्थितिको मार खेप्न विवश भएका छन, गरिब र विपन्न जनता। केही दिनयता चिसो ह्वात्तै बढेको छ। तत्काल चिसोबाट जोगिन अस्थायी उपाय अपनाउनुको विकल्प छैन। पूर्वी तराईलगायत पश्चिम नेपालका क्षेत्रमा जनप्रतिनिधि तैनाथ भइसकेकाले अब चिसोको चपेटामा परेकाहरुको तथ्यांक संकलन गरेर उनीहरुलाई तत्काल राहत दिने व्यवस्था जनप्रतिनिधिले थालनी गर्नुपर्छ। सर्वप्रथम चिसोमा ओत लाग्न नसक्ने घरलाई शीत नचुहिने बनाएर पीडितका लागि लत्ताकपडा र खाद्यान्नसमेत व्यवस्था गर्नु जरूरी हुन्छ। चिसोमा झोलयुक्त तातो परिकारले स्वास्थ्य स्थिति सहज हुन्छ। त्यसैले सरकारले जनप्रतिनिधिमार्फत दाल, गेडागुडीलगायत खाद्यान्न वितरण गर्नुपर्छ। चिसोको कहर सहन विवश जनताका लागि स्थायी उपाय खोज्नेतर्फ सरकारले गम्भीरतापूर्वक पहल गर्नु आवश्यक देखिएको छ। नेपाल सरकारले यो विषयलाई गम्भीता पूर्वक लिओस।

चिसोबाट जोगिन धूवाँ धूलोबाट बच्ने, न्यानो लुगा लगाउने, पोषणयुक्त सन्तुलित खाना खाने, भिटामिन सी पर्याप्त मात्रामा भएको र मौसमअनुसारका ताजा फलफूल तथा सागपात पर्याप्त मात्रामा खाने, सरसफाइमा बढी ध्यान दिने, प्रशस्त मात्रामा तातो झोल पदार्थ खाने गर्दा चिसोबाट बच्न सकिन्छ। यसका अतिरिक्त धूलो, धूवाँ, चिसो र सक्रमणबाट जोगिन मास्क लगाउने गर्नुपर्छ। शरीर तथा कोठा न्यानो बनाउने निहुँमा धूमपान, मद्यपानको सेवन गर्ने, झ्याल, ढोका थुनेर गुइठा, दाउराको आगो बाल्ने गर्नुहुँदैन। सबै नागरिस सचेत बनेर पुष र माघलाई कसरी सकुशल धकेल्ने भन्ने विषयमै केन्द्रत हुनुपर्ने भएको छ। विरामी र केटाकेटीका लागि कालकै रुप भएर चिसो आएको छ। चिसो र हुस्सुबाट जोगिर खानपिनमा पनि विशेष ध्यान दिनु जरुरी छ।

## सामाजिक सञ्जाल



हामी आ□ना छोरा छोरिले अँग्रेजी बोल्न थाले भनेर दंग पर्छम, छोरा छोरीले सामान्य नेपाली लेख्न बिर्सेको कुरालाई "यस्तै हो" भनेर टार्दिन्छौं।

**Rubina Shrestha**
**@neptirubi**



भ्रष्टाचार मा नेपालीलाई कसले सक्ने??
बैदेशिक ऋण लिएर गर्भमा भएको शिशुको टाउकोमा रू २१,०००भन्दा बढीको ऋण बोकाएर आलोपालो मिलेर सहमतिमा राजनितीक निर्णय भन्दै आ□ना कार्यकर्ता पोस्छन,
लुटको धन फुपुको श्राद्ध त्यसै भनेका रहेनछ पुर्खाले !

**Chyaban Ghimire**
**@chghimire**

२०७४, पुस
मंगलबार
२५

# नेपाल

'अन्तरक्रिया सभ्य एवं समृद्ध नेपालको निर्माणमा निर्माण व्यवसायीको योगदान महत्त्वपूर्ण रहन्छ भने त्यसको परिपूर्तिका निम्ति दक्ष जनशक्ति उत्पादन गर्ने इन्जिनियरिङ कलेजको भूमिका पनि त्यतिकै हुन्छ।'

## नेपालको इज्जत राख्ने गरी काम गर्न आग्रह

काठमाडौं, (नेस)

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जको तत्त्वावधानमा केन्द्रीय प्रहरी विशेष कार्यदल कपनमा सञ्चालित एफपीयू प्रि-डिप्लोएमेन्ट अनामिड सुडान १५औं समूहको तालिम सोमबार सोही कार्य दलमा आयोजित एक कार्यक्रमबीच समापन भएको छ।

उक्त अवसरमा कार्यक्रमका प्रमुख अतिथि प्रहरी नायव महानिरीक्षक छविलाल जोशीले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्दै यूएन मिसनमा सम्पादन हुँदै आएका कामहरू सरल र सहज तरिकाले सम्पन्न गराउन तालिममा सिकेका ज्ञान, सीप र कौशलले सहयोग पुर्‍याउने बताउनुभयो। नयाँ परिवेशमा काम गर्नुपर्ने अवस्थामा सदैव अनुशासित र इमान्दारीपूर्वक काम गर्न उहाँले प्रशिक्षार्थीलाई निर्देशनसमेत दिनुभयो।

कार्यक्रममा यूएन महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्याम खडकाले शुभकामना दिँदै आफूलाई दिएको जिम्मेवारी सही तरिकाले बहन गरी आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्नुपर्ने उल्लेख गर्नुभयो। उक्त विशेष कार्यदलका प्रमुख प्रहरी उपरीक्षक सुशीलकुमार यादवले धन्यवाद ज्ञापन गर्नुभएको सो कार्यक्रममा प्रहरी नायव उपरीक्षक अविनारायण काफ्लेले प्रशिक्षार्थीको तर्फबाट मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा तालिम संयोजक प्रहरी नायव उपरीक्षक वेद विष्टले स्वागत मन्तव्य व्यक्त गर्दै गत असोज २० गतेदेखि सञ्चालित उक्त तालिममा प्रहरी उपरीक्षक १, प्रहरी नायव उपरीक्षक ५, प्रहरी निरीक्षक ६, प्रहरी नायव निरीक्षक २५, प्रहरी सहायक निरीक्षक ३६, प्रहरी हवल्दार ५३, प्रहरी जवान २१ र प्रहरी कार्यालय सहयोगी ७ जना गरी कुल १ सय ५४ जनाले सफलता हासिल गरेको जानकारी दिनुभएको थियो।



प्रधान सेनापति राजेन्द्र क्षत्रीसँग जंगी अड्डामा शिष्टाचार भेटवार्ता गर्दै नेपालका लागि श्रीलंकाली राजदूत ल्वेलेज स्वर्णलाथा पेररा। तस्वीर : नेस

## बैंक ठगी गर्ने बैंक कर्मचारी नियन्त्रणमा

काठमाडौं, (नेस)

सिभिल बैंकका एक कर्मचारी बैंकको लाखौं रुपियाँ हिनामिना गरेको आरोपमा पक्राउ परेका छन्।

बैंकको बौद्ध शाखामा कार्यरत कर्मचारी महेश्वर डंगोललाई रकम हिनामिना गरेको अभियोगमा केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको छ। इन्टरनेट बैंकिङमार्फत रकम अनाधिकृतरूपमा आफनो खातामा जम्मा गरेका अभियोगमा डंगोललाई पक्राउ गरिएको हो। बैंककै आग्रहमा पक्राउ गरिएको सीआईबीले जानकारी दिएको छ। बैंकको ४० लाख रुपियाँ गायब भएपछि अनुसन्धानका लागि सीआईबीमा उजुरी दिएको थियो। सीआईबीले अनुसन्धान गरी कर्मचारीले नै इन्टरनेट बैंकिङ अनाधिकृतरूपमा आफ्नो खातामा पैसा ट्रान्सफर गरेको खुलेको हो।

## विदेश पठाउने भन्दै ठगी गर्ने पक्राउ

काठमाडौं, (नेस)

वैदेशिक रोजगारका लागि विभिन्न देशमा पठाइदिन्छौं भनी ठगी गर्ने मेनपावर कम्पनीमाथि प्रहरीले कारबाही गरेको छ। सिनामंगलस्थित ब्लु स्टार ओभरसिज कम्पनीका सञ्चालकहरूले वैदेशिक रोजगारका लागि विभिन्न देशमा पठाइदिन्छौं भनी विश्वास दिलाएर रकम लिएका थिए। भरपाइसमेत नदिई राहदानी संकलन गरे पनि वैदेशिक रोजगारका लागि पठाएनन्। रकम र राहदानीसमेत फिर्ता नदिएर ठगी गरेको देखिएकाले कारबाही प्रक्रिया अगाडि बढाएको प्रहरीले बताएको छ।

सिन्धुपाल्चोक जिल्ला कदमबास नगरपालिका बस्ने ओसन गिरीलगायतका २६ जनालाई वैदेशिक रोजगारको सिलसिलामा कुवेतलगायतका देशमा पठाइदिन्छु भनी प्रलोभनमा पारेको भन्दै उक्त कम्पनीविरुद्ध उजुरी गरेका थिए। उजुरीमा मेनपावर कम्पनीका सञ्चालक राम घिमिरे र सञ्जय उप्रेतीले राहदानी र १० लाख ६५ हजार रुपियाँ लिएको तर विदेश नपठाई ठगी गरेको उल्लेख गरेका थिए।

प्रहरी टोलीले मेनपावर कम्पनीमा पुगी चेक जाँच गर्दा विभिन्न व्यक्तिको नाममा रहेको राहदानी ३ सय ७१ थान, भिसा इन्ट्री रजिस्टर, स्वीकृत नलिएका डिमान्ड लेटरहरू, विभिन्न व्यक्तिहरूले आईएमई गरेका रसिद र रकम लेन-देनसँग सम्बन्धित फाइललगायतका कागजात बरामद गरेको छ।

बरामद गरिएका कागजातमा राहदानी संकलन गर्नुपूर्व आवश्यक पर्ने कानुनी प्रक्रियासमेत पूरा गरेको नदेखिएको, कुवेत, दुबई, कतार, साउदी अरबलगायतका देशमा रोजगारका लागि पठाउने भनी डिमान्ड लेटरबिना नै ३ सय ७१ जना व्यक्तिबाट राहदानी र रकमसमेत संकलन गरेको देखिन आएको छ। साथै उक्त मेनपावर कम्पनीले पीडितबाट व्यापक गुनासो आएपछि मेनपावर कम्पनी रहेको साविक स्थान बाग्मती खोलाबाट कानुनविपरीत मेनपावर कम्पनीको कार्यालयसमेत सिनामंगल शक्तिमार्गस्थित एउटा घरमा सारेको देखिएको छ।

प्रहरीले बरामद राहदानीलगायतका अन्य कागजात थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाएको छ। वैदैशिक रोजगार ऐन २०६४ अनुसार कसुरदारलाई कसुरको मात्रा हेरी ३ लाखदेखि ५ लाखसम्म जरिवाना र ३ वर्षदेखि ७ वर्षसम्म कैद सजाय साथै मेनपावर कम्पनीको इजाजतपत्रसमेत रद्ध हुने व्यवस्था रहेको छ।

## दक्ष इन्जिनियर उत्पादनमा जोड



ललितपुर, (नेस)

बजार सुहाउँदो दक्ष एवं व्यावहारिक इन्जिनियर उत्पादन गर्ने उद्देश्यले आइतबार ललितपुरमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ।

इन्जिनियरिङ शिक्षाको सिभिल तथा आर्किटेक्चर विषयको केएमसी इजुकेसनल नेटवर्कअन्तर्गतको हिमालय कलेज अफ इन्जिनियरिङद्वारा आयोजित उक्त अन्तरक्रियात्मक कार्यक्रममा शैक्षिक संस्था र निर्माण व्यवसायीको सहभागिता रहेको थियो।

इन्जिनियरिङ कलेज र निर्माण व्यवसाय एक-अर्काका परिपूरक भएको जनाउँदै कार्यक्रमपछि जारी प्रेस विज्ञप्तिमा भनिएको छ- 'अन्तरक्रिया सभ्य एवं समृद्ध नेपालको निर्माणमा निर्माण व्यवसायीको योगदान महत्त्वपूर्ण रहन्छ भने त्यसको परिपूर्तिका निम्ति दक्ष जनशक्ति उत्पादन गर्ने इन्जिनियरिङ कलेजको भूमिका पनि त्यतिकै हुन्छ।'

विज्ञप्तिमा बजार सुहाउँदो दक्ष एवं व्यावहारिक इन्जिनियर उत्पादनका लागि शैक्षिक संस्था र निर्माण व्यवसायीबीच सहकार्य हुनुपर्नेमा जोड दिँदै यस्तो सहकार्यबाट मात्रै मुलुकमा गुणस्तर कायम भई आवश्यक शिक्षा प्राप्त हुने र रोजगारीमा सन्तुलन आउने जनाइएको छ।

## दुई मिनेट

### हुचिलसहित पक्राउ

काठमाडौं, (नेस)

हुचिल बिक्री-वितरण गर्न लागेका दोलखा तामाकोशी गाउँपालिका-७ घर भई ललितपुर इमाडोल बस्ने जेबी राईसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

महानगरीय प्रहरी कार्यालय रानीपोखरी र प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई आइतबार काठमाडौं महानगरपालिका-६ बौद्ध गेटबाट पक्राउ गरेको हो।

### चोरी गर्ने समातिए

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-१७ बालकुमारीस्थित सनराइज हाउजिङको घर नम्बर १३ मा बस्ने डा. ज्ञानेन्द्रमानसिंह कार्कीको घरबाट आइतबार भारतीय रुपियाँ ५ लाख र नेपाली ५ लाख रुपियाँ चोरी भएको छ। फरार चोरहरूको खोजतलास गर्नुको साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### क्यासिनो बन्द नगर्न सर्वोच्चको आदेश

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले होटल मल्लमा सञ्चालनमा रहेको क्यासिनो तत्काल बन्द नगर्न अन्तरिम आदेश दिएको छ। पर्यटन मन्त्रालयअन्तर्गत पर्यटन विभागले क्यासिनो बन्द गर्न दिएको आदेशलाई सर्वोच्च अदालतले तत्काल बन्द नगर्न अन्तरिम आदेश दिएको हो।

होटलमा बेल्लिज नेपालले क्यासिनो सञ्चालन गरेबापत सरकारलाई रोयल्टी नबुझाएपछि पर्यटन विभागले सञ्चालन इजाजतपत्र खारेज गर्ने निर्णय थियो। सरकारले पटक-पटक ताकेता गर्दा पनि क्यासिनो सञ्चालनको रोयल्टी बक्यौता नबुझाएको भन्दै विभागले क्यासिनो सञ्चालनमा रोक लगाएको थियो।

विभागको सो निर्णयविरुद्ध बेल्लिज नेपाल २० पुसमा सर्वोच्च अदालतमा रिट दायर गरेको थियो। सो रिटमा सुनुवाइ गर्दै न्यायाधीश दीपकराज जोशीको एकल इजलासले अन्तरिम आदेश जारी गरेको हो। यसअघि सर्वोच्चले होटल सोल्टी र नेपाल रिक्रिएसन सेन्टरको रोयल्टी कसले तिर्ने भन्ने विवादमा क्यासिनो सञ्चालककै दायित्व हुने फैसला सुनाएको थियो।

## तीन स्रष्टा सम्मानित

नेपाल समाचारपत्र

भक्तपुर

भक्तपुर साहित्यिक समाजले तीन स्रष्टालाई सम्मान गरेको छ। समाजको १९औं वर्षगाँठको अवसरमा नाटककार, गीतकार र गायिकालाई सम्मान गरेको हो।

भक्तपुरमा आयोजित एक कार्यक्रमका अवसरमा समाजले नाटककार गणेशराम लाछी, गीतकार सुवासचन्द्र ढुंगेल र गायिका रमना श्रेष्ठलाई सम्मान गरेको समाजले जनाएको छ।

कार्यक्रममा नाटककार लाछीलाई भक्तपुर कला संस्कृति सम्मान, गीतकार ढुंगेललाई भक्तपुर भाषा, साहित्य सम्मान र गायिका श्रेष्ठलाई भक्तपुर गीत-संगीत सम्मान २०७४ ले नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ मातृका पोखरेलले सम्मान गरेका थिए।

सम्मानित स्रष्टाहरूमध्ये नाटककार लाछी मध्यपुर थिमी चपाचो टोलका स्थायीबासी हुन्। उनको विश्वास, बलिदान, संकल्प अंगिमय, इतिहास हिः चः तिया, छात्रवृत्तिलगायतका कृतिहरू प्रकाशित छन्। लाछी नेपाली तथा नेपालभाषा, साहित्य, कला, संस्कृति संरक्षणमा विगत ५ दशकदेखि सक्रिय छन्।



उनले भारतको सिक्किम राज्यका नेवार समुदायमाझ नेपालभाषा, संस्कृति, नाचगान, वाद्यवादन, खानपानजस्ता नेवारहरूको अमूर्त सांस्कृतिक सम्पदाबारेमा प्रशिक्षण दिने काम पनि गरिरहेका छन्। त्यस्तै सूर्यविनायक नगरपालिकाको कटुञ्जे निवासी गीतकार ढुंगेल हाल विश्वविद्यालय अनुदान आयोगमा प्रमुख प्रशासकीय अधिकृतका अलावा चोट के हो ?, व्यथा के हो ? बोलको गीतका रचनाकार पनि हुन्।

उनको हालसम्म चोट के हो, व्यथा के हो ? गीति क्यासेट संग्रह, भाँचिएको मन, गीत र गजल संग्रह, सुवास, गीति एल्बम, आनन्दै आनन्द भजन संग्रह, मनबिना बाँच्न पाए गीत संग्रह, अक्षरका गोलीहरू मुक्तक संग्रह प्रकाशित छन् भने गायिका श्रेष्ठ धरान निवासी हुन्।

बुद्धसम्बन्धी थुप्रै भजन गाएकी उनको १४ वटा क्यासेट संग्रह तथा थुप्रै नेपाली चलचित्रमा आफ्नो श्वर दिएकी छन्। उनले वि.सं. २०५३ सालदेखि २०५७ सालसम्मका नेपाली चलचित्र निरमाया, अल्लारे, गाउँले, सुकुम्बासीलगायतमा श्वर दिएकी छन्।

स्रष्टात्रयलाई ताम्रपत्र, दोसल्ला र भादगाउँले टोपीले सम्मान गर्दै प्राज्ञ पोखरेलले साहित्यमा मूल्यहिनता बढेकोप्रति चिन्ता व्यक्त गरे। उनले भक्तपुरको साहित्य उत्थानमा भक्तपुर साहित्यिक समाजले खेलेको भूमिका उल्लेखनीय भएको चर्चा गर्दै सम्मान गर्न लायक व्यक्तिहरूलाई समाजले सम्मान गरेकोमा आफूलाई गर्व लागेको बताए।

कार्यक्रममा भक्तपुर विकास सहयोग संघका पदाधिकारी एवं स्रष्टा कृष्णलाल प्रधान, संस्कृतिकर्मी तेजेश्वरबाबु ग्वंग, समाजका काशीराम विरस, वसन्त नकर्मी, पुरुषोत्तम प्रजापति र राजुराम मुनंकर्मीले भक्तपुरको साहित्यिक गतिविधिबारेमा चर्चा गर्दै भक्तपुरलाई साहित्यको उर्वर क्षेत्र बनाउनुपर्ने बताएका थिए।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**वृष** : धनलाभ, मान-सम्मान, इज्जत-प्रतिष्ठा बढ्ने, समस्या समाधान।
**मिथुन** : आर्थिक लाभ, प्रतिस्पर्धा एवं परीक्षा प्रतियोगितामा सफलता।
**कर्कट** : बाथजन्य रोगको भय, कार्य असफल, शोकसन्ताप, तनाव।
**सिंह** : पेटको खराबी, पारिवारिक विवाद, निरर्थक घुमफिर, अस्तव्यस्तता।
**कन्या** : आर्थिक लाभ, मान-सम्मान, पढाइमा सफलता, मान वृद्धि।
**तुला** : धनहानि, व्यर्थको खर्च, मानसिक चञ्चलता, आँखामा समस्या।
**वृश्चिक** : पुरस्कार, उपहारादि वस्तु प्राप्ति, धनलाभ, कार्य सफल।
**धनु** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**मकर** : पैसा प्राप्ति, उत्तम भोजन, परिवार-सुख।
**कुम्भ** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**मीन** : राज्यको भय, इज्जत-प्रतिष्ठामा ह्रास, चिन्ता, तनाव बढ्नेछ।

# नेपाल

घर निर्माण नहुँदा नुवाकोका भूकम्पपीडितहरू चिसोको चपेटामा परेका हुन्। चिसोले महिला, बालबालिका तथा वृद्धवृद्धा बढी प्रभावित भएका छन्। चिसोको कारण नुवाकोटको गेर्खु, भैंसे, विदुर, देवीघाट, बेलकोटट, जिलिङ, रातमाटे ककनीलगायतका भूकम्पपीडित बढी प्रभावित बनेका छन्।

# जनता आवास कार्यक्रममा ५ सय घर निर्माण हुने

**विनोदसिंह विष्ट, बैतडी**

बैतडीमा जनता आवास कार्यक्रमअन्तर्गत चालू आर्थिक वर्षमा ५ सय घर निर्माण हुने भएका छन्। अति विपन्न दलित समुदायका नागरिकलाई लक्षित गरी घर निर्माण गरिने शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय बैतडीका प्रमुख प्रवीण शाहले जानकारी दिनुभयो। 'साविकका २१ वटा गाविसमा रहेका अति विपन्न, असहाय दलित समुदायका नागरिकका लागि घर बनाइनेछन्', उहाँले भन्नुभया- 'आवेदन दिने म्याद सकिएको र आवेदन संकलनको काम भइरहेको छ।'

आफ्ना नाममा लालपूर्जा भएका तर घर नभएकाहरूका लागि कार्यक्रमअन्तर्गत घर निर्माण गरिने कार्यालय प्रमुख शाहले जानकारी दिनुभयो।

### जनता आवास कार्यक्रम विस्तार

बैतडीका साविकका थप ६ वटा गाविसमा जनता आवास कार्यक्रम विस्तार भएको छ। थप हुने गाविसमा साविकका पञ्चेश्वर, कोटपेटरा, रौलेश्वर, गिरेगडा, मठैराज र गुरुखोलामा जनता आवास कार्यक्रम विस्तार भएको शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय बैतडीका प्रमुख प्रवीण शाहले बताउनुभयो। यसअघि जिल्लाका साविकका १५ वटा गाविसमा कार्यक्रम सञ्चालनमा रहेको र ती ठाउँमा पनि कार्यक्रमले निरन्तरता पाउने शाहले बताउनुभयो।

जनता आवास कार्यक्रम सञ्चालन भएका ठाउँमा अतिविपन्न, गरिब तथा असहाय दलित समुदायका परिवारको घर निर्माण गरिने बताइएको छ। जनता आवास कार्यक्रमअन्तर्गत घर निर्माणका लागि सम्बन्धित व्यक्तिको नाममा जग्गा भने अनिवार्य हुनुपर्नेछ। घर जीर्ण भएका, घर नै नभएका, परिवार संख्या ठूलो भएका नागरिकलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिने कार्यालय प्रमुख शाहले जानकारी दिनुभयो। जनता आवास कार्यक्रम थप ६ गाविसमा सञ्चालन हुने भएपछि त्यस ठाउँमा अतिविपन्न, गरिब तथा असहाय दलित समुदायलाई सजिलो हुने विश्वास गरिएको छ। योसँगै बैतडीमा साविकका २१ गाविसमा जनता आवास कार्यक्रम सञ्चालन हुने भएको छ।

### एक हजार विपन्न नागरिक लाभान्वित

बैतडीमा जनता आवास कार्यक्रम फेरि दोस्रो पटक पनि सञ्चालन भएको छ। गत आर्थिक वर्षमा ५ सय परिवारका लागि सञ्चालित कार्यक्रम फेरि थप ५ सय परिवारका लागि आएको हो। योसँगै बैतडीका १ हजार गरिब, विपन्न नागरिकलाई आवासको व्यवस्था हुनेभएको छ। गतवर्ष आवासका लागि छनोट भएका नागरिकहरूले घर निर्माण सम्पन्न गर्न नपाउँदै थप ५ सय गरिब तथा असहाय दलित समुदायका परिवारले पनि आवासका लागि आर्थिक तथा प्राविधिक सहयोग पाउने भएका छन्। जिल्ला समन्वय समिति र सरोकारवालासँगको छलफलपछि यो वर्ष जिल्लाका साविकका थप ६ वटा गाविसमा जनता आवास कार्यक्रम विस्तार गर्ने सहमति भएको हो।

साविकका गुरुखोला, मठैराज, पञ्चेश्वर, कोटपेटरा, रौलेश्वर र गिरेगडा गाविसमा कार्यक्रम सञ्चालन गर्ने सहमति भएको शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय बैतडीका प्रमुख प्रवीण शाहले बताउनुभयो। 'यो वर्ष पनि थप ५ सय विपन्न परिवारले आवास पाउने भएका छन्', उहाँले भन्नुभयो- 'विपन्न बस्तीहरूलाई लक्षित गरेर जनता अवास कार्यक्रम सञ्चालन गरिएको हो।' गतवर्ष जिल्लाका साविकका १५ वटा गाविसमा कार्यक्रम सञ्चालनमा रहेको र ती ठाउँमा पनि कार्यक्रमले निरन्तरता पाउनेछन्।

गतवर्ष जिल्लाका साविकका तल्लादेही, डिलासैनी, महादेवस्थान, महारुद्र, आम्चोरा, शर्माली, न्वाली, विशालपुर, सित्तड, मेलौली, श्रीकोट र रुद्रेश्वरबाट जनता आवास कार्यक्रमअन्तर्गत आवेदन आह्वान गरिएको थियो। साथै, दशरथचन्द नगरपालिका र पाटन नगरपालिकाबाट पनि आवेदन आह्वान गरिएको थियो।

# लागूऔषधसहित मानवअधिकारकर्मी पक्राउ




हेटौंडा, (नेस)

लागूऔषधसहित प्रहरीले एक मानवअधिकारकर्मीलाई पक्राउ गरी मुद्दा चलाएको छ। इलाका प्रहरी कार्यालय मनहरीले प्रतिबन्धित लागूऔषध नाइट्रोभेटसहित चितवन रत्ननगर नगरपालिका-४ का सञ्जय चौधरी र २६ वर्षीय सञ्जय भुजेललाई पक्राउ गरेको हो।

पक्राउ परेका चौधरीले मानवअधिकार आयोगको ज्याकेट लगाएको र उनको साथबाट मानवअधिकारकर्मीको परिचयपत्र बरामद गरिएको प्रहरीले जनाएको छ। उनी गत निर्वाचनमा अनुगमनमा खटिएका थिए।

उनीहरूलाई लागूऔषध ऐन, २०३३ बमोजिम जिल्ला अदालत मकवानपुरबाट पाँच दिन म्याद थप गरी अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

हेटौंडाबाट चितवन जाँदै गरेको ना४२प ४६४७ नम्बर स्कुटरको फुट प्यानलभित्र कालो प्लास्टिकमा लुकाएर लैजाँदै गरेको १९ पत्तामा ५ सय ७० ट्याब्लेट र रेस्काप ३ बोतलसहित उनीहरूलाई शनिबार प्रहरीले पक्राउ गरेको थियो।

# चिसोको मारमा भूकम्पपीडित

नुवाकोट, (नेस)

केही दिनयता बढेको चिसोले नुवाकोटका भूकम्प प्रभावितहरूको जनजीवन कष्टकर बनेको छ। चिसोकै कारण निजी आवास पुनर्निर्माण प्रभावित बनेको छ भने स्वास्थ्य संस्थामा बिरामीको चापसमेत बढेको छ।

भूकम्प गएको झण्डै तीन वर्ष हुँनै लाग्दा समेत निजी घर निर्माण नहुँदा नुवाकोका भूकम्पपीडितहरू चिसोको चपेटामा परेका हुन्। चिसोले महिला, बालबालिका तथा वृद्धवृद्धा बढी प्रभावित भएका छन्। चिसोको कारण नुवाकोटको गेर्खु, भैंसे, विदुर, देवीघाट, बेलकोटट, जिलिङ, रातमाटे ककनीलगायतका भूकम्पपीडित बढी प्रभावित बनेका छन्।

कात्तिक पहिलो साताबाट चिसो बढ्ने नुवाकोटमा पुष पहिलो साताबाट अत्याधिक चिसो बढेको छ। चिसोका कारण घर बनाउन समस्या भएको बेलकोटका भूकम्पपीडित रामचन्द्र अधिकारीले बताए। उनले भन्ने- 'चिसो बढ्दै जाँदा घर बनाउन सकिएको छैन। अहिलेसम्म नबनेका घरको अब गर्मी महिना शुरू भएपछि मात्र निर्माण शुरू हुन्छ।' त्यस्तै विदुर नगरपालिका देवीघाटका ७७ वर्षीय उद्धव अर्यालले भने- 'घर बनाउन सकेको छैन, यो बुढ्यौली पनि टहरामै बित्ने भयो, अब घर बनाउने कुरा छेपाराको उखानजस्तै भएको छ। कहिले के पाइँदैन कहिले के।'

जाडो बढेसँगै सडकमा सर्वसधारणले बिहान र बेलुकाको समयमा आगो तापेर बसेको समेत भेटिएको छ। जाडो बढेर कठ्यांग्रिएसँगै यसबाट जनजीवन प्रभावित भएको छ। चिसो अत्यधिक बढेपछि जिल्लाका बजार क्षेत्रमा हिटरको खपत बढेको छ भने गाउँघरमा दाउराको खपत बढेको छ।

## ओपीडीमा बिरामीको संख्या कम

# कोल्ड डायरियाका बिरामी बढे

**यमलाल भुसाल, बुटवल**

चिसो बढेसँगै लुम्बिनी अञ्चल अस्पतालमा कोल्ड डायरिया (चिसोबाट हुने झाडा पखाला)का बिरामीको संख्या निकै बढेको छ।

लुम्बिनी अञ्चल अस्पताल बुटवलका सूचना अधिकृत लक्ष्मीराज रेग्मीका अनुसार पछिल्लो एक हप्तामा अञ्चल अस्पतालमा ओपीडी सेवामा बिरामीको संख्या घटेको छ भने कोल्ड डायरियाका बिरामीको संख्या बढेको छ। एक हप्तायता अस्पतालमा कोल्ड डायरियाका कारण बूढाबूढी अस्पताल आउने गरेको उहाँले बताउनुभयो।

तर ओपीडी सेवामा आउने बिरामीको संख्या भने आधा घटेको छ। चिसोका कारण विभिन्न खाले समस्या हुने भएकाले चिसोबाट बच्न स्वास्थ्यकर्मीहरूले सुझाव दिएका छन्। चिसोले बूढाबूढी तथा बच्चालाई बढी प्रभाव पार्ने भएकाले बूढाबूढी तथा बच्चालाई सुरक्षित राख्न स्वास्थ्यकर्मीहरूको सुझाव छ। सिद्धार्थ महिला तथा बाल अस्पताल (आम्दा) बुटवलका निर्देशक डा. विनोद पराजुलीका अनुसार चिसोबाट बच्न न्यानो कपडा लगाउनुपर्छ, बिहान-साँझ बढी चिसो हुने समयमा बाहिर निस्किनु हुँदैन।

मानिसको शरीरको तापक्रममा टाउकोबाट बाहिर जाने भएकाले चिसो मौसममा टोपी अनिवार्यरूपमा लगाउन उहाँको सुझाव छ।

निमोनिया तथा दमका बिरामीले आगो बालेर धेरै ताप्नु हुँदैन। निमोनिया तथा दमका बिरामीलाई आगोबाट उत्पन्न हुने धुवाँले धेरै दबाउने भएकाले आगो ताप्न नहुने डा. पराजुली बताउनुहुन्छ। त्यस्तै बालबच्चाको विशेष सुरक्षा गर्न उहाँको सुझाव छ। चिसोले बच्चाहरूलाई धेरै सताउने भएकाले न्यानो कपडा लगाएर राख्नुपर्ने, तर गुम्याउन नहुने उहाँले बताउनुभयो।

चिसोमा बालबालिकालाई घर बाहिर निकाल्नु हुँदैन। टोपी अनिवार्य लगाउनुपर्छ। त्यस्तै कोठा तातो गराउनका लागि कोठाभित्र आगो बाल्ने र गुम्म पार्ने गर्नु हुँदैन। त्यसले बालबालिका तथा निमोनिया र दमका बिरामीलाई समेत असर गर्दछ। त्यसैले कोठाभित्र आगो नबाल्न तथा कोठाको भेन्टिलेसन खुल्ला राख्न उहाँले सुझाव दिनुभयो। त्यस्तै कोठाभित्र सकेसम्म हिटर नचलाउने र चलाउनै पर्ने भए पनि नजिकै भाडामा पानी राखेर चलाउन डा. पराजुलीले सुझाव दिनुभयो।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**पासपोर्ट हराएको सुचना**

मिति २०७४ साल मंसिर २० गते हुवासबाट हिलेसम्म जाँदै गर्दा मेरो निम्न व्यहोरा भएको पासपोर्ट लगाएत महत्वपूर्ण कागजातहरु हराएको हुँदा फेला पार्नुहुने महानुभनवहरुले निम्न ठेगाना वा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : सुसन गुरुङ
ठेगना : भोर्ले ४ पर्वत
फोन नं :९८०५११८२७७
पासपोर्ट नम्बर: ०७४०९०७३

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडे रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, पुस
मंगलबार
२५

सोमबार गरिएको बजार सरसफाई र ढुंगामुडा हटाउने अभियानसँगै आन्दोलनको स्वरूप पनि केही परिवर्तन गरिनुका साथै बन्द गरिएका सबै चिज बिस्तारै खोलिने योजना रहेको आन्दोलनका अगुवा तथा डोटी उद्योग वाणिज्य संघका अध्यक्ष नरेन्द्र खड्काले बताउनुभयो।

# नेपाल

## नगरवासीलाई न्यानो पार्दै नगर प्रमुख

कृष्णउदास खनाल, वीरगन्ज

अत्यधिक चिसोका कारण वीरगन्ज नगरवासीकै दैनिकी कष्टकर बनेपछि नगर प्रमुख (मेयर) विजयकुमार सरावगी आफैं नगरवासीलाई न्यायो प्रदान गर्न जुटेका छन्।

उनले सोमबार नगरका विभिन्न वडामा विभिन्न सामाजिक संघसंस्थासँग सहकार्य गरी विपन्न वर्गलाई कम्बल वितरण गरेका छन्। क्याल समूह नेपालको आर्थिक सहयोग वीरगन्ज महानगरपालिकाका नगर प्रमुख (मेयर) विजयकुमार सरावगीले महानगरको वडा नम्बर ३ छपकैया, वडा नम्बर १४ पिपरा र वडा नम्बर २५ सिरिसियाका चार वटा स्थानमा विभिन्न विपन्न वर्गका व्यक्तिलाई कम्बल वितरण गरेका हुन्। जाडो र शीतलहरका कारण वीरगन्जका विभिन्न स्थानको जनजीवन प्रभावित हुन थालेपछि त्यो अवस्थालाई मध्यनजर गर्दै वीरगन्ज महानगरपालिकाको कार्यालयले कम्बल वितरण शुरू गरेको मेयर सरावगी सचिवालयका स्वकीय सचिव तबरेज अहमदले जानकारी गराए।



'जाडोले सर्वसाधारणको जनजीवन प्रभावित हुने भएका कारण त्यो अवस्थालाई मध्यनजर गरेर हामीले कम्बल वितरण गरेका हौं', मेयर सरावगीका राजीतिक सल्लाहाकार मुकेश द्विवेदीले भने- 'वीरगन्ज महानगरपालिकाका सम्पूर्ण वडामा लगभग २ हजार ५ सय परिवारलाई कम्बल वितरण गर्ने हामीले लक्ष्य लिएका छौं।'

कम्बल वितरण कार्यक्रममा वडा नम्बर ३ का वडाअध्यक्ष बैजु साह सोनार, वडा नम्बर १४ का वडाअध्यक्ष भारत कुर्मी, वडा नम्बर २५ का वडाअध्यक्ष बिश्राज पटेल, विभिन्न वडा सदस्यलगायत अन्यको उपस्थिति रहेको थियो। नगरवासीलाई जनताको प्रतिनिधि नगरमा रहेको अनुभूति दिलाउनका लागि पनि आफूले आफ्नै अग्रसरतामा न्यायो कपडा वितरण गरेको मेयर सरावगीले बताए।

## आन्दोलनकारीले गरे दिपायल बजार सफाइ

विमल विष्ट, डोटी

डोटीको प्रमुख व्यापारिक केन्द्र दिपायल पिपल्ला बजारमा आज सरसफाई गरिएको छ। दिपायल राजधानी माग्दै आन्दोलनकारीले बजारमा टायर बाल्नुका साथै ठाउँ-ठाउँमा ढुंगामुडा राखेका कारण बजार फोहर भएको भन्दै स्थानीयवासी तथा आन्दोलनकारीले सोमबार आफैं दिपायलस्थित पिपल्ला बजार सरसफाई गरेका छन्।

त्यस्तै स्थानीयले बजारमा ढुंगामुडा राखेर लगाइएको पर्खालसमेत हटाएका छन्। दिपयाल सिलगढी नगरपालिकाको दमकल लगाएर पानी छर्किंदै स्थानीयले बजार सरसफाई गरेका हुन्। स्थानीयले बजार सफाई गरेपछि अहिले यहाँको बजार सफा र सुन्दर देखिएको छ। त्यस्तै आन्दोलनकारीले दिपायल राजधानी माग्दै विगत ६ दिनदेखि विद्यालय, कलकारखाना, उद्योग तथा सरकारी कार्यालय बन्द गराएका छन्।



नगरपालिकाको दमकलद्वारा पानी छर्किएर बजार सफा गर्दै स्थानीय।

सोमबार गरिएको बजार सरसफाई र ढुंगामुडा हटाउने अभियानसँगै आन्दोलनको स्वरूप पनि केही परिवर्तन गरिनुका साथै बन्द गरिएका सबै चिज बिस्तारै खोलिने योजना रहेको आन्दोलनका अगुवा तथा डोटी उद्योग वाणिज्य संघका अध्यक्ष नरेन्द्र खड्काले बताउनुभयो। उहाँले भन्नुभयो- 'बन्द हड्ताल मात्रै समस्याको समाधान होइन, हामी आन्दोलनको स्वरूप परिवर्तन गरी नयाँ ढंगबाट दबाबमूलक कार्यक्रम लिएर आन्दोलनमा उत्रिनेछौं।'

## सार्वजनिक सुनुवाइमा घरेलु हिंसाका मुद्दा

नेपाल समाचारपत्र

लमजुङ

लमजुङमा आयोजना गरिएको सार्वजनिक सुनुवाइमा घरेलु हिंसाका मुद्दा बढी मात्रामा सहभागीले उठाए। जिल्ला प्रहरी कार्यालय लमजुङले रागिनास नगरपालिकाको तिनपिप्लेमा आयोजना गरेको सो कार्यक्रममा त्यस्ता मुद्दा उठाइएको हो।

सो अवसरमा मादकपदार्थको नियन्त्रण, घरेलु हिंसा, बालविवाह, जातीय विभेद, यातायात व्यवस्थापन प्रमुख मुद्दा बनाइएको हो। समाजमा शान्ति स्थापनाका लागि सचेतनासँगै मादकपदार्थको नियन्त्रण गर्न सके मात्र दिगो शान्ति स्थापना गर्न सकिने भन्दै स्थानीयरूपमा उत्पादन हुने मादकपदार्थको उत्पादनमा रोक लगाउन आवश्यक रहेको सहभागीले बताएका थिए। कार्यक्रमका सहभागी शिशु विद्याश्रमकी प्रधानाध्यापक नानुमाया पराजुलीले मापसेका कारणले गर्दा घरेलु हिंसा बढेको बताउनुभयो।

शान्ति स्थापनाका लागि प्रहरीको भूमिकामा गरिएको प्रश्नमा प्रहरी अधिकारीबाट आफूहरूको सुरक्षा चुनौतीका बारेमा जिज्ञाशा राखेका थिए। उनीहरूले जनताको सुरक्षा दिने प्रहरी आफू पहिले सुरक्षित भएको अनुभूति हुनुपर्नेमा जोड दिएका थिए। सो अवसरमा विकास निर्माणमा भएको ढिलासुस्तीका बारेमा पनि प्रश्न उठाइएको थियो। विशेषत: शान्ति स्थापना र अमनचयनका विषयमा केन्द्रित भएका स्थानीयले जिल्ला समन्वय समितिले गिटी बालुवालगायतका वस्तुमा लगाएको कर र निकासीका विषयमा समेत जिज्ञाशा राखेका थिए।

प्रमुख जिल्ला अधिकारी युवराज मैनालीको प्रमुख अतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा उहाँले प्रहरी र जनताको सम्बन्ध नङ मासुजस्तै भएकाले सम्बन्धलाई थप मजबुद बनाउन आग्रह गर्नुभयो। प्रहरी नागरिकको सेवामा लागि रहने भएकाले हरेक नागरिकले प्रहरीको सेवामा सहयोग गर्नुपर्ने उहाँको धारणा थियो। प्रहरी कानुन कार्यान्वयनको जिम्वेवारी वहन गरेको संस्था भएको हुँदा कानुनी राज्य स्थापनका लागि प्रहरीको अभियानलाई सहयोग गर्दै हरेक नागरिक कुननी दायरामा आउन सके मात्र कानुनी राज्यको अनुभूति हुने उहाँले बताउनुभयो।

सो अवसरमा कार्यक्रममा इलाका प्रहरी कार्यालयको भवन निर्माणका लागि जग्गा दान गर्नुहुने समाजसेवी खिला शर्मालाई सम्मान गरिएको थियो। जिल्ला प्रहरी कार्यालय लमजुङका प्रमुख पदमबहादुर विष्टको अध्यक्षतामा भएको कार्यक्रममा प्रहरी निरीक्षक बुद्धिसागर पुरीले आर्थिक वर्ष २०७४/७५ जिल्ला प्रहरी कार्यालय लमजुङले गरेका पहिलो त्रैमासिकमा भएका कार्यक्रम सार्वजनिक गर्नुभएको थियो। कार्यक्रममा सहभागीले पुरीले प्रस्तुत गर्नुभएको कार्यपत्रको सेरोफेरोमा रहेर आफ्ना जिज्ञाशा राखेका थिए। सहभागीहरूको जिज्ञाशाको जवाफमा प्रहरी नायव उपरीक्षक पदबहादुर विष्टले शान्ति सुरक्षा कायम गर्न वर्दीसहितका र वर्दीरहितका सबै नागरिकको कर्तव्य समान रहेको बताउनुभएको थियो।

कार्यक्रममा रागिनास नगरपालिकाका कार्यकारी अधिकृत देवबहादुर अधिकारी, जिल्ला अनुसन्धान अधिकृत सरोज निरौला, राइनास- १ का वडाध्यक्ष रमेश न्यौपान र ६ का रुकबहादुर तामाङले पनि मन्तव्य राख्नुभएको थियो।

## छाउगोठमा महिलाको ज्यान गयो

डोटी, (नेस)

अछामको तुर्माखाँद गाउँपालिका वडा नम्बर ३, भैरवस्थानमा महिनावारी भएको बेला घरदेखि टाढा छाउपडी गोठमा सुतेकी २२ वर्षीया एक महिलाको ज्यान गएको छ।

७ नम्बर प्रदेश प्रहरी कार्यालय दिपायलले दिएको जानकारीअनुसार स्थानीय वीरेन्द्र बुढाकी श्रीमती गौरी बुढाको छाउपडी गोठमा एक्लै सुतिरहेको अवस्थामा राति मृत्यु भएको हो। मृतक बुढा तुर्माखाँदस्थित कालिकेश्वरी माविमा कक्षा ११ मा अध्ययनरत रहेको प्रहरीले जनाएको छ। राति खाना खाएर सुतेकी गौरी सोमबार बिहान अबेरसम्म नउठेको र ढोका फोरेर हेर्दा मृतावस्थामा भेटिएको मृतकका ससुरा डम्बरबहादुर बुढाले जानकारी दिनुभयो।

मृत्यु हुनु अघिल्लो दिनभर मेलामा खर काटेको र उनी बिरामी नभएको बुढाले जानकारी दिनुभयो। नेपाल प्रहरीमा जागिरे मृतकका श्रीमान् काठमाडौंबाट फर्केपछि मात्र उनको मंगलबार दाहसंस्कार गरिने परिवारले जानकारी दिएको छ। सेभ द चिल्ड्रेनको सहयोगमा महिला तथा बालबालिका कार्यालयले सञ्चालन गरेको छाउपडी प्रथा निवारण परियोजनाले भैरवस्थान गाविसलाई दुई वर्षपहिले छाउपडी गोठमुक्त घोषणा गरेको छ। गत वर्षमात्रै पनि तिमिल्सेनमा डम्बरा उपाध्याय र गाज्रामा रोशनी तिरुवाको छाउपडी गोठमै सुतिरहेको अवस्थामा ज्यान गएको प्रहरीले जनाएको छ।

## भारतमा एक नेपाली बेवारिसे अवस्थामा फेला

बैतडी, (नेस)

भारतको बेङ्लोरमा एउटा नेपाली वृद्ध सोमबार बेवारिसे अवस्थामा फेला परेका छन्। छोरासँगै दुई महिनाअगाडि मजदूरीका लागि भारत गएका बैतडीको पुर्चौडी नगरपालिकाका भुमिराज तिरकाली घर बताउने ६० वर्षीय मन्नो साउद बेङ्लोरको लालबाग गेटमा फेला परेको भारतबाट नरेश महराले टेलिफोनमार्फत् जानकारी दिनुभयो।

मानसिक अवस्था ठीक नभएका मन्नो दुई महिनादेखि घरपरिवारको सम्पर्क बाहिर रहेकामा आज बेवारिसे अवस्थामा फेला परेका हुन्। उहाँले भन्नुभयो- 'घरपरिवार खोज्दै बेवारिसे अवस्थामा सडकमा देखा परेका मन्नोलाई हामीले नियन्त्रणमा लिएका हौं।' मन्नो अहिले आफूहरूसँग रहेकाले उनलाई नेपाल पठाउन तयारी भईरहेको महराले जानकारी दिनुभयो। उहाँले भन्नुभया- 'नेपाल पठाउनलाई आर्थिक संकलनमा जुटेका छौं।'

Invitation for Bids

Punarbas Municipality
Office Of The Municipal Executive
**Punarbas, Kanchanpur**
**Contract Identification No: PUN/MUN/074-075-006, 007**
**Date of publication: 9th January, 2018 (2074/09/25)**

1. ***Punarbas Municipality Office*** invites sealed bids from eligible bidders for **Below mentioned Projects** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Punarbas Municipality, Office of The Municipal Executive, Punarbas, Kanchanpur, Phone no. +977-099-560254/ +977-099-560055.**
3. Bidding documents may be purchased from the Punarbas Municipality Office, Punarbas, by eligible Bidders on the submission of a written application accompanied by a letter of Authority from the firm to the address above along with the copy of ***Notary Certified Company/Firm registration certificate, PAN/VAT certificate, Tax Clearance certificate for fiscal year 2016/17(2073/74, registration certificate of firm in concerned local level office ( esthaniya taha) and Self declaration letter of not being ineligible up to the submission date.*** The payment mode may be direct deposit or bank transfer to the Rastriya Banijya Bank, Shivasarojsthal Punarbas Kanchanpur AC no 4210304018102( NA.PA.SANCHIT KOSH) Punarbas Municipality Office till 2074/10/24 (7th FEB, 2018) in office time.
4. Sealed bids must be submitted to the office Punarbas Municipality, Kanchanpur by hand/courier before 12:00 Noon on 2074/10/25 (8th FEB 2018). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm on 2074/10/25 (8th FEB 2018). at the Punarbas Municipality Office, Kanchanpur. Bids must be valid for a period of 90 (ninty) days after bid opening and must be accompanied by a bid security amounting to a minimum of ***Below mentioned amounts*** which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:

   **Name of the Bank:** Rastriya Banijya Bank, Shivasarojsthal, Punarbas Kanchanpur.
   **Name of Office:** Punarbas Municipality, Office Of The Municipal Executive, Punarbas,
   **Account No. :** 4210303007102 (Dharauti Khata)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partialy any or all the bids without assigning reason whatsoever.
8. Matters not covered by this notice shall be in accordance with bidding document, public procurement act (1st amendment) 2074 and public procurement regulation (4th amendment.) 2073.

| *Contract no./ID* | *Description of Works* | *Estimated amount (without VAT)* | *Bid Security Amount (Nrs.)* | *Bid Document Fee (Nrs.)* |
|---|---|---|---|---|
| PUN/MUN/ 074-075-006 | **TCN Chowk to East Town Way Incomplete Road, Ward no. - 5 (II Segment)** | *44,01,530.35* | *1,25,000/-* | *Rs. 3,000/-* |
| PUN/MUN/ 074-075-007 | **Incomplete Blacktop Road to North Kesav Bhusal Chowk Road, Ward no.- 8 (II Segment)** | *21,98,827.97* | *63,000/-* | *Rs. 3,000/-* |

*Chief Administrative Officer*

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
**Western Regional Road Directorate**
**Division Road Office**
Damauli, Tanahun
**Notice No.:- 09-074/75**

Invitation for Sealed Bids

**(Date of First Publication: 2074/09/25)**

1. Division Road Office, Damauli invites sealed bids from registered domestic contractors for construction of Roads given in the table below. Eligible Bidders may obtain further information and inspect the bidding documents through PPMO, **www.bolpatra.gov.np/egp** and Division Road Office, Damauli, Tel No: 065-560170.
2. Bids must be submitted **electronically through e-procurement section of PPMO, www.bolpatra.gov.np/egp,** on or before 12:00 hour on the date 2074/10/25 as specified in the Instruction to Bidders. (Purchase and submission of Physical copy (Hard Copy) of Bid Document is abolished) Documents received after this deadline shall not be accepted. **Information of bank:** Name of office: Division Road Office, Damauli / For Bid Document purchase, Revenue: Office Code Number: 43-337-01/Revenue Account number: Ka 1-1- 001-1192, Rajaswa (Revenue) Sirshak No: 14227 up to date 2074/10/24.
   **For deposit (Bid security):** Deposit Account number **Ko Le Ni Ka 06002000000003000017**, office code no.: 43-337-01, Name of the Bank: Nepal Bank Limited, Damauli.
3. Bids shall be opened in the presence of bidders' representatives who choose to attend at **14:00** hour on the date 2074/10/25 at Division Road Office,

| Contract Number | Description and location of work | Price of Bid Document (NRs.) | Bid Security Amount (NRs.) | Estimate Amount in Nrs. Without VAT |
|---|---|---|---|---|
| DRODML/ 3371653/74/ 75 -12 ( Specific Maintenance) | Black Top works along Aanbu – Gorkha Road near Gorkha Bazar (Ch: 23+120 to 23+650). | 3,000.00 | 2,25,000.00 | 67,27,928.62 |
| DRODML/ 3371544/74/75-13 ( Tal Link Road) | Construction of RCC Pavement, Retaining structures and Slab culvert.in Manang District. | 3,000.00 | 3,00,000.00 | 1,00,30,204.04 |
| DRODML/ 3371224/74/75-14 | Road Maintenance Works along Byas Marga in Tanahaun District. | 3,000.00 | 4,50,000.00 | 1,30,69,531.07 |

**Division Chief**



# विश्व

**आगलागी**

भारतको दक्षिणी शहर बैंगलोरस्थित एउटा बारमा आगलागी हुँदा ५ जना कर्मचारीको ज्यान गएको छ।



**विस्फोट**

सिरियाको लडाकू नियन्त्रित शहर इडलिवमा भएको विस्फोटमा २३ व्यक्ति मारिएका छन्।



2018, JAN
Tuesday
9

विश्व २ मिनेट

## सिरिया

### शक्तिशाली विस्फोट

दमास्कस, (एजेन्सी)

लडाकूहरूको नियन्त्रणमा रहेको उत्तर-पश्चमी सिरियाको इडलिव शहरमा भएको एक शक्तिशाली विस्फोटनमा कम्तीमा २३ जना मानिसको ज्यान जानुका साथै अन्य थुप्रै व्यक्ति घाइते भएको स्थानीय सञ्चार माध्यमले सोमबार जनाएका छन्। बेलायतस्थित सिरियाली मानवअधिकार मामिला हेर्ने निकायले मुख्य लडाकू समूहबाट छुटिएको एक सानो टोलीको मुख्यालयमा विस्फोट भएको पुष्टि गरेको छ। मारिनेमध्ये ७ जना सर्वसाधारण रहेको बताइएको छ। तर थालाथिन शहरमा भएको सो विस्फोटको कारण भने अझैसम्म खुलेको छैन। सिरियाली गृहयुद्धमा हजारौंको ज्यान गइसकेको छ।

## भारत

### बारमा आगलागी

नयाँदिल्ली, (एजेन्सी)

भारतको एउटा बारमा आगलागी हुँदा त्यहाँ कार्यरत ५ जना कर्मचारीको जलेर मृत्यु भएको प्रहरीले जनाएको छ। दक्षिणी भारतीय शहर बैंगलोरको कैलाश बारमा स्थानीय समयअनुसार सोमबार बिहान २ बजेर ३० मिनेट जाँदा आगो लाग्दा तिनीहरू सो बारमा सुतिरहेको प्रहरीले जनाएको छ। आगलागीको कारण पत्ता लगाउन अनुसनधान शुरू भइसकेको बताइएको छ। विगत दुई साताभित्र मुम्बईका दुईवटा छुट्टाछुटै स्थानमा भएको आगलागीमा १९ जना मानिसको मृत्यु भएको थियो। फोरेन्सिक टोली र अग्नि नियन्त्रण टोलीले संयुक्तरूपमा आगलागीबारे अनुसन्धान गरिरहेका छन्।

## अमेरिका

### गोप्य अन्तरिक्षयान जुमा

केप क्यान्वेरल, (एजेन्सी)

स्पेस एक्सले यस वर्षको पहिलो अन्तरिक्ष अभियानमो सफल प्रक्षेपण गरेको छ। उक्त अन्तरिक्ष एजेन्सीले गत वर्ष १८ पटक प्रक्षेपण गर्दै कीर्तिमान कायम गरेको थियो। यस वर्षको पहिलो प्रक्षेपणमा विशेष गोप्य अन्तरिक्ष यान जुमालाई अन्तरिक्षमा पुऱ्याएको छ। जुमा अमेरिकी सरकारको अत्यन्त गोप्य अभियान भित्र पर्छ। स्पेस एक्सले जुमालाई फ्लोरिडास्थित केप क्यान्वेरल प्रक्षेपण केन्द्र स्थित एसएलसी-४० बाट प्रक्षेपण गरिएको हो। उक्त अन्तरिक्ष यानलाई पृथ्वीको तल्लो कक्षमा पुऱ्याइने बताइएको छ। तर उक्त यानको उद्देश्य र डिजाइनका विषयमा कुनै जानकारी नभएको जनाएको छ।

## चीन

### चीन र युरोप मिल्ने

सियान, (एजेन्सी)

फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोंले सोमबार बेइजिङको 'बेल्ट एन्ड रोड' पहलमा चीन र युरोपले मिलेर काम गर्नुपर्ने बताएका छन्। आधुनिक 'सिल्क रोड' निर्माण गर्ने उद्देश्यको उक्त परियोजना एकतर्फी हुन नसक्ने उनले बताए। प्राचीन सिल्क रोड कहिल्यै पनि चिनियाँको मात्र थिएन। प्राचीन सिल्क रोडको पूर्वी प्रस्थान विन्दु सियानमा प्राज्ञिक, विद्यार्थी र व्यापारीको भेलामा म्याक्रोंले बताए। परिभाषाले यदि त्यो मार्ग हो भन्ने मात्र साझा हुनसक्छ र त्यो एक तर्फीमात्र नहुने उनले बताए। सन् २०१३ मा सार्वजनिक बेल्ट एन्ड रोडको उद्दश्य चीनलाई दक्षिण एसिया, मध्यएसिया र मध्यपूर्व हुँदै युरोप र अफ्रिकालाई जोड्नु रहेको छ।

# विभेदकारी तलबका कारण बीबीसी चीनकी महिला सम्पादकद्वारा राजीनामा

लन्डन, (एजेन्सी)

बीबीसी चीनकी सम्पादक क्यारी ग्रेसीले संस्थामा असमान तलबलाई लिएर आफ्नो पदबाट राजीनामा दिएकी छिन्। ग्रेसीले बीबीसीमा महिला कर्मचारीलाई पुरुष कर्मचारीको तुलनामा कम वेतन दिने गरेको बताएकी छिन्।

राजीनामापछि जारी गरेको एक खुला पत्रमा ३० वर्ष बीबीसीमा काम गरिरहेकी ग्रेसीले बीबीसी कर्पोरेसनमाथि 'गोप्य तथा गैरकानुनी तलब संरचना'को आरोप लगाएकी छन्। उनले डेढलाख बेलायती पाउन्डभन्दा धेरै तलब खाने कर्मचारीमा दुई तिहाइ पुरुष भएको जानकारी अगाडि आएपछि बीबीसीले विश्वासको संकटको सामना गरिरहेको बताइन्।

बीबीसीले उनको आरोपलाई लिएर संस्थामा महिलाविरुद्ध कुनै भेदभाव नभएको जनाएको छ। ग्रेसीले बीबीसी चीनको सम्पादकका रूपमा गत हप्ता आफूले राजीनामा दिएको तर संस्थामा भने रहिरहने बताएकी छन्।

आफू टीभी न्युजरूममा आफ्नो पूर्व भूमिकामा फर्कने र त्यहाँ आफूले तलब पुरुषबराबर पाउने अपेक्षा गरेको ग्रेसीले बताए। बजफिड न्युजमा प्रकाशित खुला



पत्रमा उनले लेखेकी छिन्- 'बीबीसी नागरिकको सेवा हो जसले अनुमति शुल्क चुकाउँछ।'

उनले भनिन्- 'बीबीसीले समानताको कानुन तोडिरहेको छ र पारदर्शी तथा निष्पक्ष तलब स्ट्रक्चरका लागि दिएको दबावलाई रोकिरहेको छ भन्ने कुरा सबैको थाहा पाउने अधिकार छ भन्ने मैले ठानेकी छु।'

गत वर्ष जुलाइमा बीबीसीलाई बार्षिक डेढ लाख पाउन्डभन्दा धेरै कमाउने सबै कर्मचारीहरूको तलब सार्वजनिक गर्नुपरेको थियो। ग्रेसीले बीबीसीका दुई पुरुष अन्तर्राष्ट्रिय सम्पादक महिलाहरूको तुलनामा कम्तीमा ५० प्रतिशत बढी तलब खाइरहेको थाहा पाएपछि आफू निराश भएको बताइन्। बीबीसी अमेरिकाका सम्पादक जोन सोपेलले २ देखि साढे दुई लाख पाउन्डको बीचमा तलब पाएका थिए। त्यसै गरी बीबीसी मध्यपूर्वका सम्पादक जेरेमी बावेनले डेढदेखि दुई लाख पाउन्डको बीचमा तलब प्राप्त गरेका थिए।

क्यारी ग्रेसी उक्त सूचीमा थिइन् तर उनको डेढ लाख पाउन्ड वार्षिक तलबभन्दा कम थियो। आफ्नो खुला पत्रमा ग्रेसीले समानताको कानुन भन्ने गरेको, समान काम गरिरहेका पुरुष र महिलालाई बराबर तलब दिनुपर्ने उल्लेख गरेकी छिन्।

आफनो पत्रमा ग्रेसीले आफूले तलबवृद्धि नचाहेको तर समान तलब चाहेको उल्लेख गरेकी छिन्।

यसैबीच बीबीसी सञ्चार सम्पादक अमोल राजनले ग्रेसीको राजीनामाले बीबीसीका लागि समस्या उत्पन्न गराएको बताए। राजनका अनुसार बीबीसीले तलबमा समानता ल्याउने प्रतिवद्धता जनाएको छ तर ग्रेसीको पत्रले त्यसलाई खोक्रो आश्वासन मात्र भएको देखाएको छ।

ट्विटरमा बीबीसीका पत्रकारसमेत धेरैले क्येरी ग्रसीको समर्थन गरेका छन्।

# महाथिर पुनः प्रम उम्मेदवारमा छनोट



क्वालालम्पुर, (एजेन्सी)

मलेसियाको सत्तामा लामो समय रहेका पूर्वप्रधानमन्त्री महाथिर मोहमद पुनः एक पटक प्रधानमन्त्री पदको उम्मेदवारमा छनोट भएका छन्। ९२ वर्षीय मोहमदलाई आइतबार विपक्षी राजनीतिक गठबन्धनले आगामी अगस्टमा हुने आम निर्वाचनको प्रधानमन्त्रीय उम्मेदवारका रूपमा छनोट गरेको हो।

उनले सन् २००३ मा प्रधानमन्त्री पद त्यागेको थिए। त्यसअघि उनले दुई दशकभन्दा लामो समय सो पद सम्हालेका थिए। यदि उनले सो निर्वाचन जितेको खण्डमा उनी विश्वकै सबैभन्दा बढी उमेरका नेता हुनेछन्। केही वर्षयता वर्तमान प्रधानमन्त्री नाजिब राजाकको व्यापक विरोधको आवाज उठाउँदा उठाउँदै मोहमद पुनः राजनीतिमा तानिएका हुन्।

राजाकलाई वन एमडीबी नामक सरकारी विकास कोषको अर्बौं अमेरिकी डलर घोटाला गरेको अभियोग लगाइएको थियो। महाथिरले सत्तारुढ यूएमएनओ पार्टी त्यागेर सन् २०१६ मा नयाँ बेर्साटु खोलेका थिए। त्यस पार्टीमा विपक्षी गठबन्धन पाकाटान हारापान पनि प्रवेश गरेको थियो।

महाथिरको नेतृत्वमा मलेसिया एसियाको आर्थिकरूपमा सवल राष्ट्र बनेको थियो। तर आफ्नो शासनकालमा उनी आफ्ना विरोधीसामु कडारूपमा प्रस्तुत भएका थिए। उनको सम्भावित उत्तराधिकारी मानिने उपप्रधानमन्त्री अनवर इब्राहिमलाई सन् १९९८ मा राजनीतिक मतभेदका कारण समलिंगी र भ्रष्टाचारको अभियोगमा ६ वर्ष लामो काराबास सजाय सुनाइएको थियो।

त्यसपछि सन् २०१३ को चुनावमा विपक्षीका रूपमा देखापरेका इब्राहिमलाई सन् २०१५ मा पुनः विभिन्न अभियोगमा जेल चलान गरिएको थियो।

**इरानद्वारा छिमेकी मुलुकलाई चेतावनी**

# पूर्वप्रम गिरफ्तार

तेहरान, (एजेन्सी)

इरानका विदेशमन्त्री मोहमद जावाद जारिफले सोमबार राजधानी तेहरानमा आयोजित एउटा सुरक्षा सम्मेलनमा आफ्ना छिमेकी मुलुकलाई इरानमा गत दुई सातादेखि चलिरहेको सरकारविरुद्धको प्रदर्शनलाई उक्साइरहेको चेतावनी दिएका छन्। उनले इरानका प्रमुख शत्रु राष्ट्र साउदी अरेवियालगायतका देशहरूलाई चेतावनी दिएका हुन्। २८ डिसेम्बरमा इरानको दोस्रो सबैभन्दा ठूलो शहर मासादमा पहिलो पटक सरकारविरुद्ध प्रदर्शन शुरू भएको थियो। सो प्रदर्शनपछि अन्य थुप्रै शहरमा फैलिएको थियो। यस प्रदर्शनलाई सन् २००९ को विवादास्पद राष्ट्रपतीय चुनावको बेला भएको प्रदर्शन पछिको ठूलो मानिएको छ। यस प्रदर्शनको क्रममा अहिलेसम्म २१ जना मारिनुका साथै अन्य थुप्रै जना पक्राउ परेका छन्।

यसैबीच इरानको पूर्वराष्ट्रपति मोहम्मद अहमदिनेजादलाई सरकारविरुद्धको प्रदर्शनमा हिंसा भड्काएको आरोपमा प्रहरीले गिरफ्तार गरेको छ। लन्डनबाट प्रकाशित हुने अखबार अल-कुद्स अल-अरवीले पश्चिमी इरानी शहर बुसेरमा दिएको एक विचारोत्तेजक अभिव्यक्तिका कारण अहमदिनेजादलाई फक्राउ गरिएको जनाइएको छ। चर्को मूल्य वृद्धि र बढ्दो भ्रष्टाचारलाई लिएर सरकारविरोधी प्रदर्शन शुरू भएको हो।



# सरकारसँगको लडाइँ जारी रहन्छ : *अरसा*

यांगुन, (एजेन्सी)

म्यान्मारका अल्पसंख्यक रोहिंग्या मुस्लिम बाहुल्य क्षेत्रमा सक्रिय विद्रोही समूह अरसाले सरकारसँग आफ्नो लडाइँ जारी राख्ने जनाएको छ।

गतवर्ष उक्त आराकान रोहिंग्या सेल्भेसन आर्मी (एआरएसए) अरसाले सेनामाथि आक्रमण गरेको थियो। त्यसपछि रखाइन प्रान्तमा व्यापकरूपमा हिंसा शुरू भएको थियो। उक्त हिंसाका कारण ६ लाख ५० हजार रोहिंग्या मुसलमानले देश छोडेर बंगलादेशतर्फ पलायन हुनुपरेको थियो।

एआरएसएले गत शुक्रबार रखाइन प्रान्तमा सेनाको एक ट्रकमा हमला गरेको दाबी गरेको छ। जसमा ३ जना घाइते भएको बताइएको छ। म्यान्मारको सरकारको दृष्टिकोणमा आराकान रोहिंग्या सेल्भेसन आर्मी एक कट्टरपन्थी संगठन हो। तर उक्त समूहले आफू रोहिंग्याका अधिकारका लागि लडिरहेको जनाएको छ। एआरएसए म्यान्मारको उत्तरी प्रान्त रखाइनमा सक्रिय समूह हो। यस प्रान्तमा अल्पसंख्यक रोहिंग्या समुदायले संकटको सामना गर्नु परिरहेको छ।



म्यान्मारको सरकारले रोहिंग्या समुदायका सदस्यलाई आफ्नो देशका नागरिक मान्न अस्वीकार गर्दै आइरहेका छन्। सरकारले उनीहरूलाई बंगलादेशबाट आएका अवैध प्रवासी मानेका छन्।

विगतमा एआरएसएले कयौं पटक आक्रमण गरिसकेको छ। गतवर्ष अगस्टमा एआरएसए विद्रोहीहरूले भीषण आक्रमण गरी ३० प्रहरी मारेका थिए र सेनाको चौकी पनि ध्वस्त पारेका थिए। त्यसपछि सेनाका तर्फबाट जवाफी कारबाही भएको थियो। डाक्टर्स विदआउट बोर्डर्सले गतवर्ष अगस्टमा म्यान्मारको रखाइन प्रान्तमा शुरू भएको हिंसापछि पहिलो महिनामा ६ हजार ७ सय मुसलमान मारिएको जनाएको थियो। नोभेम्बरमा सेनाले उक्त संकटमा आफ्नो हात रहेको कुरालाई अस्वीकार गरेका थिए र हिंसामा ४ सय को मृत्यु भएको जानकारी दिएका थिए।

आइतबार एआरएसएले ट्विटरमा आफ्ना नेता अताउल्लाह अबु अम्मार जुनुनीको एक विज्ञप्ति जारी गर्दै पछिल्लो आक्रमणमा सलंग्न रहेको पुष्टि गरेको छ। विज्ञप्तिमा भनिएको छ- 'रोहिंग्याविरुद्ध म्यान्मार सरकारको प्रायोजित कट्टरपन्थसँग जुध्न, आफूलाई बचाउन र रोहिंग्या समुदायको रक्षाका लागि लड्नबाहेक अन्य विकल्प छैन।'

खुला सीमानाको व्यवस्थापन हाम्रो चासोको विषय हो। नेपाल-भारतबीचको सामाजिक-सांस्कृतिक र जनस्तरको सम्बन्धमा हामी सचेत छौं। तर, सीमा व्यवस्थापन गर्दै ढिलो चाँडो हामी सीमा सम्बन्धलाई अरू छिमेकी देशको जस्तै व्यवस्थापन गर्नुपर्छ।'

# पत्रकारलाई दु:ख नदेऊ : काउन्सिल

नेपाल समाचारपत्र

काठमाडौं

आमसञ्चारमाध्यममा सम्प्रेषित समाचारका विषयका आधारमा पत्रकारलाई दु:ख नदिन प्रेस काउन्सिल नेपालले प्रहरी प्रशासनलाई आग्रह गरेको छ। महानगरीय प्रहरी परिसर काठमाडौंले समाचारको स्रोतसहित सम्पादकलाई उपस्थित गराइदिनु भन्ने विषयमा सुशासन अनलाइन पत्रिकालाई आइतबार पत्र पठाएको विषयलाई लिएर प्रहरीसँग यस्तो आग्रह गरेको हो।

यसै विषयमा सोमबार काउन्सिलमा आयोजित छलफलमा काउन्सिलका कार्यबाहक अध्यक्ष किशोर श्रेष्ठले समाचारको स्रोतको विषयलाई लिएर पत्रकारलाई पत्र काट्दा प्रहरी प्रशासनकै बदनाम हुने भएकाले यस्ता विषयमा हात नहाल्न आग्रह गर्नुभयो।

काउन्सिलका सदस्यसमेत रहेका नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले जरुरी परेमा अदालत र काउन्सिलबाहेक अरू कसैले समाचारको स्रोत माग्न नसक्ने बताउँदै अन्य साइबर अपराधमा भने प्रहरीले जोकसैलाई कानुनी कारबाही गर्न सक्ने विचार राख्नुभयो।

नेपाल बार एसोसिएसनका कोषाध्यक्ष ज्ञानरत्न शाक्यले प्रहरीको अनुसन्धानलाई पनि असर नपर्ने र काउन्सिलको क्षेत्राधिकारमाथि पनि हस्तक्षेप नहुने गरी प्रहरी प्रशासनले काउन्सिलसँग समन्वय गरेर अनुसन्धान अगाडि बढाउनुपर्ने तर्क राख्नुभयो। महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख रवीन्द्रबहादुर धानुक र डीएसपी बेलबहादुर पाण्डेले पत्रकार र मिडियाप्रति प्रहरी प्रशासन कहिल्यै पूर्वाग्रह र नकारात्मक नभएको दाबी गर्दै अनुसन्धान प्रक्रियाका क्रममा स्वाभाविकरूपले अनलाइन पत्रिकालाई पत्र काटिएको बताउनुभयो।

सो अवसरमा कतिपय पत्रकारले व्यावसायिक मर्यादा तोडेर र पत्रकार आचारसंहिता विपरीत कसैको एजेन्टजस्तो बनेर एकपक्षीय रूपमा समाचार सम्प्रेषण गरेकाले त्यस्ता पत्रकारलाई समेत काउन्सिलले तालिम दिनुपर्ने प्रसंगसमेत उठको थियो।

यसैबीच काउन्सिलका सहप्रशासकीय अधिकृत एवम् सूचना अधिकारी दीपक खनालद्वारा छलफलपछि सोमबार जारी प्रेस विज्ञप्तिमा पनि आमसञ्चारमाध्यमबाट सम्प्रेषित समाचार तथा समाचार-सामग्रीका सम्बन्धमा केही जानकारी नै लिनुपर्ने मनासिब कारण भएमा प्रेस काउन्सिल नेपालसँग समन्वय गर्न सकिने, समाचरको स्रोतको संरक्षण गर्नु पत्रकार र आमसञ्चामाध्यमको दायित्व हुने तथा फौजदारी अपराधबाहेक आमसञ्चारमाध्यममा सम्प्रेषित सबै विषयवस्तु सबै हेर्ने निकाय काउन्सिल भएकाले समाचारसँग सम्बन्धित यस विषयमा पनि अब काउन्सिलले नै हेर्ने सहमति भएको उल्लेख गरिएको छ।

स्मरणीय छ, आईजीपी नियुक्ति प्रकरणमा कार्यसम्पादन मूल्यांकनबाहिर आएको विषयमा केही अनलाइनबाट ९ महिनाअघि विभिन्न मितिमा प्रकाशित तत्कालीन प्रहरी नायब महानिरीक्षक (डीआईजी) नवराज सिलवालको सक्कली र नक्कली भनिएको कासमू कागजात र सोको प्राप्तिको स्रोत माग गरी महानगरीय प्रहरी परिसर, काठमाडौंले सुशासन अनलाइन पत्रिकालाई पत्र पठाई त्यसका सम्पादकलाई स्वयम् हाजिर हुन निर्देशन दिएको थियो।

**भ्रममा नपर्न आग्रह**

यसैबीच काउन्सिलले आफ्नो लेटरप्याड, लोगो, स्ट्याप र हस्ताक्षरसमेत कीर्ते गरी आफूलाई हिटलर दैनिकको बारा संवाददाता बताउने शन्तोष पटेल नामका व्यक्तिले बारा जिल्लाभरि नक्कली पत्राचार गरेको भन्दै त्यस्तो भ्रममा नपर्न आमपत्रकार, जनसमुदाय तथा सरोकावालालाई आग्रह गरेको छ।

काउन्सिलका सहप्रशासकीय अधिकृत एवम् सूचना अधिकारी खनालद्वारा सो मबार जारी प्रेस विज्ञप्तिमा आफ्नो नामसमेत शुद्ध लेख्न नजान्ने शन्तोष पटेल नामका व्यक्तिले कीर्ते पत्रमा गलत सन्देश दिएबमोजिम २०७४/०८/०८ मा काउन्सिलमा कुनै पत्र दर्ता नगराएको र २०७४ पुस ४ गते काउन्सिलबाट पटेलले कुनै सूचना लिएको रेकर्ड नभएको जनाउँदै भनिएको छ- 'अत: पटेलले कुनै पनि मितिमा काउन्सिलमा कुनै सूचना नमागेको र उनको नामबाट प्रचार गरिएको पत्रमा उल्लिखित काउन्सिलसँग सम्बन्धित सबै विवरण पूरै झूट भएको आमपत्रकार, जनसमुदाय तथा सरोकावालालाई जानकारी गराउन चाहन्छौं।'

काउन्सिल बैठकले यस्तो आपराधिक कार्यको घोर निन्दा एवम् भर्त्सना गर्दै कीर्तेमा कानुनी कारबाही चलाउने निर्णय गरेको पनि सो विज्ञप्तिमा उल्लेख गरिएको छ। उता हिटलर दैनिकका सम्पादक वीरेन्द्र साहले बारामा आफ्नो कुनै संवाददाता नरहेको जनाउनुभएको छ।

# नेपाल-भारतबीच नयाँ सन्धि गर्नुपर्छ : प्रचण्ड

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल-भारतबीच भएका सन्धि, सम्झौता र सीमा सम्बन्धबारे अध्ययन गर्न बनेको प्रबुद्ध समूहको नेपाली प्रतिनिधि मण्डल र नेकपामा ओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच भेटवार्ता भएको छ। सोमबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा प्रतिनिधिमण्डले प्रचण्डसँग भेटवार्ता गरेको हो।

भेटमा समूहले नेपाल-भारत सीमा सम्बन्ध र सन्धि पुनरावलोकनबारे भएको प्रगतिबारे अध्यक्ष प्रचण्डलाई जानकारी गराएको थियो। प्रतिनिधि मण्डलले हालसम्म पाँचपटक द्विपक्षीय बैठक बसेको र सन् १९५० को सन्धि र सीमाव्यवस्थापनबारे छलफल जारी रहेको अवगत गराएको थियो।

प्रतिनिधि मण्डलसँगको भेटमा अध्यक्ष प्रचण्डले नेपाल-भारतबीच विगतमा भएका सन्धि, सम्झौतालाई नयाँ आधारमा पुनरावलोकन गर्ने दिशामा आवश्यक भूमिका खेल्न समूहलाई सुझाव दिनुभएको थियो। 'गणतन्त्रको घोषणापछि हामी नयाँ युगमा प्रवेश गरेका छौं। विगतमा नेपाल-भारतबीच भएका धेरै सन्धि सम्झौता र मुख्यत: सन् १९५० को सन्धि असमान रहेको छ। तपाईंहरूले राष्ट्रिय हितका पक्षमा जुन चासो र जिम्मेवारी बोधका साथ भूमिका खेल्नुभएको छ, यसले नेपालको स्वाभिमानलाई उँचो राख्न र नेपाल-भारतबीचको सम्बन्धलाई थप सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुग्नेछ भन्ने मेरो विश्वास रहेको छ।' -भेटमा प्रचण्डले भन्नुभएको थियो।

'नेपाल-भारतबीच विगतमा भएका असमान सन्धि प्रतिस्थापन गर्दै बदलिँदो परिस्थितिअनुसार नयाँ सन्धि गर्नुपर्दछ', अध्यक्ष प्रचण्डको भनाइ उद्धृत गर्दै प्रचण्डका प्रेस संयोजक मनहरि तिम्सिनाले भन्नुभयो- 'खुला सीमानाको व्यवस्थापन हाम्रो चासोको विषय हो। नेपाल-भारतबीचको सामाजिक-सांस्कृतिक र जनस्तरको सम्बन्धमा हामी सचेत छौं। तर, सीमा व्यवस्थापन गर्दै ढिलो चाँडो हामी सीमा सम्बन्धलाई अरू छिमेकी देशको जस्तै व्यवस्थापन गर्नुपर्छ।'

भेटमा नेपालका राजनीतिक दलहरू मिल्दा राष्ट्रिय एकता र स्वाभिमान बलियो बन्ने गरेको स्मरण गर्दै अध्यक्ष प्रचण्डले नयाँ सरकार गठनपछि नेपाल-भारतबीचको पारस्पारिक सम्बन्ध पनि थप उचाइमा उठ्ने विश्वास व्यक्त गर्नुभयो। भेटमा समूहका तर्फबाट डा. भेषबहादुर थापा, नीलाम्बर आचार्यलगायतका विज्ञहरू सहभागी हुनुहुन्थ्यो।

# निर्माण कम्पनी नै कमसल सामग्री प्रयोग गर्छ

नेपाल समाचारपत्र

भद्रपुर

नेपाल सरकारले 'सघन शहरी विकास कार्यक्रम' अन्तर्गत दिएको २ सय करोड योजनाअन्तर्गतको नालासहितको सडक विस्तारको काममा निर्माण कम्पनीले कमसल सामग्री प्रयोग गरेको स्थगलत अनुगमनको क्रममा पाइएको छ।

झापाको भद्रपुर नगरपालिकाअन्तर्गत विभिन्न वडामा निर्माणाधीन अवस्थामा रहेको पक्की नालासहित सडक विस्तार काममा ठेकेदार कम्पनीले सरकारी लागत अनुमानभन्दा बाहिर गएर गुणस्तरहीन काम गरिरहेको पाइएको हो।

नगरपालिकाको वडाहरूमा सञ्चालन भइरहेको कामको अवस्था तथा गुणस्तरको विषयमा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, इन्जिनियर र पत्रकारसहित गएको संयुक्त अनुगमन टोलीले निरीक्षण गर्दा लागत अनुमानभन्दा बाहिर गएर निर्माण कार्य भइरहेको फेला परेको थियो। ६ वटा प्याकेजअन्तर्गत २५ वटा योजनाको कामहरू नगरभित्र धमाधम भइरहेको छ।

त्यसमध्ये भद्रपुर-५ स्थित देवी बस्ती, बलभद्र चोक, घिमिरे बस्ती र धुलाबारी जोड्ने नालासहित सडक विस्तारको ठेक्का लुम्बिनी, गजुरमुखी/एपेक्स जेभीले लिएको छ। सोही जेभीले भद्रपुर-५ स्थित नयाँ बजारदेखि अमला डाँगी, तारानगर, डाँगीबारी, आँपगाछी हुँदै किचकबध भैसावाडी जोड्ने काम पनि गरिरहेको छ। सो निर्माण कम्पनी दुवै निर्माणस्थलमा कमसल सामग्री प्रयोग गर्नुका साथै स्टीमेटबमोजिमसमेत कार्य गरेको छैन।

अहिले सो सडकमा पक्की नाला बनाउने काम भइरहेको छ। नाला खन्दा सोलिङ नगरी ढुंगा बिछ्याउने काम भएकाले निर्माण कार्य गुणस्तरहीन बन्न थालेको भद्रपुर नगर प्रमुख जीवनकुमार श्रेष्ठले बताए। नालाको पीसीसी ढलानमा ढुंगासहित १० इन्च चौडाइ ढलान हुनुपर्नेमा अनुगमनको क्रममा त्यस्तो फेला नपरेको नगर प्रमुख श्रेष्ठले बताए।

भद्रपुर-५ को निर्माण कार्यस्थल पुगेका अनुगमन टोलीले पीपीसी ढलानमा गुणस्तरहीन काम गरेपछि स्टीमेटबमोजिम १, ३ र ६ को मसला बनाएर ढलान गर्दा पहिलाको ढलानभन्दा गुणस्तरमा समेत फरक पाएका थिए।

भद्रपुर नगर क्षेत्रमा भइरहेको करोडौंको योजनामा ठेकेदार कम्पनी र त्यसका पेटी कन्ट्रक्टरले हचुवाको भरमा निर्माण कार्य गर्न थालेका छन्। निर्माणस्थलमा अनुगमनका लागि सरकारी पक्षका इन्जिनियर जान छाडेपछि नगरपालिकाका जनप्रतिनिधि आफै अनुगमन गर्न व्यस्त छन्।

लुम्बिनी, गजुरमुखी र एपेक्सले ८ वटा प्याकेजको ठेक्का ६६ करोड ८६ लाख २६ हजार ३ सय ८ रुपियाँमा सम्झौता गरेको छ। शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय इलाममार्फत सो निर्माण कार्य गरिएको हो। डिभिजन कार्यालयले सानो प्याकेजको कामलाई ठूलो प्याकेज बनाएर टेन्डर आह्वान गरेर ठेक्का सम्झौता गरेको नगरको निर्माण कार्य स्टीमेटभन्दा बाहिर बन्न थालेको नगर प्रमुख श्रेष्ठले बताए।

नगर क्षेत्रमा अहिले ६ वटा प्याकेजमा २५ वटा योजनाको काम भइरहेको शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय इलामअन्तर्गत फिल्ड कार्यालय झापाका प्रमुख इन्जिनियर सन्दीप पौडेलले बताए। जे जति काममा व्यवस्थापन हुनुपर्ने थियो त्यस्तो नभएको उनले स्विकारे। निर्माण कार्य भइरहेकाले कुनै कम्पनीलाई भुक्तानी नदिइएको उनको भनाइ छ। भुक्तानी दिने बेलामा स्टीमेट र गुणस्तर हेरेर मात्र भुक्तानी दिने उनले बताए। कार्यालयमा कर्मचारी अभाव हुँदा समस्या भइरहेको उनले बताए।

# त्रिपालले थेगेन पुसको चिसो

हेटौंडा, (नेस)

६ महिनाअघि बाढीपहिरोबाट विस्थापित भएर मनहरी गाउँपालिका–४, हाँडीखोलास्थित मुसेधाप जंगलमा त्रिपालुमनि बसिरहेका पीडितहरू पुसको ठण्डीमा कष्टकर जीवन बिताइरहेका छन्।

विभिन्न कारण त्यहाँका ७ जनाको मृत्यु भइसकेको स्थानीयले बताएका छन्। लामपाखा, चिसापानी, चुवारपानी र अजिङ्गरेबाट बाढी र पहिरोका कारण विस्थापित एक सय ७६ घरधुरी बासिन्दाको कठ्यांग्रिँदो चिसोले जनजीवन कष्टपूर्ण बनेको छ।

बाढीपहिरोबाट घरबारविहीन बनेपछि सुरक्षित बासका लागि मुसेधाप जंगल आइपुगेका त्यहाँका बासिन्दा चिसोबाट सुरक्षित हुन सकेका छैनन्। शीत चुहिने त्रिपालमुनि रात बिताइरहेका यहाँका अधिकांश बालबालिका, वृद्ध र सुत्केरी रुघाखोकी, ज्वरो र दमले बिरामी परेका छन्। मनहरि गाउँपालिकाले उपलब्ध गराएको त्रिपालको भरमा जाडो काट्न मुस्किल भएपछि त्यहाँका बासिन्दाको दैनिकी आगो तापेर बित्ने गरेको छ। बाँसको टाँड बनाएर छानामाथि त्रिपाल टाँगिए पनि वरिपरि बारबेर गर्न त्रिपाल अपुग छ।

करिब ६४ वर्षीय अक्कलबहादुर मोक्तानले भन्नुभयो- '६ जनाको परिवार छौं। त्रिपालमा रात बिताउन बाध्य छौं, गर्मीमा त सुखदु:खले गुजारा गर्‍यौं, अब यो जाडोमा कसरी रात बिताउने।' उहाँको जस्तै पीडा बोकेर जिल्ला प्रशासन कार्यालय मकवानपुरको सरणमा आएका पीडितले जाडो कसरी बिताउने भनेर गुनासो सुनाए। गएको साउन २५ र २६ गतेको अविरल वर्षाले घरजग्गा गुमाएका बाढीपीडितले सरकारले बासस्थानको सवालमा चासो नदेखाएको भन्दै प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाएका छन्।

बाढीपीडितले उचित बास नपाइएको भन्दै सरकारले स्थायी बासस्थान खोजी गरेर आफूहरूलाई स्थानान्तरण गर्नुपर्ने माग राखे। हकभोग गर्दै आएको जग्गा विभिन्न समयमा वर्षात्‌ले अत्यन्त जोखिममा रहेको भन्दै पीडितका नेता कमलचन्द्र सुमनले चेपाङ, बनकरिया र तामाङको बाहुल्यता रहेको क्षेत्रमा बाढीपहिरोले उठीबास बनाएपछि आश्रयका लागि वन र आरक्ष क्षेत्रभित्र पर्ने मुसेधापमा बाढीपीडित त्रिपालमा बसेको ६ महिना बित्दा पनि कोही कसैले बासस्थानको पहल नगरिदिएको गुनासो सुनाउनुभयो।

# फरार चार अभियुक्त पक्राउ

वीरगन्ज, (नेस)

पर्सा प्रहरीले विभिन्न आपराधिक घटनामा अदालतबाट दोषी प्रमाणित भई फरार रहेका चार जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पर्साको विजवनिया निवासी नजमुल्लाह राउत गद्दी, रौतहटको ओरैया बस्ने शम्भुकुमार यादव र पर्साको मुड्ली निवासी प्रित पंडित कुम्हार र जयनारायण पंडित कुम्हार रहेको पर्सा प्रहरीले जनाएको छ।

२०७२ साल फागुन १६ गतेको सवारी ज्यान मुद्दामा, यादव २०७४ साल मंसिर २५ गतेको जर्बजस्तीकरणी मुद्दामा र कुम्हारद्वय २०७३ असोज १ गतेको अपहरण तथा शरीर बन्धक मुद्दाका फरार अभियुक्त रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजन लिम्बुले जानकारी दिए।

**चिसोबाट बचौं**

# कार्यकारी अधिकृत आतंक

हेमन्त पौडेल, कैलाली

धनगढी उप-महानगरपालिकाका कार्यकारी अधिकृत (प्रमुख प्रशासकीय अधिकृत) कृष्णप्रसाद गौतमले आतंक मच्चाएका छन्। कात्तिक ११ गते उप-महानगरपालिकामा हाजिर भएका गौतमले सेवग्राहीप्रति दुर्व्यवहार गर्ने गरेका छन्। काम विशेषले उप-महानगरपालिका पुगेका सेवाग्राहीप्रति दुर्व्यवहार गर्दै समयमा काम नगर्ने गरेको गुनासो बढ्दै गएको छ।

सेवाग्राहीले लगेका फाइलहरू प्रक्रिया नपुगेको भन्दै फालिदिने गरेका छन्। फाइलमा कुन कागजहरू पुगेन, कुन ठाउँबाट ल्याउनुपर्ने हो सो कुराको कुनै जानकारी नदिईकन फाइल फ्याँक्ने गरेको सेवाग्राही बताउँछन्। उप-महानगरपालिकामा सर्वसाधारण मानिसहरू आफ्नो काम लिएर जाने गरेका छन्। तर कार्यालय प्रमुखको यस्तो हर्कतले सेवाग्राही दु:खी हुने गरेको एक प्रत्यक्षदर्शीले बताए। गतसाता आफ्नो काम लिएर उप-महानगरपालिका पुगेका एक सेवाग्राहीको फाइलमा काजपत्र नपुगेको भन्दै फ्याँकेको आफूले देखेको ती प्रत्यक्षदर्शीले बताए।

उप-महानगरमा घरनक्सालगायत अन्य काम लिएर पुग्ने अधिकांश सेवाग्राही कार्यालय प्रमुख गौतमको कार्यशैलीबाट निकै आक्रोशित हुने गरेका छन्। यसअघिका कार्यालय प्रमुखले अपुग भएका कागजपत्रहरूका बारेमा जानकारी दिँदै सम्बन्धित ठाउँमा जान सुझाव दिने गरेको बताउँदै आफ्नो काम लिएर उप-महानगरपालिका पुगेका एक सेवाग्राहीले भने फाइलमा कागनै पूरा नराखेर मेरो टेबुलमा ल्याउने भन्दै धम्काएको उनको गुनासो छ। के कागज पुगेन के ल्याउनुपर्छ भन्दा कुनै जवाफ नदिएर झर्किने गरेको उनको भनाइ छ।

जिविस डोटीबाट सरुवा भएर आएका कार्यकारी अधिकृत गौतमको कार्यशैलीप्रति आम नगरवासीसमेत सन्तुष्ट छैनन्। उनले आफूबाहेक अरू जान्ने कोही नभएको जस्तो गरेर अरूलाई होच्याएर व्यवहार गर्ने गरेका छन्।

जनप्रतिनिधि आएपछि सेवाग्राहीले सहजरूपमा सेवा पाउने आशा गरेका थिए तर कार्यालय प्रमुख गौतमको व्यवहारले जनप्रतिनिधिहरू पनि निकै दु:खी भएका छन्। कार्यालय समयमा कार्यालय प्रमुखले ढोका बन्द गरेर बैठक गर्ने र सेवाग्राहीको काम नगर्दा निकै समस्या देखेपछि सेवाग्राहीको काम रोकेर बैठक नगर्न सुझाव दिएको एक वडा अध्यक्षले जानकारी दिए।

जनप्रतिनिधि आएपछि छिटोछरितो काम होला भन्ने आशामा बसेका जनताहरू कार्यालय प्रमुख गौतमका कारण काममा ढिलाइ हुने गरेको ती अध्यक्षले पनि गुनासो गरे।

एकै पटकमा हुने काम लामोसमयसम्म झुलाएर राख्ने कार्यालय प्रमुख गौतमको बानी नै बनेको छ। निर्माण सम्पन्न भएका बिलहरू भुक्तानीका लागि लगे पनि विभिन्न बहाना बनाएर फिर्ता गर्ने गरेका छन्।

यसले गर्दा काम सम्पन्न भएको दुई महिना बितिसक्दासमेत भुक्तानी नभएको गुनासो पनि बढ्दै गएको छ। उप-महानगरपालिकासँग जनताको प्रत्यक्ष सरोकार रहेको र त्यसमा पनि विभिन्न कार्यालयहरूको एकाइ उप-महानगरपालिकामा रहेकाले कामको चाप बढी रहेको छ।

कामको चाप बढिरहेकाले सेवाग्राही पनि बढी नै हुने गरेका छन्। कार्यालय प्रमुख बाहिर रहेको अवस्थामा कार्यालय प्रमुखको हस्ताक्षरका लागि कुरेर बस्नुपर्ने बाध्यता रहेको छ तर कार्यकारी अधिकृत गौतमले आफ्नो कार्यकक्षमा मानिसहरूको भीड भएको भन्दै रिसाउने गरेका छन्।

किन भीड लागेको तपाईंहरू बाहिर जानुस् भन्दै दुर्व्यवहार गर्ने गरेका छन्। गौतम कार्यकारी अधिकृत भएर आएदेखि उनले रवाफ देखाउँदै आएका छन्। उनले गर्ने दुर्व्यवहारप्रति नगरवासी निकै आक्रोशित बन्दै गएका छन्। जनताको सेवाका लागि आएका गौतमले जनताका अगाडि अनावश्यक रवाफ देखाउन थालेपछि स्थानीय नगरबासी आक्रोशित बनेका छन्। सेवाग्राहीप्रति गर्ने व्यवहार सुधार नगरेमा कालोमोसो लगाएर बजार परिक्रमा गराउने चेतावनी दिएका छन्।

कार्यकारी अधिकृत गौतमको कार्यशैलीका कारण आम सेवाग्राहीमात्र नभई स्वयम् कर्मचारी र जनप्रतिनिधिहरू पनि सन्तुष्ट छैनन्। विभिन्न बहाना बनाएर कर्मचारीहरूलाई समेत दु:ख दिने गरेका छन्। कर्मचारीसँगको समन्वयको अभावमा उप-महानगरपालिकाको कार्यसम्पादनमा समेत समस्या देखिएको छ। छिटो हुने कामलाई पनि विभिन्न बहान बनाएर ढिलाइ गर्ने गरेका छन्। कार्यकारी अधिकृत अथवा नगरप्रमुखबाटै हुनसक्ने कामलाई पनि बोर्डमा लैजानुपर्ने भन्दै काममा ढिलाइ हुने गरेको छ। कार्यकारी अधिकृतको असहयोगका कारण नगरको कामसमेत प्रभावित हुने गरेको जनप्रतिनिधिहरू बताउँछन्।

कार्यकारी अधिकृत गौतमले उप-महानगरपालिकामा विज्ञापन एजेन्सी दर्ता गरे पनि स्थानीय एजेन्सीहरूलाई विज्ञापन उपलब्ध नगराएर मोटो कमिसन लिएर काठमाडौंका एजेन्सीसँग सम्पर्क गरेर आफै विज्ञापन छपाउने गरेको गुनासो पनि बढेको छ। सूचना शाखालाई कुनै पनि जानकारी नगराई विज्ञापन आफै डिल गर्ने गरेका छन्। विज्ञापन छपाउने कुरामा त आफै सहभागी भएर कमिसन लिन्छन् भने विकास निर्माणबाट आउने रकममा कति रकम दुरुपयोग गर्छन् होला भन्दै प्रश्न उठेको छ। कार्यकारी अधिकृत गौतमले गरेको सेवाग्राहीप्रतिको व्यवहारका बारेमा जनगुनासो बढेकाले यस बारेमा जानकारी लिन उप-महानगरपालिका पुग्दा कार्यकारी अधिकृत गौतमले आफू बैठकमा जान लागेको भन्दै हिँडेका थिए।

गौतमले जनताप्रति गरेको व्यवहारका बारेमा जनगुनासो बढेको सम्बन्धमा नगरप्रमुख नृप वडसँग जानकारी लिँदा आफूलाई पनि यस बारेमा जनगुनासो सुनेकाले यसका बारेमा जानकारी लिने बताउनुभयो। 'जनताको सेवाका लागि बसेका हौं, हामी कुनै शासक होइनौं, जनताको सेवक हौं जनताप्रति सबैले नम्र व्यवहार गर्नु हाम्रो कर्तव्य हो,' -प्रमुख वडले भन्नुभयो।

## माओवादी...

माओवादी केन्द्रले पार्टी एकतापछि बन्ने सरकारको नेतृत्व केपी शर्मा ओलीले गरेको अवस्थामा पार्टीको अध्यक्ष माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पाउनुपर्ने अडान राख्दै आएको छ। माओवादीका एक नेताका अनुसार आइतबार साँझ ओली र प्रचण्डबीच भएको वान टु वान वार्तामा पद बाँडफाँडमा मोटोमोटी सहमति जुटेको छ। उनले भने- 'पद बाँडफाँडमा अब धेरै ठूलो समस्या छैन, पार्टी एकता गर्दा नेताहरूको व्यवस्थापनको बारेमा नै उत्पन्न भएको जटिलता कसरी समाधान गर्ने भन्ने विषयमा छलफल केन्द्रित छ।'

एकता संयोजक समितिको बैठकमा प्रस्तुत गर्ने एजेन्डा तय गर्नका लागि सोमबार माओवादी अध्यक्ष प्रचण्ड, नेता नारायणकाजी श्रेष्ठ र रामबहादुर थापाबीच छलफल भएको छ। छलफलमा प्रचण्डले ओलीसँग भएको कुराकानीको बारेमा जानकारी गराउनुभएको थियो। एकता संयोजक समितिमा माओवादीबाट प्रचण्ड, श्रेष्ठ र थापा रहनुभएको छ।

माओवादी केन्द्रका नेता रामबहादुर थापाले एकताप्रक्रियालाई कसरी बढाउने भन्ने विषयमा छलफल भएको बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'राजनीतिक सैद्धान्तिक र वैचारिक विषयहरू मिलाएर अगाडि बढ्ने, संगठनात्मक विषय टुंगो लगाउने बारेमा कुराकानी भएको हो।'

## राष्ट्रियसभा...

प्रदेशसभाका सदस्यको मतभार लिँदा नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ लाई ७ वटै प्रदेशका प्रदेशसभा सदस्यको कुल संख्या ५ सय ५० ले भाग गरेपछि आउने परिणामलाई १ हजारले भाग गरेपछि आउने ४८ नै प्रदेशसभाका एक सदस्यको मतभार हो।

यसैगरी, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष र नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार लिँदा कुल गाउँपालिका र नगरपालिकाको संख्या ७ सय ५३ र अध्यक्ष र उपाध्यक्ष र प्रमुख र उपप्रमुखको संख्यामा २ को गुणापछि आउने संख्याले कुल जनसंख्यालाई भाग गरेपछि आउने संख्यालाई १ हजारले भाग गरेपछि कायम हुने १८ नै स्थानीय तहको एक जनाको मतभार हो।

राष्ट्रियसभाका सदस्यहरू एकल संक्रमणीय निर्वाचन प्रणालीबाट निर्वाचित गराइन्छ। एकल संक्रमणीय मत प्रणालीमा मतदाताले एउटै मतमा प्राथमिकतासमेत तोकी धेरै सदस्यलाई मत दिन्छन्। मतगणना गर्दा विजयी हुनु आवश्यकभन्दा बढी मत दोस्रो प्राथमिकता पाउने उम्मेदवारलाई सर्दै जान्छ। यो क्रम आवश्यक उम्मेदवार विजयी नहुँदासम्म चलिरहन्छ। यस प्रणालीमा कुल सदर मतलाई कुल निर्वाचित गर्नुपर्ने संख्याले भाग गरी एक जोड्दा हुन आउने मत संख्या प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छन्।

एकल संक्रमणीय मत प्रणालीमा पहिलो, दोस्रो, तेस्रो आदि प्राथमिकतामध्ये पहिलो प्राथमिकताको उम्मेदवारले आवश्यक कोटा नाघेमा विजयी घोषित गरिन्छ। पहिलो प्राथमिकताको उम्मेदवारले प्राप्त गरेको मतले थ्रेसहोल्ड पार गरेपछि बाँकी रहेको उसको मत दोस्रो प्राथमिकतामा परेको उम्मेदवारलाई हस्तान्तरण गरिन्छ। उसको मतले पनि थ्रेसहोल्ड पार गरेमा विजयी हुन्छ। यसरी उम्मेदवारहरू निर्वाचित हुँदै जान्छन्।

महिला र खुलाका लागि छुट्टै तथा दलित र अपांगता वा अल्पसंख्यकका लागि छुट्टाछुट्टै मतपत्र हुनेछन्। मतभार छुट्याउन प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख र उपप्रमुखका लागि मतपत्र पनि छुट्टाछुट्टै रङको हुने बताइएको छ।

## पार्टी...

तराई मधेसका जनतालाई शीत लहरबाट बचाउन सरकारलाई विभिन्न उपाय अवलम्बन गर्न, राहत र सुविधा दिन बैठकले सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ। एमाले बैठकले तराईमा शीतलहरले जनजीवन प्रभावित भए पनि सरकारले कार्यकर्तालाई मात्रै विभिन्न शीर्षकमा रकम वितरण गरेको भन्दै शीतलहर प्रभावितलाई राहतका कार्यक्रम ल्याउन माग गरेको छ।



# अर्थ

2018, JAN
Tuesday
9

बलियो र स्थायी सरकारको लागि जनताले वाम गठबन्धनलाई मत दिएकाले मुलुकको समृद्धिको लागि आगामी सरकारले निजी क्षेत्रसँग नजिकको सम्बन्ध स्थापना गरी व्यवसाय प्रवर्द्धन, स्वदेशमै रोजगारी वृद्धिका ठोस कार्यक्रम र नीति सहित अघि बढ्नेछ।


ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO 500D GUARANTEED DUCTILITY

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङजा | ८५ | ८२ | ८५ | ८५ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ पुस २५, जनवरी ९, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।३२ | १०१।९२ |
| युरो १ को रू. | १२१।४९ | १२२।२१ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १३७।२० | १३८।०१ |
| स्विस फ्रन्क १ को रू. | १०३।६२ | १०४।२३ |
| अस्ट्रेलियन डलर १ को रू. | ७९।४४ | ७९।९१ |
| क्यानाडियन डलर १ को रू. | ८१।७३ | ८२।२१ |
| सिङ्गापुर डलर १ को रू. | ७६।०८ | ७६।५३ |
| जापानी यन १० को रू. | ८।९५ | ९।०१ |
| चिनियाँ युआन १ को रू. | १५।६० | १५।६९ |
| साउदी अरब रियाल १ को रू. | २७।०२ | २७।१८ |
| कतारी रियाल १ को रू. | २७।८३ | २७।९९ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।१५ | ३।१६ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।५८ | २७।७५ |
| मलसियन रिङ्गिट १ को रू. | २५।३५ | २५।५० |
| दक्षिण कारियन वन १०० को रू. | ९।४९ | ९।५५ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३८ |
| डेनिस क्रानर १ का रू. | १६।३१ |
| हङकङ डलर १ का रू. | १२।९५ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# ‘नयाँ सरकार निजी क्षेत्रमैत्री’

नेपाल समाचारपत्र
काठमाडौं

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले स्थायित्व र लगानी वृद्धिबाट नै मुलुकमा आर्थिक एवम् व्यावसायिक विकास सम्भव भएकाले अब बन्ने सरकारले बाह्य र आन्तरिक दुवै लगानीलाई समान अवसर र वातावरणको सुनिश्चितता गर्ने धारणा व्यक्त गर्नु भएको छ। मंगलबार नेपाल उद्योग परिसंघको प्रतिनिधिमण्डलसँगको भेटका क्रममा उहाँले यस्तो धारणा राख्नु भएको हो।

पूर्वप्रधानमन्त्री दाहालले बलियो र स्थायी सरकारको लागि जनताले वाम गठबन्धनलाई मत दिएकाले मुलुकको समृद्धिको लागि आगामी सरकारले निजी क्षेत्रसँग नजिकको सम्बन्ध स्थापना गरी व्यवसाय प्रवर्द्धन, स्वदेशमै रोजगारी वृद्धिका ठोस कार्यक्रम र नीति सहित अघि बढ्ने विचार व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो-‘अब पुरानो अवधारणाबाट मुलुक चल्दैन। अब आधुनिक र समयसापेक्ष प्रविधि विकासको विकल्पन भएको वस्तुस्थितिमा निजी क्षेत्रले यसमा के गर्नुपर्छ र सरकारले कस्तो वातावरण र सुविधा दिन आवश्यक हुन्छ यसमा कस्तो नीतिगत व्यवस्था हुनुपर्छ निजी क्षेत्रले स्पष्ट धारणा ल्याउनुपर्छ। ‘मुलुकलाई सम्पन्न बनाउन पुँजी महत्वपूर्ण भएको यथार्थतामा यसको सिर्जना र भएको पुँजी लगानीको सुनिश्चितताको लागि वर्तमान नीतिमा आमूल परिवर्तन आवश्यक छ। विकास गर्ने ठोस ढाँचा र योजनासँगै हामी आएका छौं, आगामी सरकार निजी क्षेत्रमैत्री हुन्छ। हामीलाई अहिले ठूलो अवसर छ, यसमा हामी प्रतिबद्ध छौं।’ पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो।

नेपाल उद्योग परिसंघको तर्फबाट अध्यक्ष हरिभक्त शर्माले केन्द्र, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भएसँगै मुलुकको संक्रमणकाल समाप्त भएको यथार्थतामा समृद्धिको मार्गचित्र सार्थक रुपमा अघि बढ्नुपर्ने बताउनुभयो। अध्यक्ष शर्माले नेपाल लगानीयोग्य मुलुक हुँदाहुँदै पनि नीति, सुशासन र मजबुत सरकार नहुँदा लगानी आकर्षित हुन नसकेको बताउँदै अबको सरकारले नीतिगत सुधारसहित प्राथमिकता निर्धारण गरी निजी क्षेत्रको विश्वास तथा सहभागितामा उद्योगमैत्री वातावरण बनाउन ठोस योजना तयार गरी अघि बढ्नुपर्ने धारणा राख्नुभयो।

करिब एक शताब्दीपछि मुलुकलाई रूपान्तरणसहित अर्को तहको विकासमा पुर्‍याउने अवसर आगामी सरकारलाई प्राप्त भएको उल्लेख गर्नु हुँदै निजी क्षेत्रलाई उत्पादनशील ढंगले अर्थतन्त्रमा सक्रिय गराउन (क) विधिको शासन (ख) प्रभावकारी सुशासनको प्रवर्द्धन र (ग) नीतिगत स्थायित्वको आवश्यकता रहेको र यी तीनवटै उद्देश्य हाासिल गर्न आगामी सरकारले हाल देशमा विद्यमान रहेका निकै पूराना भइसकेका ऐन कानुन र तीनमा भएका अमूर्त, अस्पष्ट, विरोधाभाषपूर्ण र अप्रासंगिक प्रावधानको संशोधन, परिमार्जन वा खारेज हुनुपर्ने माग गर्नुभएको थियो।

## आयकर सुविधा उपलब्ध गराउन माग

काठमाडौं, (नेस)

नेपाल उद्योग परिसंघको प्रतिनिधिमण्डलले अर्थसचिव शंकरप्रसाद अधिकारी र राजस्वसचिव शिशिर ढुंगानासँग भेट गरी औद्योगिक व्यवसाय ऐनले उत्पादनमुलक उद्योगका लागि दिएको आयकर सुविधा उपलब्ध गराउन माग गरेको छ।

परिसंघका अध्यक्ष हरिभक्त शर्माको नेतृत्वमा गएको उक्त प्रतिनिधिमण्डलले २०७३ मंसिरदेखि कार्यान्वयनमा आइसकेको औद्योगिक व्यवसाय ऐनको दफा २२ को उपदफा (१) को खण्ड (क) मा उत्पादनमूलक उद्योगबाट आर्जित आयमा लाग्ने करको २० प्रतिशतले छुट पाउने स्पष्ट व्यवस्था गरेकोले यसमा सोही अनुसारको छुट दिन माग गरेको हो।

नेपाल उद्योग परिसंघले विगतदेखि नै तीव्र एवम् दिगो औद्योगिक विकासका लागि उत्पादनमूलक उद्योगलाई करका दरमा छुट तथा सुविधा उपलब्ध गराउन सरकार समक्ष माग गर्दै आएको हो।

औद्योगिक व्यवसाय ऐन २०७३ ले व्यवस्था गरेको छुट तथा सुविधा उद्योगले उपभोग गर्न पाउनुपर्ने र उद्योगको कर छुटको मूल्यांकन गर्दा औद्योगिक व्यवसाय ऐन २०७३ को व्यवस्थाअनुसारनै गर्न पाउने व्यवस्था हुनुपर्ने र आयकर ऐनले उत्पादनमूलक उद्योगलाई समेत विशेष उद्योगमा वर्गीकरण गरेको यर्थाथतमा उद्योगको आयमा लाग्ने आयकर ऐन र औद्योगिक व्यवसाय ऐनमा छुट्टाछुट्टै प्रावधानबाट द्विविधा रहेको देखिएकाले औद्योगिक व्यवसाय ऐनको प्रावधानअनुसारनै २० प्रतिशत छुटको व्यवस्था हुनुपर्ने माग परिसंघले गरेको छ।

त्यस्तै उत्पादनमुलक उद्योगले उक्त सुविधा उपभोग गर्न नसक्ने भएकाले सो सम्बन्धी निर्णय नहुन्जेलसम्म म्यानुअलफाइल पेस गर्न पाउने व्यवस्थाका लागि अनुरोध गर्दै राजस्व कार्यालयले म्यानुअलफाइल समेत लिने व्यवस्था गरी आन्तरिक राजस्व विभागबाट उक्त कार्यालयलाई निर्देशन हुन माग गरिएको पनि परिसंघले जनाएको छ।

# हस्तकला र पर्यटकीय जिल्ला घोषणा गर्न माग




नेपाल समाचारपत्र
ललितपुर

ललितपुर उद्योग वाणिज्य संघले ललितपुर जिल्लालाई सांस्कृतिक, हस्तकला र पर्यटकीय जिल्लाको रूपमा घोषणा गर्न माग गरेका छन्। संघले आयोजना गरेको हालै निर्वाचित प्रतिनिधिसभा र प्रदेशसभाका सदस्यसँग बधाई तथा स्वागत कार्यक्रममा अध्यक्ष कृष्णलाल महर्जनले सो माग गर्नुभएको हो।

उहाँले स्थानीय तह, प्रदेश र संघ तीन तह मिलेर मौलिक कला संस्कृति, सम्पदा र पर्यटकीय गन्तव्यस्थल भएकाले ख्याल गरेर सो घोषणा गर्न माग गरेका हुन्। स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को धारा ९ मा प्रदेश वा स्थानीय तहले कुनै नगरपालिका, गाउँपालिकाले सो घोषणा गर्ने प्रावधान रहेको छ।

संघले सो ऐनमा टकेर ललितपुरको कला कौशल, सम्पदा बचाउन र पर्यटकीय क्षेत्रको विकास गर्न सो माग राख्नुभएको अध्यक्ष महर्जनको भनाइ रहेको छ। ‘यस कार्यमा निजी क्षेत्रको सहभागिता पनि सुनिश्चित गरिनुपर्छ।’ अध्यक्ष महर्जनले भन्नुभयो। मुलुकको निर्यात व्यापारमा हस्तकलाका वस्तुको विशिष्ट योगदान रहेको चर्चा गर्दै उहाँले यहाँको आर्थिक र विकासका सम्भावनालाई मूर्त रूप दिनुपर्नेमा पनि जोड दिनुभयो।

सो अवसरमा यस एजेन्डालाई प्राथमिकता दिन माग गर्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले कला, संस्कृति, सम्पदाले भरिएको ललितपुर जिल्लाले आर्थिक समृद्धिमा निर्वाह गर्न सक्ने भएकाले हस्तकला, साँस्कृतिक र पर्यटकीय जिल्ला घोषणा गर्नु प्रदेश र स्थानीय तह मिलेर जाने विश्वास व्यक्त गर्नुभयो।

अन्यमध्ये ललितपुरको विशिष्ट अवस्थाको चर्चा गर्दै महासंघका अध्यक्ष राणाले संघ, प्रदेश र स्थानीय तहले गर्ने कामबाट जनताले संघीयताको महत्त्व बोध गर्ने भएकोले नयाँ नेपालको निर्माणमा तीन तहको महत्वपूर्ण भूमिका रहेको धारणा राख्नुभयो। अध्यक्ष राणाले संविधान कार्यान्वयनको यस घडी आर्थिक समृद्धिको लागि अनुकूल अवस्था रहेको बताउँदै यही समयमा मुलुकलाई आर्थिक समृद्धि र विकासको कार्यमा दोग्हयाउनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो-‘यस कार्यमा निजी क्षेत्र सदैव सरकारको साथ रहने छ।’

सो अवसरमा ललितपुर क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य पम्फा भुसालले ललितपुरको मौलिक, कला संस्कृतिलाई संरक्षण नै समृद्धिको मुख्य आधार रहेको धारणा राख्नुभयो। सदस्य भुसालले समग्र काठमाडौंलाई नै सांस्कृतिक राजधानी बनाउनुपर्ने विषय आफ्नो घोषणापत्रमा मुख्य रूपमा उठाएको चर्चा गर्दै यसलाई मूर्त रूप दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

राजनीतिक क्रान्तिको लागि धेरै लडिसकेको बताउँदै उहाँले अब आर्थिक परिवर्तनका लागि सबै एकजुट भएर लाग्नुपर्ने धारणा राख्नुभयो। सो अवसरमा ललितपुर क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य कृष्णलाल महर्जनले हस्तकला, मूर्त र अमूर्त संस्कृति नै समृद्धिको आधार रहेको बताउनुभयो।

समारोहमा संघका वरिष्ठ उपाध्यक्ष भरतलाल जोशीले जनता अहिलेसम्म संघीयताको तीन वटा तह संघ, प्रदेश र स्थानीय तहको बारे नबुझ्केको चर्चा गर्दै अहिलेका जनप्रतिनिधिहरूले गर्ने कामबाट त्यसलाई अवरोध गर्ने धारणा राख्दै घोषणापत्रमा लेखिए बमोजिम इमान्दारीपूर्वक काम गर्नुपर्ने बताउनुभयो। वरिष्ठ उपाध्यक्ष जोशीले साँस्कृतिक पर्यटकीय जिल्ला घोषणा गर्ने काममा संघको सदैव सहयोगी भूमिका हुने पनि बताउनुभयो। महासचिव मनोजबहादुर न्याछ्योले महालक्ष्मी नगरपालिकालाई टेक्सटायल ग्रामका रूपमा विकास गर्नुपर्ने खााचो औल्याउनुभयो।

# आयोजनालाई दिने सामग्री छैन : *व्यवसायी*

पर्वत, (नेस)

राष्ट्रिय महत्वका सडक र जलविद्युत् आयोजनालाई मागअनुसार निर्माण सामग्री आपुर्ति गर्न नसकिने पर्वतका क्रसर व्यवसायीले बताएका छन्। ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामग्रीको अभाव हुँदा राष्ट्रिय गौरवका सडक र जलविद्युत् आयोजनाले निर्माण कार्य प्रभावित भएको गुनासो गरेका बेला क्रसर व्यवसायीले भने कच्चा पदार्थ निकाल्न नसकेको भन्दै आपूर्ति गर्न नसकिने बताएका हुन्।

पर्वतमा दुई वटा मात्र क्रसर उद्योग छन्। यी उद्योगले जिल्लामा निर्माणको काम गरिरहेका राष्ट्रिय महत्वका आयोजनालाई दिने गरी निर्माण सामग्री नै नरहेको बताएका छन्। पर्वतका खोला नालाबाट आवश्यक मात्रामा कच्चा पदार्थ निकाल्न नसक्दा ढुंगा, बालुवा, गिट्टी जस्ता निर्माण सामग्री उत्पादन गर्न नै नसकेको सञ्चालकहरू दाबी गर्छन। बर्षा याममा नदीबाट उत्खनन् गरेको सामग्री बिक्री गरिसकेका छन् भने हिउँदमा पानीको सतह घटेपछि स्काभेटर प्रयोग गरेर निकाल्न सकेका छैनन्।

जलजला गाउँपालिकाको लस्दीमा सञ्चालित श्री दक्षिणकाली क्रसर उद्योगका प्रबन्ध निर्देशक विप्लव हमाल भन्नुहुन्छ-‘नदीबाट स्काभेटर प्रयोग गरी कच्चा पदार्थ निकाल्न नपाउँदा मजदूरले निकालेको सामग्री ठूला आयोजनालाई दिने गरी उत्पादन नै गर्न सकिँदैन,’ उहाँले स्थानीय आवश्यकताका अनुसार नदीबाट स्काभेटर प्रयोग गरेर कच्चा पदार्थ उत्खनन् गर्ने व्यवस्था नभएसम्म समस्या रहिरहने दाबी गर्नुभयो।

‘वातावरणीय रूपमा गलत प्रभाव नपर्ने गरी उत्खनन् गर्ने व्यवस्था भए निर्माण सामग्री पुर्‍याउन सहज बनाउन सकिन्छ,’ उहाँले भन्नुभयो-‘प्रहरी, प्रशासन र स्थानीय तहले सहज रूपमा व्यवस्थापन नगर्दा लुकीछिपी उत्खनन् गर्नढढ कठिन हुने भएकाले कच्चा पदार्थको अभाव भएको हो’। कुस्मा नगरपालिका - १ सहस्रधारामा सञ्चालित कालीगण्डकी क्रसर उद्योगका सञ्चालक रामकृष्ण मल्ल पनि ‘सहज वातावरण’ नहुँदा निर्माण सामग्री भने अनुसार पुर्‍याउन नसेकेको बताउनुहुन्छ ।

‘यस क्षेत्रमा ठूला-ठूला आयोजना बनिरहेका छन् त्यसका लागि पहिलो सर्तको रूपमा रहेका ढुंगा, गिट्टी र बालुवा नै नहुने अवस्था आउनु भएन’ जलजला गाउँपालिकाका अध्यक्षसमेत रहेनु भएका मल्लले भन्नुभयो-‘स्थानीय तहमा यसका लागि सहज वातावरण बन्नुपर्छ।’

## SHARE MARKET

8 JANAURY MONDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 8389.00 | 430.00 | 420.00 | 425.00 | 2.00 |
| 2 | Api Power Company Ltd. | 1656.00 | 429.00 | 418.00 | 428.00 | -2.00 |
| 3 | Arun Finance Limited | 202.00 | 175.00 | 168.00 | 172.00 | 6.00 |
| 4 | Arun Kabeli Power Ltd. | 235.00 | 342.00 | 335.00 | 341.00 | 2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 4451.00 | 204.00 | 200.00 | 204.00 | 1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 8299.00 | 1450.00 | 1399.00 | 1450.00 | 75.00 |
| 7 | Bank of Kathmandu Ltd. | 24371.00 | 409.00 | 404.00 | 405.00 | 0.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 410.00 | 197.00 | 190.00 | 194.00 | 1.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 765.00 | 166.00 | 163.00 | 166.00 | 1.00 |
| 10 | Bishal Bazar Company Limited | 1200.00 | 1730.00 | 1728.00 | 1730.00 | 15.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 60.00 | 7250.00 | 7108.00 | 7250.00 | 0.00 |
| 12 | Butwal Power Company Limited | 14682.00 | 690.00 | 668.00 | 668.00 | -12.00 |
| 13 | Central Finance Co. Ltd. | 457.00 | 142.00 | 138.00 | 142.00 | 6.00 |
| 14 | Century Commercial Bank Ltd. | 18975.00 | 200.00 | 198.00 | 200.00 | -1.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 732.00 | 1040.00 | 1020.00 | 1030.00 | -10.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 560.00 | 184.00 | 183.00 | 183.00 | 0.00 |
| 17 | Chilime Hydropower Company Limited | 6777.00 | 897.00 | 885.00 | 894.00 | 9.00 |
| 18 | Citizen Bank International Limited | 8771.00 | 290.00 | 287.00 | 290.00 | 2.00 |
| 19 | Citizen Investment Trust | 1762.00 | 3600.00 | 3580.00 | 3590.00 | 25.00 |
| 20 | Civil Bank Ltd | 30785.00 | 187.00 | 180.00 | 183.00 | 3.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 606.00 | 940.00 | 900.00 | 900.00 | -28.00 |
| 22 | Deprosc Development Bank Limited | 1855.00 | 895.00 | 875.00 | 882.00 | 6.00 |
| 23 | Deva Bikas Bank Limited | 1044.00 | 180.00 | 177.00 | 180.00 | 3.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 75.00 | 153.00 | 150.00 | 151.00 | -2.00 |
| 25 | Everest Bank Limited | 19212.00 | 895.00 | 885.00 | 892.00 | 17.00 |
| 26 | Everest Bank Limited Con. Pref. | 6.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 27 | Everest Insurance Co. Ltd. | 482.00 | 2434.00 | 2355.00 | 2433.00 | 34.00 |
| 28 | Excel Development Bank Ltd. | 248.00 | 385.00 | 378.00 | 378.00 | -7.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 14909.00 | 868.00 | 840.00 | 868.00 | 31.00 |
| 30 | First Mic. Fin. Dev. Bank Ltd. Pro. Sha. | 17250.00393.00 | 380.00 | 380.00 | -21.00 | |
| 31 | Forward Com. Mic. Bittiya San. Ltd. | 536.00 | 3330.00 | 3300.00 | 3330.00 | 0.00 |
| 32 | Gandaki Bikas Bank Limited | 2770.00 | 235.00 | 227.00 | 234.00 | -1.00 |
| 33 | Garima Bikas Bank Limited | 2866.00 | 198.00 | 191.00 | 195.00 | 0.00 |
| 34 | Global IME Bank Limited | 16439.00 | 318.00 | 313.00 | 316.00 | -1.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 5347.00 | 10.00 | 9.85 | 10.00 | 0.15 |
| 36 | Goodwill Finance Co. Ltd. | 2371.00 | 153.00 | 145.00 | 145.00 | -5.00 |
| 37 | Green Development Bank Ltd. | 363.00 | 190.00 | 187.00 | 187.00 | -3.00 |
| 38 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 500.00 | 163.00 | 163.00 | 163.00 | 3.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 2937.00 | 979.00 | 937.00 | 959.00 | 5.00 |
| 40 | Gurkhas Finance Ltd. | 390.00 | 150.00 | 149.00 | 149.00 | 1.00 |
| 41 | Hamro Bikas Bank Ltd. | 130.00 | 176.00 | 176.00 | 176.00 | -3.00 |
| 42 | Himalayan Bank Limited | 1927.00 | 666.00 | 650.00 | 651.00 | -1.00 |
| 43 | Himalayan Distillery Limited | 800.00 | 1285.00 | 1224.00 | 1272.00 | 12.00 |
| 44 | Himalayan General Insurance Co. Ltd | 6144.00 | 520.00 | 508.00 | 513.00 | 7.00 |
| 45 | Himalayan Power Partner Ltd. | 2470.00 | 382.00 | 365.00 | 382.00 | 10.00 |
| 46 | ICFC Finance Limited | 513.00 | 212.00 | 210.00 | 212.00 | 0.00 |
| 47 | IME General Insurance Ltd. | 1110.00 | 1073.00 | 1046.00 | 1046.00 | 11.00 |
| 48 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 3712.00 | 172.00 | 167.00 | 172.00 | 2.00 |
| 49 | Janaki Finance Ltd. | 330.00 | 178.00 | 178.00 | 178.00 | 3.00 |
| 50 | Janata Bank Nepal Ltd. | 52420.00 | 190.00 | 186.00 | 187.00 | -2.00 |
| 51 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 110.00 | 3000.00 | 3000.00 | 3000.00 | 0.00 |
| 52 | Jyoti Bikas Bank Limited | 1431.00 | 160.00 | 157.00 | 160.00 | 0.00 |
| 53 | Kabeli Bikas Bank Limited | 174.00 | 355.00 | 355.00 | 355.00 | -6.00 |
| 54 | Kailash Bikas Bank Ltd. | 5146.00 | 233.00 | 230.00 | 230.00 | -2.00 |
| 55 | Kalika Microcredit Dev. Bank Ltd. | 1214.00 | 1800.00 | 1770.00 | 1776.00 | -17.00 |
| 56 | Kamana Sewa Bikas Bank Limited | 8284.00 | 180.00 | 176.00 | 179.00 | 5.00 |
| 57 | Kanchan Development Bank Limited | 215.00 | 212.00 | 206.00 | 212.00 | 2.00 |
| 58 | Kankai Bikas Bank Ltd. | 440.00 | 163.00 | 161.00 | 162.00 | -1.00 |
| 59 | Karnali Development Bank Limited | 1423.00 | 140.00 | 138.00 | 138.00 | -2.00 |
| 60 | Khanikhola Hydropower Co. Ltd. | 578.00 | 154.00 | 151.00 | 151.00 | -2.00 |
| 61 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 153.00 | 1889.00 | 1855.00 | 1889.00 | 19.00 |
| 62 | Kumari Bank Limited | 8451.00 | 289.00 | 285.00 | 289.00 | 1.00 |
| 63 | Laxmi Bank Limited | 8466.00 | 256.00 | 251.00 | 253.00 | 1.00 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1482.00 | 1310.00 | 1266.00 | 1280.00 | -5.00 |
| 65 | Life Insurance Co. Nepal | 1555.00 | 2052.00 | 2000.00 | 2029.00 | 15.00 |
| 66 | Lumbini Bikas Bank Ltd. | 4945.00 | 170.00 | 163.00 | 169.00 | 2.00 |
| 67 | Lumbini General Insurance Co. Ltd. | 1850.00 | 610.00 | 600.00 | 608.00 | -2.00 |
| 68 | Machhapuchhre Bank Limited | 9635.00 | 275.00 | 272.00 | 273.00 | 0.00 |
| 69 | Mahalaxmi Bikas Bank Ltd. | 2423.00 | 191.00 | 187.00 | 191.00 | 0.00 |
| 70 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 345.00 | 868.00 | 840.00 | 850.00 | -5.00 |
| 71 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 591.00 | 3044.00 | 2998.00 | 3005.00 | 20.00 |
| 72 | Manjushree Finance Ltd. | 3189.00 | 141.00 | 140.00 | 141.00 | 1.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 255.00 | 1400.00 | 1346.00 | 1365.00 | -28.00 |
| 74 | Mirmire Microfinance Dev. Bank Ltd. | 228.00 | 2965.00 | 2865.00 | 2965.00 | 103.00 |
| 75 | Miteri Development Bank Limited | 978.00 | 340.00 | 334.00 | 340.00 | 4.00 |
| 76 | Mithila LaghuBitta Bikas Bank Ltd. | 130.00 | 1170.00 | 1147.00 | 1147.00 | -43.00 |
| 77 | Muktinath Bikas Bank Ltd. | 2390.00 | 428.00 | 420.00 | 423.00 | 3.00 |
| 78 | Multipurpose Finance Company Limited | 5470.00 | 376.00 | 348.00 | 373.00 | 31.00 |
| 79 | Nabil Balance Fund 1 | 5000.00 | 16.20 | 16.20 | 16.20 | -0.30 |
| 80 | Nabil Bank Limited | 14120.00 | 1097.00 | 1080.00 | 1089.00 | 8.00 |
| 81 | NABIL Bank Limited Promotor Share | 6650.00 | 866.00 | 862.00 | 862.00 | 6.00 |
| 82 | Nabil Equity Fund | 18524.00 | 10.19 | 9.85 | 10.00 | 0.00 |
| 83 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 609.00 | 2580.00 | 2500.00 | 2550.00 | 20.00 |
| 84 | National Hydro Power Company Limited | 9320.00 | 120.00 | 118.00 | 119.00 | 3.00 |
| 85 | National Life Insurance Co. Ltd. | 4992.00 | 1600.00 | 1560.00 | 1590.00 | 39.00 |
| 86 | National Microfinance Bittiya Sanstha Ltd. | 490.00 | 2300.00 | 2270.00 | 2270.00 | -35.00 |
| 87 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 290.00 | 2415.00 | 2380.00 | 2381.00 | -43.00 |
| 88 | Neco Insurance Co. Ltd. | 7842.00 | 869.00 | 850.00 | 858.00 | 4.00 |
| 89 | Nepal Bangladesh Bank Limited | 76773.00 | 277.00 | 270.00 | 275.00 | 2.00 |
| 90 | Nepal Bank Limited | 27182.00 | 355.00 | 350.00 | 354.00 | 4.00 |
| 91 | Nepal Community Dev. Bank Ltd. | 73.00 | 153.00 | 152.00 | 153.00 | 2.00 |
| 92 | Nepal Credit And Com. Bank Limited | 17383.00 | 340.00 | 329.00 | 331.00 | -1.00 |
| 93 | Nepal Doorsanchar Comapany Limited | 13390.00 | 816.00 | 777.00 | 790.00 | 15.00 |
| 94 | Nepal Grameen Bikas Bank Ltd. | 4080.00 | 685.00 | 675.00 | 682.00 | -1.00 |
| 95 | Nepal Hydro Developers Ltd. | 270.00 | 229.00 | 220.00 | 229.00 | 9.00 |
| 96 | Nepal Insurance Co. Ltd. | 210.00 | 1410.00 | 1410.00 | 1410.00 | 10.00 |
| 97 | Nepal Investment Bank Limited | 11855.00 | 666.00 | 655.00 | 663.00 | 7.00 |
| 98 | Nepal Investment Bank Ltd. Pro. Share | 7834.00 | 575.00 | 573.00 | 575.00 | 2.00 |
| 99 | Nepal Life Insurance Co. Ltd. | 44240.00 | 1899.00 | 1822.00 | 1875.00 | 53.00 |
| 100 | Nepal SBI Bank Limited | 12622.00 | 605.00 | 600.00 | 602.00 | 3.00 |
| 101 | Nerude Laghubita Bikas Bank Limited | 6017.00 | 845.00 | 825.00 | 830.00 | 0.00 |
| 102 | Ngadi Group Power Ltd. | 446.00 | 240.00 | 236.00 | 237.00 | -3.00 |
| 103 | NIBL Pragati Fund | 1515.00 | 9.80 | 9.45 | 9.45 | -0.55 |
| 104 | NIC Asia Bank Ltd. | 17120.00 | 350.00 | 345.00 | 348.00 | 3.00 |
| 105 | Nirdhan Utthan Bank Limited | 944.00 | 1290.00 | 1270.00 | 1274.00 | 4.00 |
| 106 | NLG Insurance Company Ltd. | 4926.00 | 1400.00 | 1380.00 | 1400.00 | 27.00 |
| 107 | NMB Microfinance Bittiya Sanstha Ltd. | 136.00 | 1929.00 | 1855.00 | 1929.00 | 4.00 |
| 108 | NMB Bank Limited | 1992.00 | 460.00 | 452.00 | 458.00 | 6.00 |
| 109 | NMB Hybrid Fund L-1 | 5409.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 110 | NMB Sulav Investment Fund-1 | 4100.00 | 13.00 | 13.00 | 13.00 | -0.05 |
| 111 | Om Development Bank Ltd. | 1993.00 | 240.00 | 236.00 | 240.00 | 2.00 |
| 112 | Oriental Hotels Limited | 382.00 | 699.00 | 673.00 | 677.00 | 0.00 |
| 113 | Pokhara Finance Ltd. | 1668.00 | 181.00 | 176.00 | 181.00 | 2.00 |
| 114 | Prabhu Bank Limited | 28835.00 | 255.00 | 250.00 | 254.00 | 0.00 |
| 115 | Prabhu Insurance Ltd. | 3371.00 | 821.00 | 810.00 | 816.00 | 8.00 |
| 116 | Premier Insurance Co. Ltd. | 1393.00 | 1484.00 | 1450.00 | 1484.00 | 34.00 |
| 117 | Prime Commercial Bank Ltd. | 13084.00 | 306.00 | 302.00 | 305.00 | 2.00 |
| 118 | Prime Life Insurance Company Limited | 240.00 | 1763.00 | 1760.00 | 1761.00 | -8.00 |
| 119 | ProgressiveFinance Limited | 320.00 | 220.00 | 216.00 | 216.00 | 2.00 |
| 120 | Prudential Insurance Co. Ltd. | 830.00 | 826.00 | 805.00 | 825.00 | 15.00 |
| 121 | Purnima Bikas Bank Ltd. | 100.00 | 225.00 | 225.00 | 225.00 | 4.00 |
| 122 | Rastriya Beema Company Limited | 236.00 | 13850.00 | 13700.00 | 13850.00 | 130.00 |
| 123 | Rastriya Beema Co. Limited Pro. Share | 251.00 | 13100.00 | 12950.00 | 12951.00 | 21.00 |
| 124 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 206.00 | 1549.00 | 1519.00 | 1549.00 | -1.00 |
| 125 | Reliance Finance Ltd. | 3415.00 | 153.00 | 140.00 | 146.00 | 2.00 |
| 126 | Ridi Hydropower Dev. Company Ltd. | 865.00 | 150.00 | 147.00 | 150.00 | 0.00 |
| 127 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 176.00 | 1185.00 | 1180.00 | 1180.00 | 4.00 |
| 128 | Rural Microfinance Dev. Centre Ltd. | 2352.00 | 670.00 | 660.00 | 660.00 | -1.00 |
| 129 | Sagarmatha Insurance Co. Ltd. | 198.00 | 1404.00 | 1395.00 | 1399.00 | -3.00 |
| 130 | Sahayogi Bikas Bank Limited | 30.00 | 245.00 | 237.00 | 245.00 | 12.00 |
| 131 | Sana Kisan Bikas Bank Ltd | 3026.00 | 1215.00 | 1185.00 | 1200.00 | 0.00 |
| 132 | Sanima Bank Limited | 13945.00 | 345.00 | 340.00 | 343.00 | 3.00 |
| 133 | Sanima Mai Hydropower Ltd. | 25994.00 | 484.00 | 468.00 | 472.00 | -6.00 |
| 134 | Saptakoshi Development Bank Ltd. | 1700.00 | 141.00 | 140.00 | 141.00 | 1.00 |
| 135 | Shangrila Development Bank Ltd. | 2688.00 | 204.00 | 198.00 | 199.00 | -1.00 |
| 136 | Shikhar Insurance Co. Ltd. | 1455.00 | 1225.00 | 1200.00 | 1200.00 | 7.00 |
| 137 | Shine Resunga Development Bank Ltd. | 669.00 | 302.00 | 297.00 | 302.00 | 7.00 |
| 138 | Shree Investment Finance Co. Ltd. | 1054.00 | 390.00 | 374.00 | 378.00 | -19.00 |
| 139 | Shrijana Finance (Bittaya Sanstha) | 540.00 | 335.00 | 330.00 | 332.00 | 0.00 |
| 140 | Siddhartha Bank Limited | 10708.00 | 380.00 | 367.00 | 375.00 | 9.00 |
| 141 | Siddhartha Insurance Ltd. | 1292.00 | 1060.00 | 1040.00 | 1060.00 | 9.00 |
| 142 | Sindhu Bikash Bank Ltd | 580.00 | 168.00 | 164.00 | 167.00 | 2.00 |

Total Amount Rs. 464,639,820 Total Quantity 855,139 Total No of Transactions 4,454

२०७४, पुस
मंगलबार
२५




अपांगता भएका व्यक्तिको योग्यता र क्षमता अनुसार 'एटीएम', 'एसएमएस बैंकिङ', 'मोबाइल बैंकिङ' जस्ता आधारभूत बैंकिङ सुविधा उपलब्ध गराउँदा बैंकहरुलाई व्यवहारिक कठिनाई पर्दैन, उहाँले भन्नुभयो-'यस्तो सुविधा काठमाडौं जस्ता शहरी क्षेत्रमा तत्काल प्रयोगमा ल्याउन सकिन्छ।'

# फरक क्षमताका व्यक्ति बैंकिङ सुविधाबाट वञ्चित

टीका बन्धन, काठमाडौं

अधिकांश बैंक र वित्तीय संस्थाले 'बैंक फर अल' अर्थात् 'सबैका लागि बैंक'को आकर्षक नारा अघि सारिरहेका छन्। तर, यस्तो नारा अशक्त र फरक क्षमता भएका व्यक्तिको विषयमा भने मेल खाँदैन।

शारिरीकरूपमा असक्त र अपांगता भएका व्यक्तिले चाहेर पनि बैंकिङ सुविधा लिन पाएका छैनन्, नेपाल राष्ट्र बैंकले ३ वर्षअघि नै 'क', 'ख' र 'ग' वर्गका बैंक र वित्तीय संस्थालाई यस्तो सुविधा उपलब्ध गराउन सर्कुलर जारी गरेको थियो। तर, राष्ट्र बैंकको परिपत्र कार्यान्वयन नहुँदा बैंकहरूले आधारभूत बैंकिङ सुविधासमेत प्रदान नगरेको सरोकारवालाहरूको गुनासो छ।



फरक क्षमता भएकाहरूको समस्या सम्बोधन गर्न राष्ट्र बैंक सकारात्मक बनेर बैंकहरूलाई परिपत्र गरे पनि कुनै किसिमको कारबाही अघि नबढेको राष्ट्रिय अपांग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले बताउनुभयो। 'महासंघसहितका संघसंस्थाले पटक-पटक ध्यानकर्षण गराएपछि राष्ट्र बैंक सकारात्मक बन्यो। तर, बैंकहरू विभिन्न किसिमका व्यवहारिक कारण देखाउँदै पन्छिने गरेका छन्, अपांगता भएका अधिकांश व्यक्तिले बैंकिङ सुविधा लिन पाएका छैनन्,' उहाँले भन्नुभयो।

राष्ट्रिय जनगणना २०६८ अनुसार मुलुकको कुल जनसंख्याको १ दशमलव ९४ अर्थात् करिब ५ लाख व्यक्तिलाई सरकारले अपांगता भएकाको सूचीमा सूचीकृत गरेको छ। विभिन्न किसिमका प्राविधिक त्रुटीका कारण सबै किसिमका अपांगता भएका राष्ट्रिय गणनामा नसमेटिएकाले मुलुकको कुल जनसंख्याको १० देखि १५ प्रतिशत नागरिक कुनै न कुनै किसिमको अपांगताको सूचीमा पर्ने सरोकारवालाहरूको दाबी छ।

विश्व बैंक र विश्व स्वास्थ्य संगठनको विश्वव्यापी अध्ययन प्रतिवेदन अनुसार विश्वको कुल जनसंख्याको १५ प्रतिशत नागरिक कुनै न कुनै किसिमको अपांगतासँग जोडिने गरेका छन्। अपांगता भएका व्यक्तिबारे ती निकायले गरेको अध्ययन प्रतिवेदन सन् २०११ मा सार्वजनिक भएको थियो। सो प्रतिवेदनअनुसार अपांगता भएका व्यक्तिको ठूलो हिस्सा नेपाल जस्ता विकासोन्मुख मुलुकका बासिन्दा छन्।

नेपालका बैंक तथा वित्तीय संस्था व्यवहारिक कठिनाई र सुरक्षालाई मुख्य कारण देखाउँदै अपांगता भएका व्यक्ति बैंकिङ सेवा उपलब्ध गराउन पन्छिने गरेका दृष्टिविहीन युवा विमल पौडेल बताउनुहुन्छ। 'अपांगता भएका व्यक्तिको योग्यता र क्षमता अनुसार 'एटीएम', 'एसएमएस बैंकिङ', 'मोबाइल बैंकिङ' जस्ता आधारभूत बैंकिङ सुविधा उपलब्ध गराउँदा बैंकहरूलाई व्यवहारिक कठिनाई पर्दैन, उहाँले भन्नुभयो-'यस्तो सुविधा काठमाडौं जस्ता शहरी क्षेत्रमा तत्काल प्रयोगमा ल्याउन सकिन्छ।' शहरी क्षेत्रमा बैंकले सीसी क्यामेरासहितको अन्य विविध सुरक्षा अनिवार्य गरेकाले यस्तो विषयमा बैंक सुरक्षाको कारण देखाउँदै पन्छिन नमिल्ने उहाँको तर्क छ।

पौडेलको जस्तै अनुभव छ हिवलचियर प्रयोगकर्ता अर्का युवा सागर प्रसाईको। कम्प्युटर र मोबाइल सेवा अन्य सबल व्यक्ति सो सरह चलाउने सक्ने दृष्टिविहीन र अपांगता भएका व्यक्तिको संख्या हरेक वर्ष बढ्दो क्रममा रहेकाले बैंकहरूले फरक व्यवहार गर्न नहुनेमा उहाँ जोड दिनुहुन्छ। 'बीमा कम्पनीहरू हामीहरू जस्ता व्यक्तिको बीमा गर्न हिचकिचाउँछन्, बैंकिङ सुविधा पनि त्यस्तै छ, हिवल चियर प्रयोगकर्ताका लागि बैंकको सुविधा झनै अव्यवहारिक छ,' प्रसाईले भन्नुभयो।

नेपाल बैंकर एसोसिएसनका निवर्तमान अध्यक्ष अनिल केशरी शाह सुरक्षाकै कारण दृष्टिविहीन र शारिरिक रूपमा अशक्तका लागि बैंकिङ पहुँच सरल बन्न नसकेको बताउनुहुन्छ। 'मुख्य कुरा सुरक्षाको हो, दृष्टिविहीन र शारिरीक अशक्त व्यक्तिलाई दिइने चेक र एटीएम दुरूपयोग नहोस् भन्ने धेरै बैंकको बुझाइ हो,' उहाँले भन्नुभयो-'यस्तो कुरालाई व्यवहारिक बनाउन सबै बैंकको सामूहिक पहल जरुरी हुन्छ।' शारिरीक रूपमा अशक्तहरूलाई प्रदान गरिने सेवा सुविधामा राज्यका संयन्त्र निकैपछि परेकाले त्यस्तो विषय पनि बहसका रूपमा अघि ल्याउनुपर्ने शाहले जोड दिनुभयो।

यो विषयलाई व्यवहारिक बनाउन अपांग महासंघको पहलमा राष्ट्र बैंक, बैंकर्स एसोसिएसन र विभिन्न बैंकका प्रतिनिधि सहभागी छलफल र अन्तर्क्रिया पटक-पटक भएको महासंघका पदाधिकारी बताउँछन्। 'छलफल सकारात्मक बन्छ, बैंक र वित्तीय संस्थाका प्रतिनिधि हामीले ध्यानाकर्षण गराएका विषयमा सकारात्मक हुनुहुन्छ। तर, सुरक्षा र अन्य व्यवहारिक कुरालाई जोड्दै उहाँहरू पन्छिने गर्नुहुन्छ'-महासंघका एक पदाधिकारीले भने।

नेपाल राष्ट्र बैंकका सहायक प्रवक्ता राजेन्द्र पण्डितले कुनै एक काउन्टरलाई अपांगमैत्री बनाउन र समयसापेक्ष सेवा विस्तार गर्न बैंकहरूलाई सुझाव दिइएको हो। तर, गर्नैपर्छ भनेर बाध्यकारी नियम भने लागू नगरिएको बताउनुभयो। उहाँले भन्नुभयो-'बैंकहरू आफैंले सामाजिक उत्तरदायित्वअन्तर्गत पनि यो सुविधा दिन सक्छन्, नियम नै बनाउनुपर्छ भन्ने छैन।'

## PRESS RELEASE

### बर्जरको वेदरकोट एन्टी डस्ट पेन्ट बजारमा

काठमाडौं, (नेस)

रङ उत्पादक कम्पनी बर्जरले नेपालमा वेदरकोट एन्टी डस्ट पेन्टको उत्पादन एवम् बिक्री शुरू गरेको छ।




निर्माण कार्य, सवारी साधनलगायतको प्रदूषण घरको भित्तामा टाँसिएर भित्तालाई पुरानो र फोहोर बनाउँदै आएको छ, यसरी जमेर बसेका धुलोले रङ र बाहिरी भित्ताको आयु घटाउँछ। बर्जर पेन्ट्स नेपालले पहिलोपटक डस्ट गार्डटेक्नोलोजीसहितको एन्टी डस्ट पेन्ट बजारमा आएको छ। वेदरकोट एन्टी डस्ट पेन्टले भित्तामा धुलो टिक्न दिँदैन र धुलोबाट छुट्कारा दिलाउँछ जस्ले गर्दा घर हरेक दिन नयाँ र चम्किलो देखिने कम्पनीको दाबी छ।

### सिटिजन्सको मोबाइल बैंकिङ सेवा स्तरोन्ति

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनलले मोबाइल बैंकिङ सेवा स्तरोन्ती गरेको छ। नयाँ प्रविधिमा आधारित मोबाइल बैंकिङ सेवा सिटिजन्स स्मार्ट बैंकिङ शुरूआत गरेको छ।

नयाँ प्रविधिको मोबाइल बैंकिङ सेवाबाट कारोबार गर्दा अझ सुरक्षित हुनुका साथै विश्वको जुनसुकै कुनाबाट जीपीआरएस अथवा वाईफाई प्रयोग गरेर समेत कारोबार गर्न सकिने छ। यस मोबाइल बैंकिङ सेवाको प्रयोग गरेर रिर्चाज कार्ड किन्न, बिजुली, टेलिफोन, एडिएसल आदिको रकम भुक्तानी गर्न बैंकभित्रको खाताबाट यसै बैंकको अर्को खातामा अथावा कुनै अर्को बैंकको खातामा ९४० वटा विभिन्न बैंक, विकास बैंक तथा वित्त कम्पनीमा रकम ट्रान्सफर गर्न, स्कुल, कलेजआदिको शुल्क तिर्न साथै क्रेडिट कार्डको रकम भुक्तान गर्न समेत सकिने बैंकले जनाएको छ।

### सिभिल बैंकको विराटचोकमा नयाँ शाखा

काठमाडौं, (नेस)



सिभिल बैंकले मोरङको विराटचोकमा शाखा सञ्चालनमा ल्याएको छ। बैंकको मर्जरबाट प्राप्त भएको शाखासहित इटहरीमा भएको दुई शाखामध्येको एक शाखालाई स्थानान्तरण गरी विराटचोकमा सञ्चालनमा ल्याएको हो।

उक्त शाखाको उद्घाटन सिभिल बैंकका सञ्चालक प्राडा रमेश दाहालले गर्नुभएको थियो। शाखा उद्घाटनमा बैंकका प्रमुख कार्यकारी अधिकृतलगायतको उपस्थिति थियो। सिभिल बैंकले सामाजिक उत्तरदायित्वको वहनसँगै ग्राहक तथा अन्य सरोकारवालाको हितलाई ध्यानमा राखी सेवा सुविधालाई परिस्कृत गर्दै लैजाने र पहुँचलाई विस्तार गर्दै व्यवसाय अभिवृद्धि गर्दै जाने बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङले बताउनुभयो।

बैंकले चालू आर्थिक वर्षको प्रथम चौमासमा ११ करोड ३३ लाख ( खुद नाफा कमाउन सफल भएको छ। बैंकले शेयरधनीलाई ४० प्रतिशत हकप्रद शेयरको निस्कासन गरिसकेको छ। हकप्रद शेयर वितरणपश्चात बैंकको पुँजीकोषमा रहेको रकम र गत आवको नाफाबाट बैंकको चुक्ता पुँजी ८ अर्ब रुपियाँ पुऱ्याउने योजना रहेको छ।

## ऐन बनेको १९ वर्षपछि पशु वधशालाका लागि समिति

हेटौंडा, (नेस)

हेटौंडामा व्यवस्थित पशु वधशाला निर्माणका लागि काम शुरू गर्न लागिएको छ। यहाँका उपभोक्तालाई स्वस्थ्यकर मासु उपलब्ध गराउन हेटौंडा उपमहानगरपालिकाले पशु वधशाला निर्माणका लागि बल्ल काम शुरू गरेको हो।

उपमहानगरपालिकाले स्वच्छ मासु र पशु वधशाला सञ्चालनसम्बन्धी हेटौंडामा अन्तर्क्रिया गर्दै यसलाई छिट्टै कार्यान्वयन तहमा लैजाने गरी काम शुरू गर्न लागेको हो। हेटौंडामा उपभोक्तालाई स्वच्छ मासु उपलब्ध गराउन पशु वधशाला निर्माण गर्ने गरी काम शुरू गर्न लागिएको हेटौंडा उपमहानगर मेयर हरिबहादुर महतले बताउनुभयो।

मेयर महतले २०५५ मा देशमा पहिलोपटक हेटौंडामा लागू भएको ऐनअनुसार स्वस्थ्य मासु बिक्री वितरण थालनी गर्ने प्रतिबद्धता जनाउनुभयो। १९ वर्षअघि नै हेटौंडामा मासु पसल तथा वधस्थल सुधारका लागि प्रयास गरिएको थियो। तर, उक्त प्रयास पटकपटक असफल हुँदै आएको छ। वधस्थलका लागि उपयुक्त स्थान हुनुपर्ने र त्यसलाई स्थापित गरी सञ्चालन गर्न सके मासु स्वस्थ्यकर बिक्री हुने महतको भनाइ छ।

हाल हेटौंडाका मासु पसलमा अव्यवस्थित ढंगले कुखुरा, खसी, बोका, राँगा, काटिने गरेको छ। तर, केही समयपछि व्यवस्थितढंगले पशु वध गरेर स्वस्थ्यकर मासु उपलब्ध गराउने काम शुरू गर्न लागिएको मेयर महतले बताउनुभयो। व्यवस्थित पशु वधशाला निर्माणका लागि जग्गा र उपयुक्त स्थान खोजीका लागि उपमेयर मीना लामाको अध्यक्षतामा समिति गठन गरिएको छ।

समितिका सदस्यहरूमा हेटौंडा-२ अध्यक्ष हरि राउत, हेटौंडा-१० अध्यक्ष किताबसिंह लामा, मकवानपुर उद्योग वाणिज्य संघका प्रतिनिधि, माछामासु व्यवसायी संघका प्रतिनिधि, उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधि छन्।

## पाँचौंपटक विमान सेवा पुनः शुरू

दाङ, (नेस)

दाङको विमान सेवा आइतबारदेखि पुनः सञ्चालनमा आएको छ।

वि.सं. २०११ सालमा सञ्चालनमा आएको विमान सेवा २०४५ सालसम्म नियमित चले पनि त्यसयता कहिले बन्द हुने र कहिले सञ्चालनमा आउने गरेको थियो।

१५ वर्षपछि २०६० सालमा पुनः सुचारु भएर २०६२ सालमा उडान बन्द भएको थियो। लगत्तै फेरि बन्द भएको विमान सेवा २०६८ सालदेखि फेरि सञ्चालनमा आएको थियो। त्यसपछि बन्द भएर फेरि २०७२ सालमा पुनः सुचारु भइ नौ महिना चलेर बन्द भएको विमानसेवा आइतबारदेखि पाँचौपटक सञ्चालनमा आएको छ।

समिट एयरको विमानले उडान भर्न शुरू गरेको छ। हरेक आइतबार र बुधबार नियमित उडान हुने तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले जानकारी दिनुभयो। आफूले चुनाव जितेको एक महिनाभित्र विमान सञ्चालन गर्ने प्रतिबद्धता जनाएको भए पनि केही ढिला पूरा भएको उहाँले बताउनुभयो।

उपप्रधानमन्त्री कृष्णबहादुर महराको सहयोगमा विमान सेवा सञ्चालन गर्न सफल भएको उहाँले बताउनुभयो। पञ्चैवाजासहित ठूलो संख्यामा सहभागी दाङबासीले विमान सञ्चालनको स्वागत गरेका थिए।

Panchakanya
STEEL
Fe 500D

अधिकतम् खुद्रा बिक्री मूल्य

लागु हुने मिति: २०७४ पुस २५ गते मंगलवार (9th January, 2018) देखि (मूल्य रू. प्रति कि.ग्रा.)

| स्थान / साइज (एम.एम.) ओ.डी. | TMT Steel Bar | | | Wires | |
|---|---|---|---|---|---|
| | ८/२८/३२ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | ईको वार ४.७५/७ एम.एम. | ढलान तार |
| काठमाडौं/ललितपुर/भक्तपुर/बनेपा/पनौती | ८३.५० | ८१.०० | ८२.०० | ८७.०० | ९५.०० |
| पोखरा/लेखनाथ न.पा. (शिसुवा) | ८३.२० | ८०.७० | ८१.७० | ८६.७५ | ९४.७० |
| भैरहवा | ८२.२० | ७९.७० | ८०.७० | ८६.४० | ९३.३५ |
| नेपालगञ्ज | ८३.२० | ८०.७० | ८१.७० | ८६.७५ | ९४.७० |
| धनगढी/महेन्द्रनगर | ८३.५५ | ८१.०५ | ८०.०५ | ८६.७५ | ९४.७० |

नोट: • कम्पनीको डिपोद्वारा बिक्री गरिने उपरोक्त मूल्यमा अन्त: शुल्क रू.१ प्रति कि.ग्रा. र मूल्य अभिवृद्धि कर १३% समावेश गरिएको छैन।

| | | | | | |
|---|---|---|---|---|---|
| काठमाडौं/ललितपुर/भक्तपुर/बनेपा/पनौती | ८४.५० | ८२.०० | ८३.०० | ८८.०० | ९६.०० |
| पोखरा/लेखनाथ न.पा. (शिसुवा) | ८४.२० | ८१.७० | ८२.७० | ८७.७५ | ९५.७० |
| नेपालगञ्ज | ८४.२० | ८१.७० | ८२.७० | ८७.७५ | ९५.७० |
| बिर्तामोड | ८४.६० | ८२.१० | ८३.१० | ८७.८० | ९५.७५ |
| धरान/विराटनगर/राजबिराज/उदयपुर/बागलुङ्ग | ८४.४० | ८१.९० | ८२.९० | ८७.६० | ९५.५५ |
| दमक/भद्रपुर/धुलावारी/काँकडभिट्टा/त्रिशुली | ८४.६० | ८२.१० | ८३.१० | ८७.८० | ९५.७५ |
| जनकपुर/जलेश्वर/इटहरी/लहान/दुहबी/मिर्चैया/गौशाला/ महेन्द्रनगर (धनुषा)/गौर/बर्दिवास/कञ्चनपुर | ८४.२० | ८१.७० | ८२.७० | ८७.४० | ९५.३५ |
| नारायणगढ/भरतपुर/कावासोती/पाल्पा | ८३.७० | ८१.२० | ८२.२० | ८६.९० | ९४.८५ |
| पर्सा/टाँडी/घोराही | ८३.८० | ८१.३० | ८२.३० | ८७.०० | ९४.९५ |
| वीरगञ्ज/हेटौडा/गोरखा/तुल्सीपुर/मलेखु | ८३.८५ | ८१.३५ | ८२.३५ | ८७.०५ | ९५.०० |
| बुटवल/भैरहवा/सुनवल | ८३.२० | ८०.७० | ८१.७० | ८७.४० | ९४.३५ |
| दमौली/अर्घाखाँची | ८४.२० | ८१.७० | ८२.७० | ८७.४० | ९५.३५ |
| धनगढी/महेन्द्रनगर | ८४.५५ | ८२.०५ | ८३.०५ | ८७.७५ | ९५.७० |

नोट: • डिलरद्वारा बिक्री गरिने उपरोक्त मूल्यमा मूल्य अभिवृद्धि कर १३% समावेश गरिएको छैन।
• उपरोक्त मूल्यमा कम्पनीले कुनै पनि समय परिवर्तन गर्न सक्नेछ।

*सर्तहरू लागु हुने छ।

पञ्चकन्या स्टील प्रा. लि.

केन्द्रीय कार्यालय: पञ्चकन्या भवन, कृष्णगल्ली, ललितपुर
पो.ब.नं.: २७४३, काठमाडौं, नेपाल
फोन नं.: ५५२६५५१ फ्याक्स नं.: ५५२६५२८

कारखाना: कोटिहवा, भैरहवा फोन नं.: ०७१-५६०५७१
फ्याक्स नं.: ०७१-५६०५७४ Email: info.steel@panchakanya.com
टोल फ्री नं. १६६०-०१-७०००७

अधिकृत विक्रेता र विक्री डिपोहरू:
• कलंकी-४०३४६३४ • सीतापाइला-४२७२३५५ • वनस्थली-९८५१०४८४४६ • गोंगबु-४३९०३७२ • टोखा-५१५९१९१ • हात्तीगौंडा-९८५१०२७६०२ • मित्रपार्क-४४७०७१३ • जोरपाटी, नयाँबस्ती-९८५१०२७१०४ • तीनकुने-५१९९०६५ • कोटेश्वर-५१९९१७१ • सिनामंगल-५१५६०९४ • पेप्सीकोला-९८५१०८२६०० • कीर्तिपुर -४३३०४९३ • सतुंगल-४३१२२२८ • थान्कोट-९८५१०३५६३३ • इमाडोल-५२०३५१७/५२००६८९ • सिद्धिपुर-५५८११४४ • सातदोवाटो-५५२४८९३ • ठैब-५०१४७४४ • ढोलाहिटी-५५७२८५० • महालक्ष्मीस्थान-५५५०२४० • बागडोल-५५४३०६८ • सानेपा- ५५४३८१५ • सानागाउँ-५५८२३९० • बल्खु-५५२८५७६ • गठ्ठाघर -६६३७६३७ • ठीमी-६६३६८१४ • सल्लाघारी-६६१४७०५ • व्यासी -६६१८३७५ • मुलढोका-६६१४०९१ • सूर्यविनायक-६६१०९४४ • जगाती-६६१७००३ • बनेपा-०११-६६१८२४ • पनौती-०११-४४०२६५ • भरतपुर-५२६१४५, ५२१४८९ • नारायणगढ-५७१४२३ • रौतहट-९८५५०४२५४५ • भण्डारा-५५०१९३ • हेटौडा-५२४७७४ • वीरगंज-५३१९४६ • धनुषा-९८५४०२२४०४, ५२७६१९, ९८४४०९१४९० • मेहन्द्रनगर, महोतरी-९८५४०२८११८, गैशाला-९८४४०१५६४२ • राजबिराज-५२१३५४ • विर्तामोड-५४०२१६ • गोरखा-४२०३९१ • दमौली- ५६००६९ • पोखरा- ५३८९३३, ५२२३६४, ५२०३०९, ५२०३७९, ५६००८८, ५२२८२५, ५२३१३१, ५२८२९२ • बुटवल-५४०८७५, ४३७७९६ • चन्द्रौटा, कपिलवस्तु-५४०१९६ • भैरहवा-५२४५७१, ५२१७७०, ५२०३७८ • दाङ-५६०२८४ • लमही-५४०१६२ • तुनसीपुर-५२०५६४ • अर्घखाँची -४२०१६८ • गुल्मी-५२०१७२ • नेपालगञ्ज-५५१५४३ • घनगढी-५२७३७६, ५२१३९०

सधैं एक कदम अगाडि
ISO 9001:2008 ISO 14001:2004
www.panchakanya.com

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# थ्री स्टारको उत्कृष्ट पुनरागमन

हेमन्त पौडेल, कैलाली

लामो समयको विश्रामपछि फुटबलमा फर्किएको थ्री स्टारको उत्कृष्ट पुनरागमन भएको छ।
'ए' डिभिजन ललितपुरे क्लब धनगढीमा जारी दोस्रो अन्तर्राष्ट्रिय आमन्त्रित नेपाल आइस सुदूरपश्चिम खप्तड गोल्डकपमा विजयी शुरुआत गर्दै पुरानै लयमा फर्किएको हो। सोमबार धनगढी रंगशालामा भएको खेलमा रमपम झापा ११ लाई ३-१ ले हराउँदै टोली क्वार्टरफाइनलमा प्रवेश गरेको छ।

यो सँगै पछिल्लो १४ महिना फुटबलबाट टाढा रहेको थ्री स्टारको पुनरागमन उत्कृष्ट बनेको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)का कारण एएफसी कपको दोस्रो चरणमा खेल्न नपाएपछि थ्री स्टारले क्षतिपूर्ति नपाएसम्म फुटबल नखेल्ने घोषणा गरेको थियो।



यसको कारण थ्री स्टारले १४ महिना कुनै पनि प्रतियोगितामा सहभागिता जनाएको थिएन।

एएफसी कपको क्षतिपूर्तिबापत एन्फाले १ करोड ५० लाख रुपियाँ दिने सहमति भएपछि थ्री स्टार फुटबलमा फर्केको हो। थ्री स्टारले सेप्टेम्बर २०१६ मा भारतको गुवाहाटीमा सम्पन्न ६४औं भारत रत्न बोर्डोलोइ ट्रफी जितेपछि खेल्न पूर्ण विराम लगाएको थियो।

धनगढी रंगशालामा भएको खेलमा थ्री स्टारलाई जित दिलाउन बुद्ध चेम्जोङले दुई तथा मार्टिनले एक गोल गरे। झापाका कर्ण लिम्बुले एक गोल फर्काए। खेलको चारै गोल पहिलो हाफमा भएको थियो। चार गोल ९ मिनेटको अन्तरमा भएको थियो।

विमल घर्तीमगर र अनन्त तामाङलाई क्लबमा भित्र्याएर मैदान उर्त्रिएको थ्री स्टारका लागि तामाङले डिफेन्स लाइन सम्हाल्दा फरवार्ड विमलले भने कुनै गोल गर्न सकेनन्। थ्री स्टारले क्वार्टरफाइनलमा त्रिभुवन आर्मी क्लबसँग खेल्नेछ।

जितपछि प्रतिक्रिया दिँदै थ्री स्टारका प्रशिक्षक मेघराज केसीले १४ महिनापछिको डेब्यु म्याच सोचेअनुसारकै नतिजा आएको र क्लब आफ्नो पुरानै लयमा फर्किएको बताए। 'शुरूमा टिम सेट गर्न गाह्रो भए पनि केही समय खेलेपछि गोल गर्न सफल भयौं', उनले भने- 'पहिलो हाफमा २ गोलको अग्रता भएपछि दोस्रो हाफमा रणनीतिअनुसार खेलाडीहरूले बचेर खेलेका कारण ३-१ को जित निकालेका हौं।'

रमपम झापा ११ का प्रशिक्षक प्रवेश कटुवालले भने राम्रो खेल्दा खेल्दै पनि भएका गल्तीको फाइदा उठाउँदै विपक्षीले गोल गर्दा हार बेहोरेको बताए। 'पहिलो हाफभन्दा दोस्रो हाफमा धेरै गोल गर्ने मौका पायौं तर पनि गोल गर्न सकेनौं', उनले भने- 'जति पोस्ट अटयाक गर्नुपर्ने हो त्यति हुन सकेन।'

## दक्षिण अफ्रिकाद्वारा भारत पराजित

केप टाउन, (एजेन्सी)

केपटाउनमा भएको भारतविरुद्धको पहिलो टेस्ट घरेलु टोली दक्षिण अफ्रिकाले ७२ रनले जितेको छ।

सोमबार चौथो दिन २ सय ८ रनको लक्ष्य दिएको दक्षिण अफ्रिकाले भारतलाई १ सय ३५ रनमा समेटेको थियो। टोलीलाई जित दिलाउन भर्नान फिलान्डरले ४२ रन खर्चेर ६ विकेट लिएका थिए।

त्यस्तै राबाडा र मोर्ने मोर्कलले दुई/दुई विकेट हात पारेका थिए। यसअघि भारतले दक्षिण अफ्रिकाको दोस्रो इनिङ १ सय ३० रनमा सीमित बनाएको थियो। पहिलो इनिङमा भारत ७७ रनले पछि परेको थियो।

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.

HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np

## दीपक सेमिफाइनलमा

कविरस शर्मा, बिर्तामोड

राखेप च्याम्पियनसिपअन्तर्गत २७औं पुरुष तथा आठौं महिला राष्ट्रिय बक्सिङ प्रतियोगितामा नेपाल आर्मीका दीपक श्रेष्ठ सेमिफाइनलमा प्रवेश गरेका छन्। प्रतियोगिताको तेस्रो दिन सोमबार दीपकले पुरुष ६४ केजी तौल समूहको क्वार्टरफाइनलमा कास्कीका सविन गुरुङलाई पराजित गर्दै अन्तिम चारमा स्थान पक्का गरेका हुन्। यस्तै ६९ केजी तौल समूहको क्वार्टरफाइनलमा आर्मीका विष्णु घले सन्देश लिम्बूलाई हराउँदै अन्तिम चारमा पुगे।

अन्य खेलमा सफलता हात पार्दै ४९ केजी तौल समूहमा एपीएफका लक्ष्मण तामाङ, सुनसरीका सुलभराज तण्डुकार, नेपाल प्रहरीका चन्द्रबहादुर थापा र टीएसीका तेजबहादुर देउवा अन्तिम चारमा प्रवेश गरे।

त्यस्तै पुरुष ५२ केजी तौल समूहमा आर्मीका प्रेम चौधरी, बक्सिङ ट्रेनिङ फिटनेसका मिनम्यार ग्याल्जेन शेर्पा, सुर्खेतका विकास मानन्धर र एपीएफका विक्रम परियार पनि अन्तिम चारमा प्रवेश गरेका छन्। पुरुष ५६ केजीमा एपीएफका पुरन राई, कास्कीका दिनेश बानिया, भक्तपुरका प्रकाशकुमार विष्ट र आर्मीका विमल रोका सेमिफाइनलमा प्रवेश गरेका छन्। पुरुष ६० केजी तौल समूहमा झापाका प्रकाश लिम्बु इजम, बक्सिङ ट्रेनिङ फिटनेस सेन्टरका अभिषेक शाही ठकुरी, नेपाल प्रहरीका दिनेश श्रेष्ठ र आर्मीका एकबहादुर घलेले अन्तिम चारको यात्रा तय गरे।

## मल्पी कप सम्पन्न

काठमाडौं, (नेस)

आइडियलले प्रथम मल्पी कप अन्तरकलेज छात्र फुटबल प्रतियोगिताको उपाधि सोमबार जितेको छ। मल्पी इन्स्टिच्युटद्वारा आयोजित प्रतियोगिताको फाइनलमा आइडियलले गीताञ्जलीलाई टाइब्रेकरमा ४-३ गोलले पराजित गर्‍यो। आइडियलका गौरव श्रेष्ठ, सागर स्याङतान, अमित लामा र सागर थापाले पेनाल्टी अवसरलाई सदुपयोग गरे। उपाधिसँगै आइडियलले १ लाख नगद पुरस्कार र उपविजेता बनेको गीताञ्जलीले ५० हजार नगद पुरस्कार प्राप्त गरे।

## सेभेन 'ए' साइड फेवामा हुने

पोखरा, (नेस)

यही पुस २९ गतेदेखि हुने १२औं दक्षिण एशियाली सेभेन 'ए' साइड फुटबल प्रतियोगितामा नेपालसहित सागका ६ राष्ट्रले सहभागिता जनाउने भएका छन्। सेभेन 'ए' साइड फुटबल फेडेरेसनको आयोजनामा हुने प्रतियोगितामा नेपाल, भारत, बंगलादेश, पाकिस्तान, भुटान, माल्दिभ्स र श्रीलंका सहभागिता हुनेछन्। यद्यपि श्रीलंकाको आउने तय भए पनि स्थानीय चुनावको कारण आउन सक्ने सम्भावना न्यून रहेको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

प्रभु बैंकको प्रायोजनामा आयोजित प्रतियोगिताका लागि १९ लाख ५० हजार खर्च हुने अनुमान गरिएको छ। एक लाख बचत गर्दै सेभेन 'ए' साइड फुटबलको विकासमा खर्च गर्ने फेडेरेसनले जनाएको छ। प्रतियोगितामा विजेता टोलीले २ हजार अमेरिकी डलर र उपविजेताले १ हजार अमेरिकी डलर पुरस्कार पाउने छ। नेपालले सातौं संस्करणको उपाधि जितेको थियो।

## धरहरा

### अनशनको परिभाषा कस्तो ?

'अनशन' अर्थात् विरोध। यो शब्दको व्यावहारिक पक्ष गहन मानिने गरिए पनि पछिल्लो समयमा नेपालमा भने ज्यादै सस्तो भएको छ। जसलाई जुन बेला मन लाग्यो त्यही बेला अनशन बस्ने, अनशनका लागि ठूलो बहाना नै नचाहिने भएपछि अर्थको ओज किन गहन हुन्थ्यो र?

अनशनको ओज घटाएर सस्तो लोकप्रियताको कीर्तिमान राख्ने होडमा छन् केसी थरका एक डाक्टर। मुलुकको स्वास्थ्य शिक्षामा देखिएको बेथिति सुधारका लागि अनशन शुरू गर्दा उनको पक्षमा जुन किसिमको सान्त्वना र जनलहर थियो त्यो पछिल्लो समयमा खस्किएको धरहराले देख्दै आएको छ। पछिल्लो समयमा केसी अनशन बस्ने मूल मुद्दा स्वास्थ्यभन्दा राजनीतिक र अन्य विषयतर्फ मोडिन थालेको छ। उनको यस्तै र अनेकौं लहडीपनले अनशनको परिभाषा नै बदल्नुपर्ने अवस्था आएको छ।

आफू अनशन बस्दा टिचिङ अस्पतालमा भएको अवरोधका कारण कति सर्वसाधारण स्वास्थ्य



सेवाबाट वञ्चित रहे भन्ने उनलाई मतलब भएन। अदालतको निर्णय होस् या अख्तियारको काम कारबाही उनलाई चित्त बुझेन भने शुरू गरिहाल्छन् अनशन। बेला मौकामा त केसी आफूलाई कानुनभन्दा माथि नै सम्झन्छन्।

आइतबार सर्वोच्च अदालतले सुनाएको एक फैसलाको निर्णयको विरोध गर्दै खुलेआमरूपमा उनी उत्रिएका छन्। न्यायाधीशलाई नै भ्रष्ट भन्दै विरोधमा उत्रिएपछि उनी कुन ग्रहका रहेछन् भनेर अहिले धेरैले चासो लिएका छन्। उनलाई नजिकबाट चिन्नेहरूबाट धरहराले सुझावको अपेक्षा गरेको छ।

### नेपाल सरकार
### अर्थ मन्त्रालय
### आन्तरिक राजस्व विभागको

**आर्थिक वर्ष २०७४/०७५ को अनुमानित करको विवरण तथा आयकरको पहिलो किस्ता बापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

आर्थिक वर्ष २०७४/०७५ मा आयकर ऐन, २०५८ (सं.स.) को दफा ९४ को उपदफा (१) बमोजिम आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करदाताहरुले दफा ९५ बमोजिम आर्थिक वर्ष २०७४/०७५ को कारोवारको अनुमानित करको विवरण र सो विवरण अनुसार तिर्नुपर्ने आयकरको प्रथम किस्ता वापतको ४० प्रतिशतले हुने रकम यही २०७४ पौष मसान्तभित्रै ठूला करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी ऐन अनुसार लाग्ने शुल्क तथा व्याजबाट बचौं।

साधनाको नयाँ अंकका विशेष आकर्षणहरु




सर्वत्र बजारमा उपलब्ध

**होसियार ! एलर्जीले दीर्घरोगी बनाउला**

एलर्जीको उपचार समयमै नगरे जीवनभर पछुताउनुपर्छ । समयमै उपचार गरेको खण्डमा अब कुनै पनि बिरामीले एलर्जी भयो भनेर आत्तिनुपर्दैन । खोप र औषधिका माध्यमबाट यसको उपचार नेपालमै शुरू भैसकेको छ । उपयोगी रिपोर्ट ।

**नसा च्यापिंदाको पीडा : उपचार के छ त ?**

नसा च्याँपिदा नसाको काम अवरूद्ध हुन पुग्छ । त्यसैले कम्मर दुख्ने, च्यापिएको नसा गएको हात-खुट्टातिर दुख्ने, हातखुट्टा निदाउने, झमझमाउने, लाटो हुने, बिस्तारै हातखुट्टा तथा ढाड चलाउन नसक्ने, ढाडमा अधिक पीडा हुनेजस्ता समस्या आइपर्छ । आखिर के छ त उपचार ? पढ्नै पर्ने लेख ।

**होल बडी चेकअप : कहाँ कति ?**

होल बडी चेक गरेपछि त्यसको रिपोर्टले सामान्यतया सम्भावित रोग र रोग लाग्न नदिने उपायहरूका बारेमा समेत पूर्वजानकारी गराउँछ । होल बडी चेक अप गर्दा के-के चेक गरिन्छ र यसबापत कुन अस्पतालले कति रूपियाँ लिन्छन् ? सन्देशमूलक रिपोर्टिङ ।

**कुपोषण हटाउने सरकारी प्रयास : स्थानीय खानेकुरामा बेवास्ता**

स्वास्थ्य मन्त्रालय गर्भवतीलाई क्याल्सियम र प्रोटिन खानुपर्छ भनेर महँगो औषधि बाँडदै हिंड्छ, साथै केवल बालभिटा बाँडेर बालबालिकाको कुपोषण कम गर्न चाहन्छ । यस्ता क्याल्सियम र बालभिटाका प्याकेट होइन, वरिपरिको स्थानीय खाना खान समुदायलाई सिकाउनुपर्नेमा जोडदार कुरा उठाइएको पोषणविद् डा. अरूणा उप्रेतीको लेख ।

**पेट घटाउन योगाभ्यास**

पेट बढ्नु स्वास्थ्य र सौन्दर्य दुवैका दृष्टिकोणले राम्रो मानिदैन । खानपानमा सावधानी अपनाएर योगाभ्यास गर्ने गरेमा बढेको पेट घटाउन सकिन्छ । पेट बढेकाहरूका लागि योग चिकित्सक डा. क्षितिज बराकोटीको उपयोगी लेख ।

**स्मार्ट देखिन हेयर कट गर्नेको लर्को**

सौन्दर्यको कुरा गर्नुपर्दा अनुहार मात्र सबै थोक होइन । सुन्दर कपाल अनि उसको हेयर कट तथा स्टाइलले पनि मानिसको व्यक्तित्व अझ खुलेको देखिन्छ । त्यसैले स्मार्ट देखिन ब्युटिपार्लरमा हेयर कट गर्नेको लर्को लाग्ने गरेको छ । अनुभवी ब्युटिसियनको लेख ।

**रोग र दु:ख मुक्तिका लागि बुद्ध मेडिसिन**

सुख र शान्ति प्राप्त गर्नका लागि अनुशासनहीन मनलाई नियन्त्रण गर्ने विज्ञान नै बुद्ध-मनोविज्ञान हो । यस विज्ञानको अनुशरण गर्ने हो भने मानिस सुखी र निरोगी हुन धेरै मद्दत मिल्छ । एक मनोविद्को सन्देशमूलक लेख ।

**के डाइटरी सप्लिमेन्ट लिन जरूरी छ ?**

डाइटरी सप्लिमेन्ट न खाद्यपदार्थ हो, न त औषधि नै हो ? यो एउटा उत्पादन हो, जसमा खाद्यपदार्थमा पाइने तत्व रहेको हुन्छ । के यो तत्व पाइने ट्याब्लेट खानु जरूरी छ त ? पोषण विज्ञ डा. जया प्रधानको स्वास्थ्योपयोगी लेख ।

- गर्भमा बच्चा उल्टो बसेमा ज्यानकै खतरा
- नाइटिङ्गेलको जीवनीले नर्सिङ अध्यापिका बनायो
- मधुमेहले आँखामा असर पुर्‍यायो कि ?
- स्खलनपछिको शारीरिक सम्पर्क
- बढी खान नहुने ७ पदार्थ

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस्, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ